# आवास विषयगत क्षेत्रको आकस्मिक योजना

## बागमती प्रदेश

## २०७९

प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

# आवास विषयगत क्षेत्रको आकस्मिक योजना

## बागमती प्रदेश
## २०७९

प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

## संयोजनकर्ताः

प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

## प्राविधिक सहयोगः

NHSRP National Housing and Settlements Resilience Platform
NSET Disaster Resilient Communities in Nepal

## दातृ सहयोगः

USAID FROM THE AMERICAN PEOPLE
UKaid
CRS
Global Shelter Cluster ShelterCluster.org Coordinating Humanitarian Shelter
IFRC

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| **CP** | Contingency Plan<br>आकस्मिक योजना |
| **CCCM** | Camp Coordination and Camp Management<br>शिविर समन्वय तथा शिविर व्यवस्थापन |
| **CCG** | Cash Coordination Group<br>नगद समन्वय समूह |
| **CERF** | Central Emergency Response Fund<br>केन्द्रीय आपतकालिन प्रतिकार्य कोष |
| **CWC** | Cash Working Committee<br>नगद कार्यसमूह |
| **DDMC** | District Disaster Management Committee<br>जिल्ला विपद् व्यवस्थापन समिति |
| **DREF** | Disaster Response Emergency Fund<br>विपद् प्रतिकार्य आपतकालीन कोष |
| **DDMF** | District Disaster Management Fund<br>जिल्ला विपद् व्यवस्थापन कोष |
| **DRRMA** | Disaster Risk Reduction and Management Act<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन |
| **DUDBC** | Department of Urban Development and Building Construction<br>सहरी विकास तथा भवन निर्माण विभाग |
| **EOC** | Emergency Operation Center<br>आपतकालिन कार्य सञ्चालन केन्द्र |
| **ESC** | Emergency Shelter Cluster<br>आपतकालिन आवास समूह |
| **GoN** | Government of Nepal<br>नेपाल सरकार |
| **GSC** | Global Shelter Cluster<br>विश्व आवास विषयगत क्षेत्र |
| **HLP** | Housing, Land and Property<br>आवास, जमिन र सम्पत्ति |
| **HRRP** | Housing Reconstruction and Recovery Plateform<br>आवास पुर्ननिर्माण तथा पुर्नलाभ मञ्च |
| **IASC** | Inter-Agency Standing Committee<br>अन्तर्निकाय स्थायी समिति |
| **IFRC** | International Federation of Red Cross and Red Crescent Societies<br>रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घ |
| **INGO** | International Non-governmental Organizations<br>अन्तर्राष्ट्रिय गैर-सरकारी सङ्गठनहरू |
| **IOE** | Institute of Engineering<br>इन्जिनियरिङ अध्ययन संस्थान |
| **HCT** | Humanitarian Country Team<br>राष्ट्रिय मानवीय टोली |

| | |
|---|---|
| **LC** | Logistic Cluster<br>प्रबन्धगत समूह |
| **LDMC** | Local Disaster Management Committee<br>स्थानीय विपद् व्यवस्थापन समिति |
| **LEOC** | Local Emergency Operations Centre<br>स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र |
| **MoHA** | Ministry of Home Affairs<br>गृह मन्त्रालय |
| **MoFAGA** | Ministry of Federal Affairs and General Administration<br>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| **MoUD** | Ministry of Urban Development<br>शहरी विकास मन्त्रालय |
| **MoPID** | Ministry of Physical Infrastructure and Development<br>भौतिक पूर्वाधार विकास मन्त्रालय |
| **MoIAL** | Ministry of Internal Affairs and Law<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| **NDRF** | National Disaster Response Framework<br>राष्ट्रिय विपद् प्रतिकार्यसम्बन्धि ढाँचा |
| **NDRRMA** | National Disaster Risk Reduction And Management Authority<br>राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| **NFRIs** | Non-Food Relief Items<br>गैर-खाद्य राहत सामग्रीहरू |
| **NGO** | Non-Governmental Organization<br>गैरसकारी संस्था |
| **NEOC** | National Emergency Operations Centre<br>राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्र |
| **NHSRP** | National Housing and Settlements Resilience Platform<br>राष्ट्रिय आवास तथा वस्ती उत्थानशिल समन्वय मञ्च |
| **NRCS** | Nepal Red Cross Society<br>नेपाल रेडक्रस सोसाइटी |
| **NSET** | National Society for earthquake Technology Nepal(NSET)<br>भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल |
| **PDMDC** | Provincial Disaster Management Directive Committee<br>प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति |
| **PDMEC** | Provincial Disaster Management Executive Committee<br>प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति |
| **PEOC** | Province Emergency Operations Centre<br>प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र |
| **PUDBC** | Provincial Urban Development and Building Construction<br>सघन शहरी तथा भवन निर्माण आयोजना |
| **PDMF** | Province Disaster Management Fund<br>प्रदेश विपद् व्यवस्थापन कोष |
| **PDMA** | Province Disaster Management Act<br>प्रदेश विपद् व्यवस्थापन ऐन |

| | |
|---|---|
| **RWG** | Recovery Working Group<br>पुर्नलाभ कार्यसमूह |
| **SAG** | Strategic Advisory Group<br>रणनीतिक परामर्शदाता समूह |
| **SC** | Shelter Cluster<br>आवास बिषयगत क्षेत्र |
| **ToR** | Terms of Reference<br>कार्य विवरण |
| **UN-HABITAT** | United Nations Human Settlements Programme<br>संयुक्त राष्ट्रसङ्घीय मानव बस्ती कार्यक्रम |
| **UN OCHA** | United Nations Office for Coordination of Human Affairs<br>मानवीय मामिलाहरूको समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय |
| **UNDP** | United Nations Development Programme<br>संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| **UNRC** | United Nations Resident Coordinator<br>संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजक |
| **UNRCO** | United Nations Resident Coordinator Office<br>संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको कार्यालय |
| **WASH** | Water Sanitation and Hygiene<br>पानी सरसफाई तथा स्वच्छता |

# विषय सुची


मन्तव्य

शुभ-कामना

दुई शव्द

| | | | | |
|---|---|---|---|---|
| १. | परिचय | | | १ |
| | १.१ | पृष्ठभुमि | | १ |
| | १.२ | विपद् सम्बन्धि संवैधानिक तथा कानूनी व्यवस्था | | १ |
| | १.३ | मानवीय बडापत्र | | १ |
| | १.४ | आवास तथा बस्तीसम्बन्धि अत्यावश्यक अवधारणा | | ३ |
| | १.५ | आवास तथा वस्ती सम्वन्धि योजना र वातावरणीय पक्षहरु | | ५ |
| | १.६ | संरक्षण सम्वन्धि प्रावधानहरु | | ७ |
| | १.७ | विपद्को प्रकृति तथा तहगत प्रतिकार्य अवस्था | | ७ |
| | १.८ | आवास विषयगत क्षेत्र परिचय | | ८ |
| | १.९ | सन २०१५ को गोरखा भूकम्पको आवास प्रतिकार्यको सन्दर्भ विश्लेषण | | ९ |
| २. | बागमती प्रदेशमा विपद्हरुको जोखिम | | | ११ |
| | २.१ | भुकम्प | | १२ |
| | २.२ | बाढी | | १२ |
| | २.३ | पहिरो | | १३ |
| ३. | विपद्का परिदृश्यहरू | | | १४ |
| | ३.१ | बागमती प्रदेशमा भूकम्पीय जोखिम आँकलन | | १४ |
| | | क. | प्रतिकार्य परिदृश्य | १४ |
| | | ख. | विपद्ले निम्त्याउन सक्ने अधिकतम क्षतिको परिदृश्य | १५ |
| | | ग. | पुर्वतयारी परिदृश्य | १५ |
| | ३.२ | मनसुनजन्य जोखिमको आँकलन | | १६ |
| | | क. | विपद्ले निम्त्याउन सक्ने अधिकतम क्षतिको परिदृश्य | १७ |
| | ३.३ | आवास तथा राहतका घरायसी आधारभूत सामग्रीहरूको प्रावधानसंग सम्बन्धित जोखिम तथा चुनौतीहरू | | १७ |
| ४ | आकस्मिक योजना : उद्देश्य तथा रणनीतिहरू | | | २० |
| | ४.१ | रणनीतिक निर्देशन | | २० |
| | ४.२ | प्राविधिक मार्ग-दर्शन | | २० |
| | ४.३ | सुचना व्यवस्थापन | | २० |
| ५. | समग्र व्यवस्थापन तथा समन्वय सम्बन्धि व्यवस्था | | | २२ |
| | ५.१ | बिपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन प्रक्रिया | | २२ |
| | ५.२ | अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेश सहायता समन्वय कार्यढाँचा | | २२ |
| | ५.३ | प्रदेशमा आवास सम्बन्धि समन्वयको संस्थागत संरचना तथा कार्यढाँचा | | २३ |
| | ५.४ | आवास विषयगत क्षेत्रको संरचना | | २४ |
| | ५.५ | नेतृत्व र नेतृत्वमा सहयोग पुऱ्याउने निकायहरू | | २५ |
| | ५.६ | भूमिका तथा जिम्मेवारीहरूको रूपरेखा | | २६ |
| ६. | सिद्धान्तहरू | | | २८ |
| ७. | अन्तरसम्बन्धित विषय र सवालहरु | | | ३० |
| ८. | प्रतिकार्य तथा पूर्वतयारी सम्बन्धि योजनाहरू | | | ३२ |
| | ८.१ | दुवै परिदृश्यहरूका लागि पूर्वतयारी सम्वन्धि गतिविधिहरू | | ३२ |
| | ८.२ | आपतकालिन प्रतिकार्य | | ३४ |
| | ८.३ | मनसुनजन्य प्रतिकार्य | | ३७ |
| ९. | प्रदेश, जिल्ला तथा स्थानीय तहमै व्यवस्थापन गर्न सकिने विपद्मा आवास सम्वन्धि कार्ययोजना | | | ३९ |
| १०. | प्रतिकार्यका ढाँचाहरू (Response Modalities) | | | ४२ |
| ११. | सञ्चार माध्यमहरूसंगको सम्बन्ध, सूचना तथा सार्वजनिक जानकारी | | | ४३ |
| १२. | आवास सम्वन्धि लेखाजोखा | | | ४४ |
| १३. | अनुसूचीहरू | | | ४५ |

# मन्तव्य

मन्त्री

बागमती प्रदेश
आन्तरिक मामिला तथा कानून
हेटौंडा, मकवानपुर, नेपाल
फोन नं. ०५७-५२७५११ (कार्यालय)
०५७-४१३४६६ (निवास)

मन्तव्य

नेपालको संविधानले विपद् व्यवस्थापनलाई संघ र प्रदेशको साझा अधिकारको रूपमा अनुसूची-७ मा, स्थानीय तहको अधिकारको रूपमा अनुसूची-८ मा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा अनुसूची-९मा समावेश गरेको छ । देश संघीयतामा गएसंगै विपद पछि आकस्मिक अवधिमा आवासको पूर्वतयारी तथा प्रतिकार्यको समन्व्यका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेशको संयोजनमा आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशले पहिलो चोटी प्रदेशको आवास विषयगत क्षेत्रको आकस्मिक योजना तयार गरेकोमा एकदमै खुशी लागेको छ ।

विपद पछि आपतकालीन तथा संक्रमणकालीन अवधि आवास सम्वन्धि प्रतिकार्यको हिसावले एकदमै सम्वेदनशील हुन्छ । यस अवधिमा मानिसहरुको पहिलो प्राथमिकतामा आवास पर्ने गर्दछ र समयमै आवासमा पुर्‍याईएको सहयोगले मानिसहरुको ज्यान जोगिने सम्भावना हुन्छ ।यो आकस्मिक योजनाले प्रभावित मानिसहरुको आवासमा पहुँच सहज रुपमा पुर्‍याउन मदत गर्नेछ भन्ने आशा छ । साथै यो आकस्मिक योजना प्रादेशिक र स्थानीय तहका सरकारी निकाय, विकास साझेदार, गैरसरकारी क्षेत्र, निजि क्षेत्रको समेतको लागि आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको लागि उपयोगी हुने विश्वास लिएको छु ।

अन्त्यमा यस आवास विषयगत क्षेत्रको आकस्मिक योजना तयार गर्न संयोजन गर्ने प्रदेश आवास विषयतग क्षेत्रको नेतृत्व भौतिक पूर्वाधार विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकारका मन्त्रालयहरु लगायत सबै पक्षलाई धन्यवाद दिन चाहन्छु । र आउँदा दिनमा प्रदेशमा आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यमा यस आकस्मिक योजनाले मार्गनिर्देशन गर्नेछ भन्ने विश्वास लिएको छु ।

कृष्ण प्रसाद शर्मा खनाल

माननीय मन्त्री

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

मोबाईल नं. ९८५११००७०९, ९८५५०७७०७५, E-mail: shalikram81@gmail.com, Website: moialp3.gov.np

# शुभ-कामना

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
हेटौंडा, नेपाल

## शुभ-कामना

बागमती प्रदेशमा आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वयका लागि आवास विषयगत क्षेत्रको आकस्मिक योजना तयार तथा प्रकाशन गर्न लागिएकोमा मलाई खुशी लागेको छ।

विपद व्यवस्थापनमा वहुपक्षीय आयामहरुमध्ये आपतकालीन तथा संक्रमणकालीन अवधिमा आवासका आवश्यकतालाई मध्यनजर गर्दै अवासको पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य कार्यको लागी जोखिममा परेका व्यक्ति तथा समुदायहरूको आवास सम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्न सक्ने किसिमको प्रतिकार्य छनोट गर्ने, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संगठन, संयुक्त राष्ट्रसङ्घीय निकाय तथा निजी क्षेत्र लगायत सरोकारवाला अन्य संगठनहरूका बीचमा सहयोग तथा समन्वयको प्रवर्धन गर्ने र आपतकालिन आवास तथा पुनर्स्थापना गरिने आवासका लागि यकिन गरिएका न्यूनतम प्राविधिक प्याकेज र आवाससम्बन्धी प्रारम्भिक प्रतिकार्यमा मौसमी सहायतासम्वन्धमा आवश्यक निर्देशन उपलब्ध गराउने कामहरुलाई व्यवस्थित तथा निर्देशन गर्ने हेतुले यो योजना तयार गरिएको हो। यो आकस्मिक योजना प्रादेशिक र स्थानीय तहका सरकारी निकाय, विकास साझेदार, गैरसरकारी क्षेत्र, निजी क्षेत्रको समेतको लागि उपयोगी हुने विश्वास लिएको छु।

यस आकस्मिक योजना तयार गर्न योगदान गर्ने प्रदेश सरकारका मन्त्रालयहरु, राष्ट्रिय आवास विषयगत क्षेत्रको नेतृत्व तथा सह नेतृत्व,दातृ निकायहरु यूके एड, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग ( यूएसआईडी ) र विश्व आवास विषयगत क्षेत्र, विकास साझेदार, सीआरएस नेपाल र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल लगायत सवै पक्षलाई धन्यवाद दिन चाहन्छु। साथै बागमती प्रदेशमा विपद पछि आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वयका लागि आकस्मिक योजना तयार तथा प्रकाशन कार्यमा सहयोग गर्ने राष्ट्रिय आवास तथा वस्ती उत्थानशिल समन्वय मञ्च लाई विशेष धन्यवाद दिन चाहन्छु। यस आकस्मिक योजना प्रकाशन कार्यको संयोजन गर्नहुने महाशाखा प्रमुख नविन कुमार सिंहको सरहाना गर्न चाहन्छु।

विपद पछि आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वय संग सम्वन्धित कार्यहरुलाई आँउदा दिनहरुमा अझ वढी प्रभावकारी ढङ्गवाट कार्यसम्पादन गर्न साथै पुनर्लाभ तथा पुनर्स्थापनाको चरणहरुलाई मार्गदर्शन गर्न यस बागमती प्रदेशमा आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वयका लागि आवास विषयगत क्षेत्रको आकस्मिक योजना ले यस क्षेत्रमा क्रियाशील संघ-संस्थाहरु, समग्र जनशक्ति र आम जनसमुदायलाई एकीकृत तथा स्पष्ट जानकारी दिनेछ भन्ने विश्वास लिएको छु।

अशोक कुमार साह
प्रदेश सचिव
भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश

प्रदेश सचिव

# दुई शव्द

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
हेटौंडा, नेपाल

## दुई शव्द

विगतमा बागमती प्रदेशमा भूकम्प तथा मनसूनजन्य विपदले ठूलो मात्रामा जनधनको क्षति पुऱ्याएको तथ्याकंले देखाउँदछ । वि.स २०७२ सालमा गोरखा केन्द्रविन्दु भएर गएको भूकम्पले यो प्रदेश सबैभन्दा वढी प्रभावित भएको थियो, कुल १३ वटा जिल्लामध्ये सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, नुवाकोट, काठमाण्डौ, ललितपुर, मकवानपुर, भक्तपुर र काभ्रेपलाञ्चोक अति नै प्रभावित भएका थिए । मनसुनजन्य विपदमा यस प्रदेशका मकवानपुर, सिन्धुली जिल्लामा भारी वर्षाका कारण र सिन्धुपाल्चोक, रसुवा, धादिङ, जिल्लामा पहिरोको कारण ठूलो जनधनको क्षति भईरहेको तथ्याकंले देखाउछ । विपद पछि प्रभावित मानिसहरुको आवासको संग सम्वन्धित आवश्यकता प्रभावकारी ढंगले सम्वोधन गर्न सजिलो होस भन्ने हेतुले यो बागमती प्रदेशमा आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वयका लागि आवास विषयगत क्षेत्रको आकस्मिक योजना प्रकाशन गर्न लागिएकोमा मलाई खुशी लागेको छ ।

यस आकस्मिक योजनामा आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वयमा रणनीतिक निर्देशन, प्राविधिक मार्ग-दर्शन र सुचना व्यवस्थापन क्षेत्रमा हुनसक्ने सहयोग उल्लेख गरिएको छ, साथै पुनर्लाभ तथा पुनर्स्थापनाको चरणहरुलाई मार्गदर्शन गर्ने आधार पनि समावेश गरिएको छ । यो आकस्मिक योजना प्रादेशिक र स्थानीय तहका सरकारी निकाय, विकास साझेदार, गैरसरकारी क्षेत्र, निजि क्षेत्रको समेतको लागि आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको लागि उपयोगी हुने विश्वास लिएको छु ।

यो आकस्मिक योजना तयार गर्न योगदान गर्नहुने प्रदेश आवास विषगत क्षेत्र अन्तर्गत गठित कार्यसमुहका सदस्यहरु ईन्जिनियर ज्यानेन्द्र प्रसाद पुन, आन्तरिक मामिला तथा कानून मन्त्रालयका अधिकृत सातौ सुरेन्द्र कार्की, नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधि मनिष राज तिम्सिना, राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्चका राष्ट्रिय प्राविधिक संयोजक रञ्जन ढुङ्गेल, आवास विज्ञ लक्ष्मी प्रसाद भट्ट, प्राविधिक संयोजक कौशल बहादुर विष्ट, नेपाल रेडक्रस सोसाईटी मकवानपुर शाखाका प्रतिनिधि लक्ष्मण भट्टराई धन्यवादका पात्र हुनुहुन्छ । साथै आकस्मिक योजना तयार तथा प्रकाशन गर्न सहयोग गर्ने राष्ट्रिय आवास तथा वस्ती उत्थानशिल समन्वय मञ्चको योगदान सराहनीय छ ।

अन्त्यमा यो आकस्मिक योजना तयार गर्न निरन्तर परामर्श प्रदान गर्ने राष्ट्रिय आवास तथा वस्ती उत्थानशिल समन्वय मञ्चका राष्ट्रिय संयोजक मिनार थापा मगर र प्राविधिक संयोजक रिजन गजुरेल, सीआरएस का प्राविधिक संयोजक तथा आवास विज्ञ जेमी रिचर्डसन र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल का रिर्सच एसोसिएट डा. स्वेता सिजापतिलाई धन्यवाद दिन चाहन्छु । विपद पछि आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वय संग सम्वन्धित कार्यहरुलाई आँउदा दिनहरुमा अझ वढी प्रभावकारी ढङ्गवाट कार्यसम्पादन गर्न यस बागमती प्रदेशमा आवासको पूर्वतयारी तथा प्रतिकार्य कार्यको समन्वयका लागि आवास विषयगत क्षेत्रको आकस्मिक योजना ले यस क्षेत्रमा क्रियाशील संघ-संस्थाहरु, समग्र जनशक्ति र आम जनसमुदायलाई एकीकृत तथा स्पष्ट जानकारी दिनेछ भन्ने विश्वास लिएको छु ।

नविन कुमार सिंह
महाशाखा प्रमुख
भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश

**महाशाखा प्रमुख**

# १.परिचय

## १.१ पृष्ठभुमि

बागमती प्रदेशमा सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, ललितपुर, मकवानपुर, चितवन, भक्तपुर र काभ्रेपलाञ्चोक गरी जम्मा १३ वटा जिल्ला रहेका छन्, जसमा ३ महानगरपालिका १ उपमहानगरपालिका ४१ नगरपालिका र ७४ गाउँपालिका रहेका छन् । यस प्रदेशमा कुल ६०,८४,०४२ जनसंख्याको बसोबास रहेको छ भने जनघनत्व प्रति वर्ग कि.मि. ३०० रहेको छ ।

यस प्रदेशमा विगतमा भूकम्प तथा मनसूनजन्य विपद्ले ठूलो मात्रामा जनधनको क्षति पुऱ्याएको तथ्याकंले देखाउँदछ । वि.स. २०७२ सालमा गोरखा केन्द्रविन्दु भएर गएको भूकम्पले यो प्रदेश सवभन्दा वढी प्रभावित भएको थियो, कुल १३ वटा जिल्लामध्ये सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, ललितपुर, मकवानपुर, भक्तपुर र काभ्रेपलाञ्चोक अति नै प्रभावित भएका थिए । मनसुनजन्य विपद्मा यस प्रदेशका मकवानपुर, सिन्धुली जिल्लामा भारी वर्षाका कारण र सिन्धुपाल्चोक, रसुवा, धादिङ, जिल्लामा पहिरोकों कारण ठूलो जनधनको क्षति भईरहेको तथ्याकंले देखाउँदछ ।

## १.२ विपद् सम्बन्धि संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५१ (छ) को प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धधन र उपयोग सम्बन्धि राज्यका नीति अन्तर्गत खण्ड (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान रहेको छ । संविधानले विपद् व्यवस्थापनलाई संघ र प्रदेशको साझा अधिकारको रूपमा अनुसूची-७ मा, स्थानीय तहको अधिकारको रूपमा अनुसूची-८ मा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा अनुसूची-९मा समावेश गरेको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा प्रभावकारी विपद् व्यवस्थापनका लागि प्रदेश तह तथा स्थानीय तहमा सङ्गठन संरचना, रणनीति, कार्यक्रम तथा योजना लागू गरिने उल्लेख छ । यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रदेश तथा स्थानीय समितिहरु तहमा विपद् व्यवस्थापन समितिहरु को संस्थागत व्यवस्था गरी काम, कर्तव्य र अधिकार समेत निर्धारण गरेको छ । बागमती प्रदेश विपद् व्यवस्थापन ऐन २०७५ ले प्रदेश स्तरको विपद् व्यवस्थापनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति र आन्तरिक मामिला तथा कानुनमन्त्री अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहने व्यवस्था गरेको छ । यी समितिहरुलाई प्रदेश तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित योजना वनाउने तथा वनाउन लगाउने र लागू गर्ने तथा गर्न लगाउने अधिकार रहेको छ ।

## १.३ मानवीय बडापत्र

मानवीय बडापत्रमा सङ्कटबाट प्रभावित सम्पूर्ण मानिसहरूलाई संरक्षण तथा सहयोग प्राप्त गर्ने अधिकार हुन्छ भन्ने मानवीय क्रियाशील निकायहरूको साझा दृढ विश्वास अभिव्यक्त छ । यस अधिकारबाट मर्यादासहितको जीवनको आधारभूत अवस्था सुनिश्चित हुन्छ । यसको तर्जुमा विपद् राहतमा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको सन् १९९४ को आचारसंहिताका आधारमा गरिएको छ ।

मानवीय बडापत्रमा संरक्षणसम्बन्धि सिद्धान्त तथा मूलभूत मानवीय मापदण्ड र न्यूनतम मापदण्डहरूको नैतिक तथा कानुनी पृष्ठभूमि उपलब्ध छ । बडापत्र आंशिक रूपमा स्थापित कानुनी अधिकार तथा दायित्वहरूको कथन र साझा विश्वासहरूका कथन हो । साझा विश्वासका बारेमा, मानवीय निकायहरूका बीचमा सिद्धान्तहरूका विषयमा सर्वसम्मति कायम गर्ने प्रयत्न गरिएको छ र यी सिद्धान्तहरूले प्रतिकार्यमा संलग्न विभिन्न निकायहरूका भूमिका तथा जिम्मेवारीलगायत विपद् अथवा द्वन्द्वमा गरिने प्रतिकार्यलाई नियमन गर्दछन् [१]।

### साझा सिद्धान्त, अधिकार तथा कर्तव्यहरू

मानवीय बडापत्रले विपद् अथवा द्वन्द्वबाट प्रभावित सम्पूर्ण मानिसका अधिकारहरूलाई मान्यता प्रदान गर्दै मानवता तथा मानवीय आवश्यकताका आधारमा सेवा प्रदान गर्ने कुरालाई आत्मसात गर्दछ । यी अधिकारअन्तर्गत अन्तर्राष्ट्रिय मानवीय कानुन, मानव अधिकार

---

१. स्फियर निर्देशिका २०१८ *(https://spherestandards.org/wp-content/uploads/Sphere-Handbook-2018-NEPALI.pdf)*

कानुन तथा शरणार्थी कानुनका प्रावधानहरूमा प्रतिबिम्बित संरक्षण तथा सहयोगका अधिकारहरू पर्दछन् । मानवीय बडापत्रको साझा सिद्धान्त, अधिकार तथा कर्तव्यहरू यस प्रकार रहेका छन :

- **मर्यादासहितको जीवनको अधिकार,**
- **मानवीय सहयोग प्राप्त गर्ने अधिकार**
- **संरक्षण तथा सुरक्षाको अधिकार**

## संरक्षणसम्बन्धि सिद्धान्तहरू

संरक्षणसम्बन्धि सिद्धान्तहरूले मानवीय बडापत्रमा उल्लिखित अधिकारहरू अर्थात् मर्यादासहित बाँच्न पाउने अधिकार, मानवीय सहयोगको अधिकार र संरक्षण तथा सुरक्षाको अधिकारलाई समर्थन गर्दछ । संरक्षणका यी चार सिद्धान्तहरू सबै मानवीय कार्य तथा सम्पूर्ण मानवीय निकायहरूका लागि लागू हुन्छन् :

१. मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्धन गर्ने र उनीहरूलाई थप हानि- नोक्सानीको सामना गर्नबाट जोगाउने ।
२. आवश्यकता बमोजिम र भेदभाव विना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच सुनिश्चित गर्ने ।
३. धम्क्याइएको अथवा वास्तविक हिंसा, जबर्जस्ती अथवा जानाजान गरिएका शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसहरूलाई सहयोग उपलब्ध गराउने ।
४. आफ्ना अधिकारहरूको दाबी गर्न मानिसहरूलाई सहयोग गर्ने ।

## मूलभूत मानवीय मापदण्ड

मानवीय बडापत्र तथा संरक्षणसम्बन्धि सिद्धान्तहरूले मूलभूत मानवीय मापदण्डमा प्रत्यक्ष रूपमा सहयोग गर्दछन । गुणस्तर तथा जवाफदेहितासम्बन्धि मूलभूत मानवीय मापदण्ड (Core Humanitarian Standard on Quality and Accountability – CHS) मा नौवटा प्रतिबद्धताहरूको उल्लेख गरिएको छ । यी प्रतिबद्धताहरूको प्रयोग मानवीय कार्यमा संलग्न संगठन तथा व्यक्तिहरूले आफूले उपलब्ध गराउने सहयोगको गुणस्तर तथा प्रभावकारितामा सुधार ल्याउनका लागि गर्न सक्दछन् । यी प्रतिबद्धताहरू यस प्रकार रहेका छनः




- मानवीय प्रतिकार्य उपयुक्त तथा सान्दर्भिक छ ।
- मानवीय प्रतिकार्य प्रभावकारी छ र समयमा नै गरिएको छ ।
- मानवीय प्रतिकार्यले स्थानीय क्षमतालाई सुदृढ पार्दछ र नकारात्मक असरहरूलाई हटाउँछ ।
- मानवीय प्रतिकार्य सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ ।
- गुनासाहरूलाई स्वागत तथा सम्बोधन गरिन्छ ।
- मानवीय प्रतिकार्यमा समन्वय गरिएको छ र यो एक-अर्काका लागि पूरक छ ।
- मानवीय क्रियाशील निकायहरूले निरन्तर रूपमा सिक्दछन् र सुधार गर्दछन् ।
- कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढंगले गर्न सहयोग गरिन्छ र ती प्रति निष्पक्ष र न्यायोचित व्यवहार गरिन्छ ।
- स्रोतहरूको व्यवस्थापन तथा प्रयोग अपेक्षित प्रयोजनका लागि जिम्मेवारीपूर्वक गरिन्छ

यस आकस्मिक योजनाले मानवीय बडापत्रले अंगीकार गरेका साझा सिद्धान्त, अधिकार तथा कर्तव्यहरू, संरक्षणसम्बन्धि सिद्धान्तहरू र मूलभूत मानवीय मापदण्डलाई आत्मसात गरेको छ ।

## १.४ आवास तथा बस्तीसम्बन्धि अत्यावश्यक अवधारणा [२]

आवास तथा बस्तीहरू एक-अर्कासँग सम्बन्धित छन् र यिनमाथि समष्टिगत रूपमा विचार गरिनुपर्दछ । "आवास" (shelter) भनेको दैनिक गतिविधिहरूमा सहयोग पुऱ्याउनका लागि आवश्यक सामग्रीहरूलगायत घरपरिवारभित्र बस्ने स्थान हो । "बस्ती" (settlement) भनेकोचाहिँ व्यापक अवस्थितिहरू (wider locations) हुन्, जहाँ मानिसहरू तथा समुदायले जीवन यापन गर्दछन् ।

### १. *प्रत्येक व्यक्तिलाई पर्याप्त आवासको अधिकार छ*

आवास तथा बस्तीसम्बन्धि न्यूनतम मापदण्डहरू मानवीय बडापत्रमा घोषणा गरिएका विश्वास, सिद्धान्त, कर्तव्य तथा अधिकारमा आधारित छन् । यिनमा मर्यादापूर्वक जीवन यापन गर्न पाउने अधिकार, संरक्षण तथा सुरक्षाको अधिकार र आवश्यकताका आधारमा मानवीय सहयोगप्राप्त गर्ने अधिकार पर्दछन् ।

### २. *आवास तथा बस्तीसम्बन्धि प्रतिकार्यहरूको लक्ष्य सुरक्षित बस्ने वातावरण उपलब्ध गराउनु हो*

आवास तथा बस्तीमा समयमा नै पुऱ्याइएको सहयोगबाट संकटको प्रारम्भिक चरणमा जीवनको रक्षा हुन्छ । मौसमबाट संरक्षण प्रदान गर्नुका अतिरिक्त, स्वास्थ्यको प्रवर्धन गर्नका लागि, पारिवारिक तथा सामुदायिक जीवनमा सहयोग पुऱ्याउनका लागि, मर्यादा, सुरक्षा तथा जीविकोपार्जनमा पहुँच उपलब्ध गराउनका लागि आवास आवश्यक हुन्छ ।

### ३. *सहरी वातावरणमा आवास तथा बस्तीसम्बन्धि प्रतिकार्यहरूमा विशिष्ट ज्ञानको आवश्यकता पर्दछ*

सहरी क्षेत्रहरूमा मानिसहरूलाई सहयोग गर्ने कार्य जनघनत्व, पूर्वाधारसम्बन्धि आवश्यकता, सरकारी नियमावली र समुदायभित्रको सामाजिक विविधताको कारणले गर्दा जटिल हुन सक्दछ । सहरी क्षेत्रहरूमा काम गर्दा सहरी क्षेत्रको योजना तर्जुमा, डिजाइन र आवास, जग्गा तथा सम्पत्तिसँग सम्बन्धित अधिकार, कानुन, नियमावली तथा नीतिहरूका बारेमा ज्ञान हुनु आवश्यक हुन्छ ।

### ४. *सङ्कटपछिका बस्तीसम्बन्धि धेरै परिदृश्यहरूमाथि विचार गर्नु आवश्यक हुन्छ*

आवास तथा बस्तीको सहयोगसम्बन्धि योजना तर्जुमाको पहिलो चरण भनेको सङ्कटपछिको परिस्थितिमाथि व्यवस्थित रूपमा विचार गर्नु हो । त्यस्ता फरक-फरक अवधारणाहरूका बारेमा थाहा पाउनु महत्वपूर्ण हुन्छ जुन अवधारणाहरू विस्थापित व्यक्तिहरूका लागि, प्रत्यक्ष रूपमा प्रभावित तर विस्थापित नभएका व्यक्तिहरूका लागि अथवा अप्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूका लागि उपयुक्त हुन सक्दछन् ।

***यदि अवस्थाले अनुमति दिएका खण्डमा, मानिसहरूले वसिरहेकै स्थानमा आवास अथवा जग्गाधनी अथवा सोमा बसिरहेको अथवा अनौपचारिक रूपमा त्यस्तो आवास अथवा जमिनमा बसिरहेको व्यक्तिका रूपमा रहने कुरा रोज्न सक्दछन् । विस्थापित नभएका घर-परिवारहरूलाई गरिने सहयोगमा हाल विद्यमान घरहरूको मर्मत अथवा पुनर्निर्माण पर्न सक्दछ । विस्थापित व्यक्तिहरू स्थानीय रूपमा, आफैँ बस्ने मुलुकभित्र अन्य स्थानहरूमा अथवा अन्तर्राष्ट्रिय सीमाभन्दा पर छरिएका हुन सक्दछन् । यस्ता परिस्थितिहरूमा उनीहरूले आवास भाडामा लिएको, आफैँ कतै बसेको अथवा अरूहरूले आतिथ्य उपलब्ध गराएर बसेको हुन सक्ने सम्भावना हुन्छ । केही विस्थापित घर-परिवारहरूले सामूहिक आवासमा अथवा योजनाबद्ध आवासमा अथवा योजना नै नगरिएका आवासहरूमा जम्मा हुने अथवा योजना नगरिएको बस्तीमा आवासको व्यवस्था मिलाउने कुरा रोज्न सक्दछन् ।***

### ५. *अन्तर्राष्ट्रिय कानुनले विशेष रूपमा पर्याप्त आवासको अधिकारको संरक्षण गर्दछ*

पर्याप्त आवासमा पहुँचको अधिकारलाई अन्तर्राष्ट्रिय कानुनद्वारा संरक्षण गरिएको छ । यो भनेको सुरक्षा, शान्ति तथा मर्यादासहित कुनै ठाउँमा बस्न पाउने अधिकार हो । यस अधिकारमा आफ्नै आवास तथा भोगचलनको सुरक्षामा हकदाबी गर्नेजस्ता स्वतन्त्रता पर्दछ ।

### ६. *संरक्षणसम्बन्धि सिद्धान्त तथा मूलभूत मानवीय मापदण्डसँग सम्बन्ध*

संकटहरूले त्यसभन्दा पहिले नै विद्यमान असमानताहरूलाई अझ खराब बनाउनु हुँदैन । त्यसकारण, निष्पक्ष तथा परिस्थिति-विशेषप्रति संवेदनशील भई सहयोग, खास गरी संकटबाट आफैँ पुनर्लाभ गर्ने कम क्षमता भएका व्यक्तिहरूका लागि, उपलब्ध गराउनु महत्वपूर्ण

२. स्फियर निर्देशिका २०१८ *(https://spherestandards.org/wp-content/uploads/Sphere-Handbook-2018-NEPALI.pdf)*

हुन्छ। आवास तथा बस्ती सम्वन्धि न्यूनतम मापदण्डहरूको प्रयोग गर्ने समयमा, जवाफदेहितापूर्ण आवास तथा बस्तीसम्बन्धि कार्यक्रम उपलब्ध गराउनका निमित्त आधारका रूपमा मूलभूत मानवीय मापदण्डका नौवटै सम्पूर्ण प्रतिबद्धताहरूको सम्मान गरिनुपर्दछ।

## आवास तथा बस्तीसम्बन्धि मापदण्ड

१. **योजना तर्जुमा** : प्रभावित मानिसहरूको सुरक्षा तथा कल्याणमा योगदान पुऱ्याउनका लागि र पुनर्लाभको प्रवर्धन गर्नका लागि आवास तथा बस्तीसम्बन्धि कार्यक्रमहरूको योजना तर्जुमा राम्रोसँग गरिनुपर्छ।

२. **स्थान तथा बस्तीको योजना तर्जुमा** : आवास तथा बस्तीहरूका लागि तोकिएका स्थान सुरक्षित तथा संरक्षित हुनुपर्छ साथै पर्याप्त ठाउँ र अत्यावश्यक सेवा तथा जीविकोपार्जनका लागि पहुँच उपलब्ध भएको हुनुपर्छ।

| **स्फियर निर्देशिका अनुसार** | **यूएसएड-वीएचए** |
|---|---|
| घर-परिवारको परिसरलगायत शिविर प्रकारका बस्तीहरूमा प्रत्येक व्यक्तिका लागि ४५ वर्गमिटर | |
| योजना गरिएको बस्तीको क्षेत्रभन्दा बाहिर सामुदायिक सेवाहरू उपलब्ध गराउन सकिने घर- परिवारका परिसरहरूमा प्रत्येक व्यक्तिका लागि ३० वर्गमिटर | |
| स्थान र परिसरको आकारको बीचको न्यूनतम अनुपात १:२ हुनुपर्छ। यसलाई संसोधन गरेर १:३ वा सो भन्दा वढी वनाईदैछ। | स्थान र परिसरको आकारको बीचको न्यूनतम अनुपात १:४ वा १:५ हुनुपर्छ। |

३. **बस्ने स्थान** : मानिसहरूको पहुँच त्यस्ता बस्ने ठाउँहरूमा हुनुपर्छ जुन ठाउँहरू सुरक्षित तथा पर्याप्त छन र जसले अत्यावश्यक घरायसी गतिविधि तथा जीविकोपार्जनसम्बन्धि गतिविधिहरू मर्यादापूर्वक सञ्चालन गर्नका लागि सहयोग पुऱ्याँउछ।

| **स्फियर निर्देशिका अनुसार** | |
|---|---|
| **आवासको प्रकृती** | **कोठाको साईजको न्यूनतम मापदण्ड** |
| पकाउने र नुहाउने ठाउँ तथा सरसफाइका सुविधाबाहेक बस्ने स्थानका लागि | **न्यूनतम प्रतिव्यक्ति ३.५ वर्गमिटर** |
| चिसो हावापानी भएका त्यस्ता स्थानमा अथवा सहरी वातावरणहरूमा पकाउने र नुहाउने ठाउँ तथा सरसफाइका सुविधासहित बस्ने स्थानका लागि | **४.५ देखि ५.५ वर्गमिटर** |
| सबभन्दा अग्लो ठाउँवाट कम्तीमा पनि २ मिटरको भित्री भुइँदेखि छाना सम्मको उचाइ (गर्मी हावापानी भएका ठाउँमा २.६ मिटर) | |

| **नेपालको भवन संहिता २०६** | | |
|---|---|---|
| | **न्यूनतम नाप** | **न्यूनतम क्षेत्रफल** |
| कोठाको न्यूनतम नाप | **२ मिटर** | **६ वर्ग मिटर** |
| भान्सा | **१.८ मिटर** | **५ वर्ग मिटर** |
| ट्वाईलेट | **०. ९ मिटर** | **१.२ वर्ग मिटर** |
| वाथरुम | **१.२ मिटर** | **१.८ वर्ग मिटर** |
| वाथरुम (भित्र पानिको सुविधा सहित जोडिएको ) | **१.२ मिटर** | **२.८ वर्ग मिटर** |
| भुइँदेखि छाना सम्मको उचाइ | **२.४** | |

४. **घरायसी सामान** : घरायसी सामानहरूको सहयोगले स्वास्थ्य, मर्यादा तथा सुरक्षालाई पुनःस्थापित गर्ने तथा तिनलाई कायम

राखिराख्ने कार्यमा र घरभित्र तथा घरको वरिपरि दैनिक घरायसी गतिविधिहरूको सञ्चालन गर्ने कार्यमा सहयोग उपलब्ध गराउँदछ । यस मापदण्डले सुत्ने, खाना तयार पार्ने र भण्डारण गर्ने, खाने र पिउने, तापसम्बन्धि सुविधा, प्रकाश तथा लुगाफाटो का लागि आवश्यक सामानहरूलाई सम्बोधन गर्दछ ।

५. **प्राविधिक सहयोग** : प्राविधिक सहयोग आवास तथा बस्तीसम्बन्धि प्रतिकार्यको अभिन्न अङ्ग हो । यसबाट प्रभावित मानिसहरूले आफ्नो पुनर्लाभ आफैंले गर्ने कार्यमा सहयोग पुग्दछ र उनीहरूका आवास तथा बस्तीको गुणस्तर तथा सुरक्षामा सुधार ल्याउँदछ । आफ्नो आवास, आवासको डिजाइन, निर्माणस्थलको खाका तथा सामग्री रोज्ने कार्यमा र आवास तथा अन्य संरचनाहरूको निर्माणका लागि सञ्चालित क्रियकलापहरूको कार्यान्वयन अथवा सुपरिवेक्षणमा प्रभावित घर-परिवार अथवा समुदायहरू सक्रिय रूपमा संलग्न हुनु अत्यावश्यक हुन्छ ।

६. **भोगचलनको सुरक्षा** : चाहे सामुदायिक बस्तीका परिस्थितिमा, अनौपचारिक बस्तीहरूमा, आतिथ्य प्रदान गर्ने समुदायहरूमा होस अथवा फिर्तीपछि नै होस्, मानिसहरू आफ्ना घरहरूमा जबर्जस्ती आवासबाट गरिने निष्कासनको डरविना बस्न सक्दछन् भन्नु नै भोगचलनको सुरक्षाको अर्थ हो ।

७. **वातावरणीय दिगोपना** : वातावरणीय दिगोपनाले त्यस्तो जिम्मेवार कार्यक्रम तर्जुमालाई सम्बोधन गर्दछ जसले भावी पुस्ताका आवश्यकताहरू पूरा गर्ने ती पुस्ताको क्षमतामा कुनै सम्झौताविना वर्तमानका आवश्यकताहरू पुरा गर्दछ । आवास तथा बस्तीसम्बन्धि सहयोगले प्राकृतिक वातावरणमाथि कार्यक्रमको कुनै पनि नकारात्मक प्रभावलाई कम गर्नुपर्दछ ।

## १.५ आवास तथा वस्ती सम्वन्धि योजना र वातावरणीय पक्षहरु

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरी यसको संरक्षण र व्यवस्थापनलाई राज्यको उच्च प्राथमिकतामा राखेको छ । विकास र वातावरणबीच सन्तुलन कायम गर्दे दीगो विकासको लक्ष्य पूरा गर्ने सन्दर्भमा वातावरणसँग सम्बन्धित ऐन, नियम तथा अन्य क्षेत्रगत कानूनलाई निर्देश गर्न, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू समेत पूरा गर्न तथा सरकारी, गैरसरकारी संस्था, समुदाय र निजी क्षेत्र र संघ, प्रदेश र स्थानीय तहका बीच वातावरण व्यवस्थापनमा समन्वय र सहकार्य गर्न राष्ट्रिय वातावरण नीति २०७६ को तर्जुमा भएको छ । यस नीतिले विशेष गरि निम्न उदेश्यहरु राखेको छ ।[३]

- जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक तथा रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्ने ।
- घरेलु, औद्योगिक तथा सेवा क्षेत्र लगायत सबै स्रोतबाट सिर्जित फोहरमैलाको व्यवस्थापन गर्ने ।
- शहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने ।
- विकासका सवै आयामहरूमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने ।
- प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चितता गर्ने ।
- वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने ।
- वर्तमान तथा भावी पुस्ता बीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतरूको उपयोग गर्ने ।
- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने ।
- जमीनको प्रयोग भू-उपयोग योजना वमोजिम गर्ने ।
- सम्भव भएसम्म उपलब्ध स्रोत साधनको पुनःप्रयोग र पुनःप्रशोधन गर्ने ।

आवास तथा वस्ती सम्वन्धि योजना वनाउँदा राष्ट्रिय वातावरण नीति २०७६ ले अवलम्वन गरेका उदेश्यहरुलाई विचार गरी वातावरणीय दिगोपनाको अवधारणा अवलम्वन गरिनेछ । वातावरणीय दिगोपनाले त्यस्तो कार्यक्रम तर्जुमालाई सम्बोधन गर्दछ जसले भावी पुस्ताका आवश्यकताहरू पूरा गर्ने ती पुस्ताको क्षमतामा कुनै सम्झौताविना वर्तमानका आवश्यकताहरू पूरा गर्दछ । अल्पकालीन अवधिमा वातावरणीय सवालहरूको बेवास्ता गर्दा त्यसले पुनर्लाभलाई सङ्कटमा पार्न सक्दछ, विद्यमान समस्याहरूलाई अझ खराब बनाउँदछ अथवा नयाँ समस्याहरू उत्पन्न गर्दछ । आवास तथा वस्ती व्यवस्थापन सम्वन्धमा वातावरणीय दिगोपनालाई सहयोग हुने किसिमले निम्न क्रियाकलापहरु गरिनेछ ।[४]

३. The Environment Protection Act, 2019 (2076)
*(https://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/03/The-Environment-Protection-Act-2019-2076.pdf)*

४. DG ECHO'S MINIMUM ENVIRONMENT REQUIREMENTS AND RECOOMENDATIONS
*(C:\Users\Dell\Downloads\Minimum_Environmental_Requirements_and_Recommendations (5).pdf)*

- विपद् जोखिम मूल्याङ्कन र साझेदारहरूसँगको समन्वयमा कार्यक्रमका लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने । यी मूल्याङ्कनका लागि स्थानीय परिवेशलाई मिल्ने किसिमले मूल्याङ्कन सम्वन्धि विकास भएका औजार प्रयोग गर्ने । यी मूल्याङ्कन गर्दा प्राकृतिक स्रोतहरूको लागि आतिथ्यता प्रदान गर्न सक्ने जनसंख्याको वर्तमान र भविष्यका आवश्यकताहरूमा पर्ने प्रभावहरूलाई पनि विचार गरिनेछ ।
- लाइफ साइकल एनालिसिस (LCA) दृष्टिकोणको आधारमा कार्यक्रमसँग सम्बन्धित वातावरणीय जोखिमहरू र जोखिमहरूलाई न्यूनीकरण गर्न ध्यानमा राखिएका उपायहरूको रूपरेखा प्रस्तुत गर्ने । वातावरणीय प्रभाव मूल्याङ्कनको निष्कर्षमा आधारित वातावरणीय रिपोर्ट तयार गर्ने ।
- वातावरणीय जोखिमहरू र सम्भावित नकारात्मक प्रभावहरूको आधारमा जोखिम विश्लेषण/जोखिम स्क्रिनिङको माध्यमबाट पहिचान गरिएको र त्यस सन्दर्भको लागि लागू गरिएको वातावरणीय आवश्यकताहरू अनुरूप परियोजना र कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन योजनाहरूमा वातावरणीय मापदण्डहरू वा न्यूनीकरण उपायहरू समावेश गर्ने ।
- प्राकृतिक स्रोतहरूको लागि आतिथ्यता प्रदान गर्न सकने जनसंख्याका (Host Populations) वर्तमान र भविष्यका आवश्यकताहरूमा पर्न सक्ने हस्तक्षेपको प्रभावलाई विचार गदै न्यूनीकरण उपायहरू पहिचान गरिनेछ । यो ईन्धन-काठ, वन, आवरण र पानी पहुँच को लागी विशेष गरी प्रासंगिक छ ।
- आवास सम्वन्धि योजना बनाउँदा अवस्थित पूर्वाधार, सेवाहरू र जीविकोपार्जनसँग जोडिएको सुनिश्चित गर्ने । पूर्वाधार र से वाहरूको एकीकरण र ठूलो क्षेत्रलाई सेवा प्रदान गर्ने सुनियोजित सञ्जालले वातावरणीय प्रभावलाई कम गर्नेछ र समुदायहरू बीचको सहयोगलाई बलियो बनाउनेछ । यदि सम्भव छ भने, अवस्थित भवन र सुविधाहरूको प्रयोग र स्तरवृद्धि गर्ने ।
- आवास सम्वन्धि योजना बनाउँदा विशेष वैज्ञानिक महत्व वोकेका प्राकृतिक सम्पदालाई महत्वपूर्ण रूपमा प्रतिनिधित्व गर्ने भूमि र पानीका क्षेत्रहरू: वनस्पति, जीवजन्तु, जनावर, भूविज्ञान, र जियोमोर्फोलजी को संरक्षणमा ध्यान दिने ।
- प्रयासहरू ओभरल्याप नहोस भन्नका लागि र दीर्घकालीन रुपमा दिगोपन सुनिश्चित गर्नका लागि राष्ट्रिय, र स्थानीय योजना अधिकारीहरूका साथसाथै बस्ती वसाल्ने प्रक्रिया (मूल्याङ्कन सहित) मा क्लस्टरहरू जस्ता पहिले देखि काम गरिरहेका र राम्रोसँग काम गर्ने समन्वय संयन्त्रहरूसँग नजिकबाट समन्वय गर्ने ।
- विभिन्न संरचनाहरूको डिजाइन (आवासका समाधानहरू, सामुदायिक सुविधाहरू) गर्दा स्थानीय प्राकृतिक स्रोतहरू घटाउने वा दीर्घकालीन वातावरणमा क्षति नगर्ने सामग्रीहरूको प्रयोग गर्ने । पानी, काठ, बालुवा, माटो तथा घाँसका साथसाथै ईंट तथा छानामा प्रयोग गरिने टायल पकाउन चाहिने इन्धनजस्ता प्राकृतिक स्रोतहरू निकाल्ने समयमा, यिनका वातावरणीय प्रभावप्रति सचेत भइनेछ । भग्नावशेषबाट निकालिएका पुराना सामग्रीहरूको पुनः प्रयोग, वैकल्पिक सामग्रीहरूको उत्पादनलाई प्रवर्धन गरिनेछ । पुराना सामग्रीहरूको पुनः प्रयोग सम्वन्धि प्रयोगकर्ता पुस्तिका तयार गरिनेछ । त्यस्ता सामग्रीहरूको प्रयोग गरिने छैन, जुन सामग्रीहरूको उत्पादन वयस्क तथा बाल-बालिकाहरूको शोषणको माध्यमबाट गरिएको हुन्छ ।
- सहरी वा शहरी वरीपरीका क्षेत्रहरूमा आवास प्रतिकार्यमा भाडामा बसोबास गर्ने मोडालिटी को चयन गरिएको केसमा, चिसो र गर्मीमा ऊजार्को बचत गर्न झ्यालहरूको राम्रो संग जडान गरिएको सहित अरु आवास एकाइ ठीकसँग जडान गरिएको सुनिश्चित गर्न सम्भव भएसम्म घरधनीसँग काम गर्ने । अधिक वातावरणीय दिगो उपायहरूको चयन गर्न, स्वच्छ ऊर्जा स्रोतहरूमा लगानी गर्न र कोईला प्रयोग बन्द गर्न सम्भव भएसम्म घरहरूलाई प्रोत्साहन गर्ने ।
- सम्भव भएसम्म प्रयोग नगरिएका निर्माण सामग्रीहरू भण्डारण गर्ने ताकि तिनीहरूलाई पुन प्रयोग गर्न सकिन्छ । सम्भव भएमा तिरपाल तथा र आपतकालीन पालहरूको पुन प्रयोग गर्ने अभ्यास पनि गर्ने । यदि यी वस्तुहरू पुन प्रयोग नभइरहेको नभएको भए तिनीहरूलाई उचित रूपमा डिस्पोज गर्ने ।
- आवास वसाल्ने प्रक्रियामा निर्माणमा स्थानीय श्रमिकलाई सकेसम्म प्राथमिकता दिने ।
- आवास वसाल्ने प्रक्रियामा छहारीको प्रभावलाई अधिकतम बनाउन, हावाको प्रभाव र बाढीको कटानलाई कम गर्न सकेसम्म वन फँडानी नगर्ने र वनस्पतिको संरक्षण गर्ने ।
- स्वच्छ खाना पकाउने ऊर्जा र ऊर्जाको खपत कम गर्ने खाना पकाउने चुल्होलाई मानक वस्तुहरू (जिन्सी वा नगदमा आधारित) को रूपमा वितरण सुनिश्चित गर्ने । दाउरा वा अन्य परम्परागत इन्धनहरू भन्दा सफा खाना पकाउने ऊर्जालाई प्राथमिकता दिईनेछ । ऊर्जा आपूर्तिको विद्यमान प्रणालीका प्राकृतिक स्रोत, प्रदूषण, स्वास्थ्य तथा सुरक्षामाथि कुनै नकारात्मक वातावरणीय प्रभाव छन् कि छैनन् भन्ने कुराको निर्धारण गरिनेछ । ऊर्जा आपूर्तिका कुनै नयाँ अथवा संशोधित विकल्पहरूले प्रयोगकर्ताहरूका आवश्यकता पूरा गर्न सक्दछन् भन्ने कुरा सुनिश्चित गरिनेछ र आवश्यकता भएबमोजिम प्रशिक्षण उपलब्ध गराईनेछ ।

- वातावरण मैत्री निर्माण सामग्रीको प्रयोगः हरित निर्माण सामग्रीहरुको मुख्य गुण यी निर्माण सामग्रीहरु बनाउंदा र यस्ता सामग्रीहरु प्रयोग गरेका भवनहरुमा बस्दा कम कार्वन उत्सर्जन हुन्छ। अर्थात यी सामग्रीहरु बनाउंदा वा यी सामग्रीहरुबाट घर बनाउंदा पेट्रो ल, डिजेल वा दाउरा जस्ता उर्जाहरुको कम भन्दा कम उपयोग भएको हुन्छ। यस्तै चांडै तात्तिने वा सेलाउने निर्माण सामग्रीहरु प्रयोग गर्दा पनि कोठा तताउन वा चिस्याउन बढी उर्जा खपत हुनसक्दछ। यस्ता सामग्रीहरुको सट्टा बातावरण मैत्री सामग्रीहरु उपयोग गर्नु अझ बढी उपयुक्त हुन्छ। यी सामग्रीहरुको अर्को फाइदा स्थानीय व्यवसायहरुको प्रवर्धन तथा रोजगारी सृजना पनि हो। यसले व्यक्ति, समाज र सिंगो बिश्वलाई नै परोक्ष रुपमा फाइदा पुर्‍याउनुको साथै शहरको र राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक असर छोड्दछ। आवास निर्माण प्रक्रियामा यी सामग्रीहरुको सकेसम्म वढी प्रयोग गरिनेछ। निम्न हरित निर्माण सामग्रीहरु बजार मा उपलब्ध छन र यी निर्माण सामग्रीहरु सकेसम्म वढी प्रयोग गर्न सकेसम्म प्रोत्साहन गरिनेछ।
    - होलो कन्कृट ब्लक (Hollow Concrete Block)
    - सि एस इ बि ब्लक (CSEB Block)
    - स्ट्रबेल (Straw bale)
    - अर्थर्‍याम वाल
    - कंक्रिट चौकोस

## १.६ संरक्षण सम्वन्धि प्रावधानहरु

संरक्षणको सम्बन्ध प्राकृतिक विपद् अथवा सशस्त्र द्वन्द्वको कारणबाट प्रभावित मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारसँग छ। संरक्षणसम्बन्धि सिद्धान्तहरूले मानवीय बडापत्रमा उल्लिखित अधिकारहरूमा अर्थात् मर्यादासहित बाँच्न पाउने अधिकार, मानवीय सहयोगको अधिकार र संरक्षण तथा सुरक्षाको अधिकारमा सहयोग उपलब्ध गराउँदछन्। संरक्षणका यी चार सिद्धान्तहरू सवै मानवीय कार्य तथा सम्पूर्ण मानवीय निकायहरूका लागि लागू हुनेछन :

- मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्धन गर्ने र उनीहरूलाई थप हानि- नोक्सानीको सामना गर्नबाट जोगाउने।
- आवश्यकता बमोजिम र भेदभाव विना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच सुनिश्चित गर्ने।
- धम्क्याइएको अथवा वास्तविक हिंसा, जबर्जस्ती अथवा जानाजान गरिएका शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसहरूलाई सहयोग उपलब्ध गराउने।
- आफ्ना अधिकारहरूको दाबी गर्न मानिसहरूलाई सहयोग गर्ने।

नेपालको संविधान २०७२ अन्तर्गत भाग ३ अन्तर्गत मौलिक हकले मानिसहरुको संरक्षण को अधिकारलाई सुरक्षित गरेको छ।साथै बालबालिका सम्बन्धि राष्ट्रिय नीति, २०६९ ले सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने र राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ ले लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मुल्य मान्यताका आधारित समाज स्थापित गर्ने उदेश्यहरु राखेको छ।

आबास क्षेत्रले संरक्षण विषयगत क्षेत्रसँग नजिकमा रहेर जातीय, सांस्कृतिक र धार्मिक आधारमा  अल्पसंख्यक सीमान्तकृत र कमजोर समूहहरू; बालबालिकाहरु, किशोर किशोरीहरु, गर्भवती महिला र स्तनपान गराउने आमाहरू, महिला घरमूली भएका घर परिवारहरू,वृद्ध, अपाङ्गता भएका व्यक्तिहरू, LGBTQIA+ समुदाय , विस्थापित व्यक्तिहरू र जोखिममा परेका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिनेछ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले खासगरी यस्ता व्यक्ति तथा समुहरुलाई सहायता र सुरक्षा सेवाहरूमा सुरक्षित र भेदभावरहित पहुँच प्रदान गर्न, लैङ्गिक हिंसा रोकथाम तथा सम्वोधन गर्न, मनोवैज्ञानिक परामर्श सेवा प्रदान गर्न, परिवारको ट्रेसिङ र पुनर्मिलन गराउन, राहत सामग्री वितरण गर्न बागमती प्रदेश अन्तर्गतको संरक्षण विषयतग क्षेत्रको नेतृत्व सामाजिक विकास मन्त्रालय र सह नेतृत्व Plan International Nepal संग नजिकवाट समन्वय गर्नेछ।

## १.७ विपद्को प्रकृति तथा तहगत प्रतिकार्य अवस्था [५]

विपद्को घटनाको प्रकृति र अवस्था तथा क्षतिको मात्रा अनुसार विभिन्न तह क्रियाशील हुनेछ। विभिन्न तहको प्रतिकार्यको क्रियाशीलता

५. NATIONAL EMERGENCY OPERATION CENTER (NEOC)-Standard Operating Procedures-SOPs
*(http://www.neoc.gov.np/uploads/document/file/NEOC - SOP 18_20151015022356.pdf)*

विपद्को प्रकृति तथा असर वमोजिम हुनेछ [६] ।

| | स्थानीय तह | जिल्ला तह | प्रदेश तह | राष्ट्रिय तह |
|---|---|---|---|---|
| मानिसको मृत्यू संख्या | ० | १० भन्दा कम | १० देखी १०० सम्म | १०० भन्दा वढी |
| घाइते संख्या | १ देखी १० | १०० भन्दा कम | १०० देखी ५०० सम्म | ५०० भन्दा वढी |
| तत्काल खाना चाहिने परिवारको संख्या | १ देखी १० | १०० भन्दा कम | १०० देखी ५०० सम्म | ५०० भन्दा वढी |
| तत्काल आवास चाहिने परिवारको संख्या | १ देखी १० | १०० भन्दा कम | १०० देखी ५०० सम्म | ५०० भन्दा वढी |
| उदाहरण | मनसुनी वर्षा र मौसमबारे पूर्वानुमान र ताप्लेजुङ आगलागी २०७१ | सिन्धुपाल्चोक जुरे पहिरो २०७१ | मध्यपश्चिम (सुर्खेत, बांके, बर्दिया र दाङ) बाढी २०७१ | गोरखा भूकम्प, २०७२ |
| विपद् प्रतिकार्यको अवस्था | • विपद् पूर्वको अवस्था र सम्भावित/तत्कालै विपद्को घटना हुन सक्ने पूर्वसूचना प्राप्त भएको अवस्था<br>• स्थानीय/जिल्ला तहबाट नै प्रतिकार्य गर्न सकिने खालको विपद्को घटना भएको अवस्था | • स्थानीय/जिल्ला तहबाट नै प्रतिकार्य गर्न सकिन जिल्लास्तरीय विपद् तर प्रतिकार्यको लागि केन्द्रीय तहको श्रोत, सहयोग र समन्वय आवश्यक पर्ने अवस्था | • एक वा एकभन्दा बढी जिल्लामा असर पर्ने, सरकारका आन्तरिक स्रोत र साधनले प्रतिकार्य गर्न सकिने र मुलुक भित्र काम गरिरहेका राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी वा निजी क्षेत्रबाट सहयोग लिनु पर्ने अवस्था | • विपद् प्रतिकार्यका लागि सरकारले अन्तर्राष्ट्रिय सहायताको आह्वान गरेको अवस्था |

## १.८ आवास विषयगत क्षेत्र परिचय

आवास बिषयगत क्षेत्र (Shelter Cluster) भनेको विपद्बाट प्रभावित व्यक्ति तथा परिवारहरुका लागि आवाससँग सम्बन्धि अत्यावश्यक सामाग्रीहरुको उपलब्ध गराउने प्रयोजनका लागि प्रदेश सरकारलाई आवश्यक सहयोग गर्ने एक आपतकालिन समन्वयात्मक मंच हो । आवास बिषयगत क्षेत्रले मुख्यतः निम्न तीन क्षेत्रहरूमा समन्वय गरी सहयोग पुऱ्याउँछ ।

- मानवीय आवासको व्यवस्थाका लागि समष्टिगत रुपमा **रणनीतिक निर्देशन**को तर्जुमा गर्ने ।
- एजेन्सीहरू र भौगोलिक क्षेत्रहरूका बीचमा प्रतिकार्यमा एकरूपताको सुनिश्चित लागि सहमति भएका वा कायम गरिएका **प्राविधिक निर्देशिकाहरू**को तर्जुमा, र
- **सूचना व्यवस्थापन**को माध्यमबाट मानवीय आवश्यकता तथा उपलब्धता बीचको रहेको अन्तरको विश्लेषण ।
- सहमति भए अनुसार तय गरिएको रणनीतिक प्राथमिकताहरू अनुसार प्रवाह गरिने सेवाका लागि आवश्यक सहयोग गर्ने र प्रवाह गरिसकिएको सेवालाई पुनः दोहोरिन नदिने ।
- मानवीय संकट पश्चात् आवश्यक समन्वय गरी पहिचान भएका आवश्यकताहरुको मुल्याकंन र विश्लेषण गरी मानवीय प्रतिकार्यका लागि मानवीय संयोजक (Humanitarian Coordinator -HC)/राष्ट्रिय मानवीय टोली (Humanitarian Country Team – HCT) र राष्ट्रिय अवास विषयगत क्षेत्र लाई रणनीतिक निर्णय गर्नेबारेमा आवश्यक सूचना उपलब्ध गराएर ।
- विद्यमान मापदण्ड तथा निर्देशिका अनुसार प्रदेशगत योजना तथा रणनीतिको विकास गरी समग्र मानवीय कार्यका लागि आवश्यक पर्ने जम्मा रकमको यकिन गरी सो मा यस समुहले गर्न सक्ने योगदान, प्राथमिकताका क्षेत्रहरु प्रष्ट पार्ने ।
- सरोकारवालाहरुको पहिचान गरी सो सम्बन्धमा आवश्यक बहस एवं पैरवी गरेर ।
- आवास बिषयगत क्षेत्रले तय गरेका रणनीतिको कार्यान्वयनका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेर ।
- बारम्बार दोहोरिइरहने वा ठुलो जोखिम निम्त्याउने नयाँ प्रकृतिका विपद्हरु र यस समुहको क्षमता समेतलाई मध्यनजर गर्दै त्यस्ता विपद्हरु आईपरेमा के गर्ने भन्ने सम्बन्धमा भइपरी योजनाहरूको तर्जुमा/पूर्वतयारी गर्ने र सो का लागि क्षमता अभिवृद्धि

६. Disaster risk reduction and Management in Nepal (*https://www.opml.co.uk/files/Publications/a1594-strengthening-the-disaster-risk-response-in-nepal/delineation-of-responsibility-for-disaster-management-full-report-english.pdf?noredirect=1)*

लगायतका कार्य गरेर ।

यस दस्तावेज तयार गर्दा नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजकको कार्यालय (UN Resident Coordinator's Office) मार्फत भइपरी योजना तर्जुमा गर्दा अवलम्बन गरिने विद्यमान प्रकृयालाई आधार मानिएको छ । यस दस्तावेजमा प्रदेशमा आउनसक्ने विपद्का सम्भावित परिदृश्यहरू (scenarios), सो ले आवाससम्बन्धि मानवीय आवश्यकताहरूमा पार्न सक्ने प्रभाव, र आवास बिषयगत क्षेत्रले मानवीय प्रतिकार्यको समन्वय गर्ने कार्यमा बागमती प्रदेश सरकारले कसरी सहयोग गर्न सक्छ आदी विषयहरुलाई समेटिएको छ ।


यस दस्तावेजको लक्षित समूह मुख्यतः क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय गैर सरकारी संगठनहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, विपद् व्यवस्थापन सम्बन्धि राष्ट्रिय कार्यालयहरू, दाताहरू, रेडक्रस अभियान तथा नेपालका सम्बन्धित सम्पूर्ण सरोकारवालाहरू हुन् । यो निर्देशिका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित मन्त्रालयहरूका लागि सन्दर्भ दस्तावेज पनि हो ।

यस आकस्मिक योजनालाई प्रदेश स्तरको आवास बिषयगत क्षेत्रको सह-नेतृत्वकर्ता राष्ट्रिय अवास तथा वस्ती उत्थानशिल समन्वय मञ्चको अन्तरसहयोगमा प्रदेश स्तरको आवास बिषयगत क्षेत्रको नेतृत्वदायी निकाय भौतिक पूर्वाधार विकास मन्त्रालयले तयार गरेको हो । यो भइपरी योजना निरन्तर रूपमा अद्यावधिक हुनु जरुरी हुन्छ । यस दस्तावेजलाई निर्माण गर्दा राष्ट्रिय आवास बिषयतग क्षेत्र संग पर्याप्त छलफल गरिएको छ साथै राष्ट्रिय आवास बिषयगत क्षेत्रले तयार पारेको आकस्मिक योजनालाई पनि आधार मानिएको छ ।

## १.९ सन २०१५ को गोरखा भूकम्पको आवास प्रतिकार्यको सन्दर्भ विश्लेषण [७]

२५ अप्रिल २०१५ मा नेपालमा ७.८ म्यागिनच्युडको भूकम्प गएको थियो, यसको केन्द्रबिन्दु राजधानी काठमाडौंबाट ८१ किलोमिटर उत्तर-पश्चिममा गोरखा जिल्ला थियो । यसकै परकम्पको रुपमा गत मे १२ मा दोलखा जिल्लामा गएको ७.३ म्याग्नीच्युडको भूकम्पले थप जनधनको क्षति र भवनमा क्षति पुऱ्यायो र मानवीय आवश्यकता एकदमै बढ्यो । कुल ८,८५७ जनाको मृत्यु भयो, लगभग साठी लाख मानिसहरू प्रत्यक्ष प्रभावित भए । सरकारले मानवीय सहायताको लागि आह्वान गऱ्यो र अन्तर्राष्ट्रिय समुदायले १४ सबैभन्दा प्रभावित जिल्लाहरूमा तीन मुख्य चरणहरूलाई आधार मानेर प्रतिकार्यमा सहयोग गरे जसमा आपतकालीन राहत, आत्म-पुनर्लाभ लाई समर्थन गर्ने, र शीतकरण सहयोग चरणहरू थिए । प्रारम्भिक चरण पछि, भौतिक अत्यावश्यक सामग्री वितरण र नगदमा-आधारित सहायता यस प्रतिकार्यमा लागि रुचाइएको मोडालिटी सावित भए ।

भूकम्पका कारण हुने विनाशको भयावहता र आगामी हिमाली हिउँदको खतरालाई मध्यनजर गर्दै क्लस्टर प्रणाली सक्रिय




गर्नेलगायतका प्रमुख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिकार्यहरु परिचालन गरिएको थियो । यस दौरान शेल्टर क्लस्टर र नेपाल सरकार र निजी क्षेत्रका संस्थाहरूसँग ३०० भन्दा बढी संस्थाहरू दर्ता भएका थिए । सरकारले ७१२,७२५ घरहरू लाई लक्षित गरी १४ प्राथमिकता प्राप्त जिल्लाहरूमा आवश्यकताहरूमा ध्यान केन्द्रित गर्दै, जुन अन्तर्राष्ट्रिय सहायताको लागि अनुरोध गरेको थियो, यसले द्रुत रूपमा

७. A3-Nepal-2015 *(https://www.shelterprojects.org/shelterprojects2015-2016/SP15-16_A3-Nepal-2015.pdf)*

र व्यापक स्तरमा प्रतिक्रिया देखायो ।

प्रारम्भिक चरणमा क्षतिग्रस्त वा ध्वस्त घरहरू, प्रभावित स्थानहरूमा अवस्थित, पहुँच गर्न कठिन, ग्रामीण, र पेरी-शहरी/शहरीमा रहेको जनसंख्याको आधारमा वर्गीकरण गरी तत्काल आवासका आवश्यकताहरू पूरा गर्ने लक्ष्य राखिएको थियो । आकस्मिक आवास लाई मुख्य प्रकारको आवास वस्तुहरू, NFIs र/वा नगद पैसा दिने कार्यक्रमहरूको प्रावधान मार्फत आत्म-पुर्नलाभ र दिगो समाधानहरू (आवश्यकता र सन्दर्भमा उपयुक्त) मा क्रमिक रूपमा योगदान गर्न पहिलो चरणको रूपमा प्रतिकार्यलाई हेरिएको थियो ।

यस प्रतिकार्यमा नगद भुक्तानीको प्रयोगमा जोड दिईएको थियो । राहत एजेन्सीहरू र निजी क्षेत्रका प्रतिकार्यकर्ताहरूले प्रायः प्रारम्भिक रूपमा अत्यावश्यक सामान वितरणमा ध्यान केन्द्रित गरे तापनि सरकारी प्रतिकार्यमा बिना शर्त नगदको प्रारम्भिक वितरण समावेश थियो । नेपाल र भारतबीचको राजनीतिक विवादका कारण सीमाना बन्द हुँदा र वितरणका लागि इन्धन लिन वा भारतबाट राहत सामग्री आयात गर्न एजेन्सीहरूले असमर्थ हुँदा पनि नगदलाई सामानको विकल्पको रूपमा प्रयोग गरियो। नगदले प्रभावित परिवारहरूलाई उनीहरूलाई आवश्यक पर्ने वस्तुहरू खरिद गरेर, उनीहरूको पुर्नलाभ प्रक्रिया कसरी सुरु गर्न सकिन्छ भनेर छनौट गर्न अवसर दियो । केही परिवारहरूले नगद चिकित्सा बिलहरू तिर्न वा ऋण चुक्ता गर्न प्रयोग गरे, प्रतिक्रियाको सुरुमा बनाइएको बिना शर्त आपतकालीन नगद अनुदानको लगभग ८० % आवास-सम्बन्धित वस्तुहरू खरिद गर्न प्रयोग गरियो ।

## २. बागमती प्रदेशमा विपद्हरुको जोखिम

नेपाल विभिन्न किसिमका प्राकृतिक प्रकोप तथा मानवजन्य विपद्हरूको जोखिममा छ। नेपालको ८० प्रतिशतभन्दा बढी जनसङ्ख्या बाढी, पहिरो, आँधी-बेहरी, असिना, आगलागि, भूकम्प तथा हिमतालको विस्फोटबाट हुन सक्ने बाढी (Glacial Lake Outburst Floods – GLOFs) जस्ता प्राकृतिक प्रकोपहरूको जोखिममा छ । यो देश विपद्बाट सबैभन्दा बढी प्रभावित हुने विश्वका २० मुलुकहरूमा पर्दछ र यहाँ भूकम्प जाने, पहिरो खस्ने र बारम्बार आईरहने ठुला बाढी समेतको सम्भावना पनि निकै नै बढी छ। साथै, बाढी तथा भूकम्पले आवासमाथि सबैभन्दा बढी प्रभाव पारेको तथ्याकंहरु समेत देखाउँदछ।

बागमती प्रदेश चुरेभावर (भित्री मधेश) खण्ड देखि हिमालसम्म अवस्थित रहेको छ। यो प्रदेश मनसुनजन्य विपद् जस्तै बाढी, पहिरो, औषत भन्दा वढी वर्षा आदिको साथै भुईचालोको हिसावले उच्च जोखिम रहेको देखिन्छ। यस प्रदेशले विपद्का घटनाहरूबाट सालाना ठूलो संख्यामा जनधनको क्षति व्यहोंदै आएको देखिन्छ।

| विपद्जन्य घटना | मृत्यु | नष्ट भएका घरहरु | प्रभावित घरहरु | घटनाको संख्या |
|---|---|---|---|---|
| भुकम्प | ८३७० | ४८३३५० | १५९९५९ | ८३ |
| पहिरो | १८६९ | ६२२५ | २४५७ | १२०९ |
| महामारी,प्लेग | १६५७ | ० | ० | ६३० |
| बाढी | १११४ | ९५५६ | ७३१७ | ८११ |
| दुर्घटना/डुंगा दुर्घटना/हवाई दुर्घटना | ६८५ | ४ | १२२ | ६४९ |
| आँधी वेहरी/आँधी/हावाहुरी | ५५१ | २१३ | १०८९ | ७१८ |
| आगलागी/जंगली आगलागी | ४६३ | ४२४० | १११९ | २८८९ |
| शीतलहर | ४८ | ० | ० | ३७ |
| वर्षा/भारी वर्षा | २२ | २४८ | २९१ | १४० |
| असिना वर्षा | ८ | ० | ६६३ | १३० |
| हिमपात | ७ | ० | ० | २५ |
| चट्याङ | ४ | ० | ० | २७ |
| हिमपहिरो | १७ | ५५ | ३२ | १२ |
| अन्य(संरचना ध्वस्त, डराउने, विस्फोट, जैविक, तुसारो, चुहावट, प्रदुषण, गर्मी लहर, भोकमरी ) | ३५७ | २९२ | ४६२ | ३२५ |
| जम्मा | १५,१७२ | ५०४,१८३ | १७३,५११ | ७,६८५ |

*बागमती प्रदेशमा विपद्वाट भएको असर (स्रोत:डेस्इन्भेन्टार विपद् अभिलेख प्रणाली)*

नेपालमा विपद् सम्वन्धि तथ्याकं संकलन गर्ने डेस्इभेन्टार विपद् अभिलेख प्रणाली अनुसार विगत ४८ वर्ष (वि.स. २०२८ देखि २०७६ सम्म) को अवधिमा बागमती प्रदेशमा मात्रै कुल ७ हजार ८ सय ८५ विपद्का घटना भएका थिए। ती घटनाहरमा उक्त अवधिमा कुल १५ हजार एक सय ७२ जनाको मृत्यु भएको थियो। साथै यी घटनाहरुवाट १४ लाख १२ हजार ५८ जना मानिसहरु प्रभावित भएका थिए।

उक्त अवधिमा भूकम्पले मात्रै ८ हजार ३ सय ७० ज्यान लिएको देखिन्छ भने ५ लाख ४१ हजार ८३ घरहरु क्षतिग्रस्त भएका थिए। यसै अवधिमा बाढीका कारण १ हजार १ सय १४ जनाको मृत्यु भएको थियो भने ९ हजार ५ सय ५६ घरहरुमा क्षति पुगेको थियो। उक्त अवधिमा पहिरोवाट यस प्रदेशमा १ हजार आठ सय ६९ जनाको मृत्यु भएको देखिन्छ भने ६ हजार २ सय २५ घरहरु भत्किएका थिए। सो अवधिमा आगलागीका कारण ४ सय ६३ जनाको मृत्यु भएको थियो भने ४ हजार २ सय ४० घरहरु क्षतिग्रस्त भएका थिए। यस अवभिमा महामारीका कारण १ हजार ६ सय ५७ जनाको मृत्यु भएको थियो।

## २.१ भुकम्प

विपद् सम्वन्धि तथ्याकं संकलन गर्ने डेस्इभेन्टार विपद् अभिलेख प्रणाली अनुसार विगत ४८ वर्ष (वि.स. २०२८ देखि २०७६ सम्म) को अवधिमा यस प्रदेशमा विगतमा भूकम्पले व्यापक रुपमा जनधनको क्षति पुऱ्याएको देखिन्छ। १३ जिल्ला रहेको यस प्रदेशमा सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाण्डो, ललितपुर, मकवानपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लामा वढी क्षति भएको देखिन्छ। मानिसको मृत्युको क्षति र प्रभावित जनसंख्याको आधारमा हेर्ने हो भने क्रमश सिन्धुपाल्चोक, काठमाण्डौं, नुवाकोट, धादिङ र रसुवा एकदमै प्रभावित भएको देखिन्छ।

| जिल्ला | घटनाको संख्या | मृत्यु | प्रभावित जनसंख्या |
|---|---|---|---|
| सिन्धुपाल्चोक | ११ | ३५३४ | ६७७१३ |
| काठमाण्डौं | ११ | १२३० | ९९९३६ |
| नुवाकोट | ६ | ११०९ | ८०१९४ |
| धादिङ | ८ | ६८१ | ८४६८५ |
| रसुवा | ५ | ६६० | १२३१३ |
| भक्तपुर | ८ | ३४० | २८२१८ |
| काभ्रेपलाञ्चोक | ३ | ३२२ | ७३७६४ |
| ललितपुर, | ६ | १८१ | २६२१५ |
| दोलखा | ९ | १७९ | ५२५३७ |
| सिन्धुली, | २ | ४७ | २८५४८ |
| रामेछाप | ९ | ४४ | ४०१०५ |
| मकवानपुर | ४ | ३३ | ३७६८४ |
| चितवन | १ | १० | १२६६ |
| जम्मा | ८३ | ८,३७० | ६,३३,१७८ |

***बागमती प्रदेशमा भुकम्पवाट भएको असर (स्रोत:डेस्इन्भेन्टार विपद् अभिलेख प्रणाली)***

मानिसको मृत्युको क्षति र प्रभावित जनसंख्याको आधारमा हेर्ने हो भने क्रमश: सिन्धुपाल्चोक, काठमाण्डौं, नुवाकोट, धादिङ र रसुवा एकदमै प्रभावित भएको देखिन्छ।

## २.२ बाढी

विपद् सम्वन्धि तथ्याकं संकलन गर्ने डेस्इभेन्टार विपद् अभिलेख प्रणाली अनुसार विगत ४८ वर्ष (वि.स. २०२८ देखि २०७६ सम्म) को अवधिमा यस प्रदेशमा बाढी र डुबान ठूलो प्रकोपको रूपमा रहेको छ। यस प्रदेशमा साना ठुला गरी ३३ वटा नदीहरु रहेका छन। सुनकोशी, भोटेकोशी, त्रिशुली, राप्ती, बागमती, यस प्रदेशका मुख्य नदी हुन। सुनकोशी, भोटेकोशी एंव यसका सहायक नदी र मुख्य जलाधारबाट उत्पन्न बाढी तथा डुबानका घटना वर्षेनी दोहोरिने गरेको पाइन्छ।

| जिल्ला | घटनाको संख्या | मृत्यु | प्रभावित जनसंख्या |
|---|---|---|---|
| चितवन | १४४ | २१२ | १८७४८७ |
| सिन्धुली | १५० | २६३ | १०२०३८ |
| मकवानपुर | १३३ | २९१ | ६७२०० |
| धादिङ | ४६ | ४० | १९२२१ |
| भक्तपुर | २५ | ४ | १२०८६ |

| जिल्ला | घटनाको संख्या | मृत्यु | प्रभावित जनसंख्या |
|---|---|---|---|
| सिन्धुपाल्चोक | ७० | ४१ | ६३९४ |
| काभ्रेपलाञ्चोक | ४७ | ४६ | ५८६८ |
| ललितपुर | ४० | ६२ | १८६७ |
| काठमाण्डौं | ६४ | ३८ | १४१० |
| नुवाकोट | ५९ | ४४ | १२०६ |
| रामेछाप | २२ | १९ | ९२८ |
| रसुवा | १४ | १२ | ६६९ |
| दोलखा | ३३ | ५६ | ४३७ |

***बागमती प्रदेशमा बाढीवाट भएको असर (स्रोत:डेस्इन्भेन्टार विपद् अभिलेख प्रणाली)***

यस प्रदेशमा सिन्धुली, चितवन, मकवानपुर, सिन्धुपाल्चोक, काठमाण्डौं जिल्लामा बाढीका घटना बढी घटेको देखिन्छ । मानवीय क्षति मकवानपुर, सिन्धुली, चितवन र ललितपुर जिल्लामा भएको देखिन्छ । चितवन, सिन्धुली र मकवानपुर जिल्लामा बाढीले वढी जनसंख्या प्रभावित भएको देखिन्छ ।

## २.३ पहिरो

यस प्रदेशमा पहिरोवाट सिन्धुपाल्चोक, मकवानपुर, धादिङ, दोलखा र नुवाकोट जिल्लाहरु बढी प्रभावित भएको देखिन्छ । मानवीय क्षति सिन्धुपाल्चोक, मकवानपुर, धादिङ, दोलखा र नुवाकोट जिल्लाहरुमा वढी देखिन्छ । मकवानपुर, धादिङ, काभ्रेपलाञ्चोक, दोलखा र सिन्धुली जिल्लाहरुमा पहिरोले वढी जनसंख्या प्रभावित भएको देखिन्छ ।

| जिल्ला | घटनाको संख्या | मृत्यु | प्रभावित जनसंख्या |
|---|---|---|---|
| सिन्धुपाल्चोक | १६५ | ४९७ | ८९५३ |
| मकवानपुर | १४६ | ३२० | ३३५८६ |
| धादिङ | १८८ | २६४ | २४१८८ |
| दोलखा | १११ | १४७ | १६३५७ |
| नुवाकोट | १२६ | १३१ | ३६१२ |
| काभ्रेपलाञ्चोक | १४४ | १११ | २०३२४ |
| रसुवा | ७६ | ८५ | १९३७ |
| रामेछाप | ७३ | ८० | ८२२५ |
| सिन्धुली | ६५ | ७९ | १०३५५ |
| काठमाण्डौं | ५९ | ७९ | ५९८ |
| ललितपुर | ४१ | ४० | १९५ |
| चितवन | ४१ | ३८ | ८०१६ |
| भक्तपुर | ३७ | १४ | ५९५ |


***बागमती प्रदेशमा पहिरोवाट भएको असर (स्रोत:डेस्इन्भेन्टार विपद् अभिलेख प्रणाली)***

**भूकम्प तथा मनसूनजन्य घटनालाई आकस्मिक योजनाको तर्जुमाका लागि आवश्यक परिदृश्य र आधारको रुपमा लिएको छ ।**

# ३. विपद्का परिदृश्यहरू [८]

## ३.१ बागमती प्रदेशमा भूकम्पीय जोखिम आँकलन

आकस्मिक योजनाका लागि आधार बनाईएका निम्नलिखित परिदृश्यहरू डरहम विश्वविधालयले संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको नेपाल कार्यालय र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको सहकार्यमा नेपालमा भविष्यमा भूकम्पहरुले पार्न सक्ने असरहरु वारे थाहा पाउन र नेपालमा भूकम्पीय आकस्मिक योजना तयार गर्न मदत होस भन्ने हेतुले गरेको अध्ययन पश्चात तयार पारिएको हो । यो अध्ययनको पृष्ठभूमि सन २०१५ सालको गोरखा भूकम्पलाई आधारको रुपमा लिई तयार गरिएको थियो । । यो अध्ययनका क्रममा भविष्यमा जानसक्ने विभिन्न साइजका अर्थात ७ देखि ८.६ म्याग्निच्यूड सम्मका ३० वटा भूकम्पका ९० वटा परिदृश्यहरुका आधारमा भवनमा हुने क्षति तथा मानवीय क्षतिको विश्लेषण गरिएको छ ।




बागमती प्रदेश अन्तर्गतको धादिङ जिल्ला भूकम्पीय उच्च जाखिममा देखिन्छ । साथै अरु जिल्लाहरु नुवाकोट, सिन्धुपाल्चोक, काठमाडौं, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली पनि भूकम्पीय जोखिममा रहेका छन । भुकम्पले यी जिल्लामा पार्न सक्ने प्रभावलाई पूर्वानुमान गर्दा २०७२ सालको गोरखा भूकम्प र त्यसले पारेको प्रभाव सँग तुलना गर्न र उक्त जिल्लाहरु सँगको पहुँच र जोखिममा रहेका जनसंख्यालाई हेर्दा यी जिल्लाहरु भुकम्पीय जोखिम र चुनौतीहरु अझै बढी हुन सक्दछन् ।

### क. प्रतिकार्य परिदृश्य

प्रतिकार्य परिदृश्य माथि उल्लेखित ९० वटा भूकम्पीय परिदृश्य मध्ये नेपालमा घट्न सक्ने एउटा भूकम्पीय परिदृश्यको आधारमा तयार गरिएको हो । प्रतिकार्य योजनाको लागि कर्णाली प्रदेशको पश्चिम रुकममा केन्द्रविन्दु भई दिउँसो २ वजे जानसक्ने ७.८ म्याग्निच्यूडको भूकम्पको एउटा परिदृश्य चयन गरिएको छ । डरहम विश्वविधालयले गरेको मोडलिङ को आधारमा राष्ट्रिय मानवीय टोलीले २४ घण्टा

८. EARTHQUAKE CONTINGENCY PLAN
*(https://un.org.np/sites/default/files/doc_publication/2022-02/2021 EQ ERP FINAL.pdf)*

भित्र बागमती प्रदेशका प्रभावित क्षेत्रहरुमा निम्न वमोजिमको क्षतिको आँकलन गर्न सक्छ ।

**प्रभावित हुनसक्ने क्षेत्रहरू :** धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काठमाण्डौं, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली

**प्रभावित हुनसक्ने जनसङ्ख्या :** करिब १२ लाख

## ख. विपद्ले निम्त्याउन सक्ने अधिकतम क्षतिको परिदृश्य

- बागमती प्रदेशका जिल्लाहरुमा शक्तिशाली भुकम्प र त्यसपश्चात् आउनसक्ने पराकम्पनले ४,००० व्यक्ति हताहत हुन सक्ने र ३४,००० लाई चोटपटक लाग्ने सक्ने
- २.५ लाख घरहरू ध्वस्त वा क्षतिग्रस्त हुने, २.५ लाख घरहरूमा ठूलो क्षति हुने करिव २.५ लाख परिवारहरु प्रभावित हुनसक्ने
- पहाडी र हिमाली क्षेत्रहरूलाई जोड्ने मुख्य सडक, पुल र विमानस्थलहरु धेरै दिन वा हप्तौं सम्म पनि पहिरोले पुरिएको हुने वा आवतजावत गर्न असुरक्षित हुने र यी कारणले प्रभावित क्षेत्रहरूमा राहत सामग्रीहरूको वितरण धेरै नै चुनौतीपूर्ण हुने ।
- सञ्चार तथा सूचना सम्बन्धि सञ्जालहरूमा अवरोध आई सूचनाको संप्रेषण, प्रारम्भिक निरिक्षण र मुल्याकंन का साथसाथै उद्दार तथा राहत कार्यका लागि आउने पक्षहरु बीचको समन्वय, आवश्यकताको पहिचान, मुल्याकंन, राहत सामाग्री तथा सेवाको वितरण पनि चुनौतीपूर्ण बन्ने ।
- जिल्लाका प्रशासनिक भवनहरु क्षतिग्रस्त भई समन्वय गर्ने संयन्त्रहरु कमजोर हुने र सरकारी कर्मचारीहरू पनि प्रभावित भई काममा आउन नसक्ने ।
- विपद् लगत्तै जाडोयाम शुरु भएमा त्यसले आवासको राम्रो प्रबन्ध नभएको व्यक्तिहरुको जीवन तथा स्वास्थ्य थप जोखिमपूर्ण बन्ने ।

## ग. पुर्वतयारी परिदृश्य [९]

परिदृश्यहरू डरहम विश्वविधालयले संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको नेपाल कार्यालय तथा भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल सहकार्यमा तयार पारेको हो । पूर्वतयारी परिदृश्य ९० वटा भूकम्पीय परिदृश्यहरुका आधारमा भवनमा हुने क्षति तथा मानवीय क्षतिको विश्लेषण आधारमा तयार पारिएको हो । यसमा क्षति निम्त्याउने परिदृश्यहरुको संख्या, औसत रुपमा हुनसक्ने क्षति तथा अधिकतम रुपमा विपद्ले निम्त्याउन सक्ने अधिकतम क्षतिको परिदृश्य निम्न वमोजिम देखाइएको छ ।





*Fig: Durham University Study in support of UNRCO & NSET Nepal*

**मानिसको मृत्यू**

औसत मुत्यू हुन सक्ने संख्या : **३०००**

विपद्ले निम्त्याउन सक्ने अधिकतम मानवीय क्षति :**५८०००**

**भवनमा क्षति**

औसत संख्या : **११०००**

विपद्ले निम्त्याउन सक्ने अधिकतम क्षति :**१७२०००**

बागमती प्रदेशमा ,औसत रुपमा ३०० मानिसहरुको मृत्यू तथा ११,००० भवनमा क्षति हुने देखिन्छ । बागमती प्रदेशमा पूर्वतयारी योजना तयार गर्दा औसत संख्यालाई आधार मानेर तयार पानुपर्ने अध्ययनले देखाउँदछ ।

९. Use of scenario ensembles for deriving seismic risk, Tom R. Robinsona,1, Nicholas J. Rossera, Alexander L. Densmorea, Katie J. Ovena, Surya N. Shrestha, Ramesh Guragain *(https://dro.dur.ac.uk/26502/1/26502.pdf)*

## ३.२ मनसुनजन्य जोखिमको आँकलन [१०]

विभिन्न तथ्याकंका आधारमा वैज्ञानिक विधिबाट विश्लेषण गरी निश्चित अवधिमा विपद्‌बाट प्रभावित हुनसक्ने जनसंख्याको पूर्वानुमान गरिन्छ । यसरी निकालिएको सङ्ख्यालाई नै केसलोड भन्ने गरिन्छ । सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको डिआरआर पोर्टल, विपद् पोर्टल तथा जलोत्पन्न प्रकोप विभाग र विश्व खाद्य कार्यक्रमबाट उपलब्ध तथ्याकंको आधारमा संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधिको कार्यालयको सहयोगमा २०७९ सालको मनसुनमा प्रभावित हुनसक्ने जनसङ्ख्याको आँकलन गरिएको छ ।बागमती प्रदेश विपद् जोखिमको दृष्टिकोणले बहुप्रकोपको उच्च जोखिममा रहेको छ । बागमती प्रदेशको चितवन जिल्ला बाढीको उच्च जोखिममा छ भने बाँकी १२ वटा जिल्ला पहिरोको जोखिममा छन ।

**पहिरो जोखिम जिल्लाहरु :** काठमाण्डौं, दोलखा, सिन्धुपाल्चोक, धादिङ, मकवानपुर, रसुवा, सिन्धुली, रामेछाप, नुवाकोट, काभ्रेपलाञ्चोक





*Fig: District landslide risk, Source: BIPAD Portal*

**बाढी जोखिम क्षेत्रहरू :** चितवन, मकवानपुर, काठमाण्डौं





*Fig: Flood Hazard 20 year return period Bagmati, Source: BIPAD Portal*

१०. मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ *(https://bipad.gov.np/np/publications/detail/143)*

### क. विपद्ले निम्त्याउन सक्ने अधिकतम क्षतिको परिदृश्य [११]

- जम्माजम्मी १ लाख ४६ हजार मानिसहरू प्रभावित हुने ।
- ३१,००० घरहरू मनसुनजन्य विपद्बाट प्रभावित हुनसक्ने
- अतिसंवेदनशील समूहहरू, विशेष गरी एकल महिला, बाल-बालिका, वृद्ध-वृद्धा र शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूका लागि संरक्षण सम्बन्धि जोखिमहरूको बढी सामना गर्नुपर्ने । निश्चित सामाजिक तथा जातीय समूहहरूले पनि सङ्कटका समयमा सुरक्षा जोखिममा पर्ने गर्दछन् ।
- पुल, सडक, विमानस्थल लगायतका संवेदनशील पूर्वाधार तथा विद्युत् एवं सञ्चार सम्बन्धि सञ्जालहरूमा ठूलो क्षति पुग्न सक्ने र दुईदेखि तीन हप्तासम्म सञ्चालन नै गर्न नसकिने गरी बिग्रन सक्ने ।
- भारतसँग र नेपालका निश्चित भूभागहरु जोड्ने सडकहरु बिग्रन गई वारपार नै गर्न नसकिने अवस्थामा पुग्न सक्ने ।
- विद्यालय तथा स्वास्थ्य संस्थाहरू क्षतिग्रस्त भई सेवा प्रवाहमा अवरोध आउने ।
- पानी तथा सरसफाइका सुविधाहरू क्षतिग्रस्त भई त्यसले फोहर पानी तथा जीवाणुबाट रोगहरु फैलिने खतरा रहने ।
- खेतीपाती हुने ठूलो क्षेत्रफल बाढीको डुबानमा परी नष्ट हुनसक्ने भई त्यसले कृषिमा आधारित जीविकोपार्जन माथि प्रतिकूल प्रभाव पार्ने । उल्लेखनीय सङ्ख्यामा चौपाया र पन्छी मर्नुका साथसाथै माछा पोखरीहरू क्षतिग्रस्त बन्ने । यसले खाद्य सुरक्षा तथा पोषणमा अप्रत्यक्ष रूपमा प्रतिकूल असर पार्ने ।
- स्थानीय सरकारले प्रदान गर्ने सेवाहरुको प्रवाहमा गम्भिर असर पर्ने ।

## ३.३ आवास तथा राहतका घरायसी आधारभूत सामग्रीहरूको प्रावधानसंग सम्बन्धित जोखिम तथा चुनौतीहरू

(Risks and challenges related to the provision of SHELTER & basic household relief items -NFRI)

| बाढी तथा भूकम्प सम्बन्धि दुवै परिदृश्यहरूका लागि साझा तालिका | |
|---|---|
| **पूर्वानुमान** | **ध्यान दिनुपर्ने विषय/प्रभाव** |
| यातायात सम्बन्धि पूर्वाधार (सडक, पुलहरू) क्षतिग्रस्त अथवा तिनमा अवरोध पुग्ने | प्रभावित क्षेत्रहरूमा पहुँचमा अवरोध उत्पन्न भएको अथवा धेरै कठिन हुन सक्ने :<br>– पहुँच नभएको कारणले गर्दा द्रुत लेखाजोखामा विलम्ब हुनसक्ने ।<br>– राहत सामग्रीको ढुवानीमा आएको अवरोधले गर्दा गैर-खाद्य सामग्री तथा आपतकालिन आवासको प्रावधानमा विलम्ब हुन सक्ने । |
| विद्युत् आपूर्तिको सञ्जालमा क्षति र दूर सञ्चारमा अवरोध खडा हुन सक्ने | प्रभावित क्षेत्रहरूसँग सञ्चार हुन नसकेको :<br>– फिल्डमा गरिएको आवश्यकता सम्बन्धि पहिलो लेखाजोखाको तथ्याङ्क प्राप्तीमा विलम्ब हुन सक्ने ।<br>– शुरुका दिन/हप्तामा स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय तहका बीचमा ज्यादै कम समन्वय हुनसक्ने । |
| माग उच्च भएको कारणले गर्दा ढुवानी साधनको अभाव हुन सक्ने | समूह तथा निकायहरूका बीचमा “प्रतिस्पर्धा” :<br>– अन्य समूहहरूसँग निकटको समन्वय तथा शुरुमा जीवन बचाउनका लागि सहयोग गरिने सामग्रीहरूमा स्पष्ट प्राथमिकीकरणको आवश्यकता<br>– ढुवानीका निमित्त थप क्षमता उपलब्ध गराउनका लागि र प्रबन्धगत समन्वय उपलब्ध गराउनका लागि प्रबन्धगत बिषयगत क्षेत्र (Logistics Cluster) लाई सक्रिय पार्नुपर्ने । |

११. मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७९ *(https://bipad.gov.np/np/publications/detail/143)*

| बाढी तथा भूकम्प सम्बन्धि दुवै परिदृश्यहरूका लागि साझा तालिका | |
|---|---|
| **पूर्वानुमान** | **ध्यान दिनुपर्ने विषय/प्रभाव** |
| घरबारविहीन (अथवा घरमा पहुँच हुन नसक्ने) परिवारहरूका आवाससम्बन्धि फरक-फरक आवश्यकताहरू तथा सामना गर्ने रणनीतिहरू (coping strategies) हुन्छन् । केहीले बढी सुरक्षित स्थानहरूमा आपतकालिन आवास खडा गर्नेछन्, अरू केहीले शिविर तथा सामूहिक केन्द्रहरूमा आवासको व्यवस्था मिलाउनेछन् अथवा अझ अरू केहीले परिवार तथा साथीहरूसँग आवास खोज्नका लागि प्रभावित क्षेत्रहरू छोड्न कोसिस गर्नेछन् । | प्रभावित जनसङ्ख्या विभिन्न ठाउँहरूमा छरिएको हुन सक्नेछ र यसले गर्दा लाभान्वित हुने व्यक्तिहरूको पहिचान गर्न कठिन हुनेछ र राम्रोसँग लक्षित राहत उपलब्ध गराउने कार्य बढी चुनौतीपूर्ण हुनेछ । परिवारहरूलाई गरिने आवासको सहयोग उनीहरू भएको ठाउँमा र उनीहरूलाई आवश्यकता भएको सामाग्रीप्रति लक्षित हुने गरी गर्नुपर्दछ :<br>– आपतकालिन आवाससम्बन्धि किटहरू (kits) र गैर-खाद्य सामग्रीहरू<br>– शिविरहरूका लागि सुरक्षित स्थानहरू छुट्याउने कार्य<br>– सुरक्षित संरचनाहरूमा सामूहिक केन्द्रहरूको प्रावधान<br>– प्रभावित क्षेत्र छोड्ने मानिसहरू (आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू) का लागि सहयोग |
| आवाससम्बन्धि राहत तथा गैर-खाद्य सामग्रीहरू को देश भित्रै भण्डारण नभएमा । | – आवासको आवश्यकता भएका एकदमै सङ्कटासन्न परिवारहरू मध्ये को सानो सङ्ख्यालाई मात्र न्यूनतम सहयोग गर्न सकिने<br>– मौसम अनुरूपको अनुकूलन (seasonal adaptation) (उदाहरणका लागि जाडोयामका लागि किटहरू) महत्त्वपूर्ण सहयोग उपलब्ध नहुने । |
| सङ्घीय प्रणालीमा सरकारको पुनःसंरचना सम्बन्धि कार्यहरु अझै सम्पन्न भईनसकेको हुने र र त्यसले विपद् व्यवस्थापनका सम्बन्धमा जिम्मेवारीहरुको बाँडफाँड र सो लाई आवश्यक मानव संशाधन अपुग हुन सक्ने । | – फिल्डमा गरिने प्रतिकार्यमा आवश्यक दिशानिर्देश प्रदान गर्नका लागि समन्वयको स्पष्ट संयन्त्र तथा नेतृत्वको अभाव भएमा आवश्यकता अनुसार समन्वय हुन नसक्ने र त्यसले कमजोर मुल्याकंन भई राहत वितरण एकै स्थानमा दोहरिने भई वितरणमा असमानता ल्याउने । |
| सार्वजनिक/सामुदायिक भवनहरू तथा सामुदायिक खुल्ला स्थानहरु (उदाहरणका लागि, विद्यालय, सामुदायिक केन्द्र, स्टेसन आदि) “आपतकालिन आवास”का लागि उपलब्ध गराइनेछन : | – सामूहिक केन्द्रहरूका लागि बढी सुरक्षित सार्वजनिक भवनहरू (उदाहरणका लागि, विद्यालय आदि) लिने कार्यले गर्दा तिनका सामान्य काम-कर्तव्यहरूको प्रयोगमा बाधा उत्पन्न हुन्छ र यसबाट पुनर्लाभमा प्रतिकूल प्रभाव पर्न सक्दछ । |
| आवाससम्बन्धि प्रतिकार्यका लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा उल्लेखनीय रुपमा प्रतिबद्धता प्राप्त नहुने । | – आपतकालिन आवासका लागि आवश्यक सहयोगको अभाव भएमा त्यसले जोखिममा परेका घरधुरी तथा परिवारहरुलाई स्वास्थ्य तथा सुरक्षा सम्बन्धि जोखिमहरू तर्फ धकेल्दछ । घर तथा परिवारहरुले आफ्नो सम्पूर्ण श्रोत आवासको व्यवस्थापनका लागि लगानी गर्नुपर्ने हुँदा पुनर्स्थापनाका लागि गरिएका प्रभावहरुले गति लिन नसक्ने वा ढिलाई हुने । |
| सीमावर्ती मुलुकहरू (मुख्य रूपमा भारत) लाई जोड्ने मुख्य सडकहरू विपद्ले क्षतिग्रस्त बनाउने वा उत्पन्न राजनीतिक तनावले गर्दा बन्द गराइन सक्ने । | राहत सामग्री तथा आधारभूत वस्तुहरू (उदाहरणका लागि इन्धन) को आपूर्तिमा अवरोध (उदाहरणका लागि ईन्धनको अभाव हुन सक्ने ) भई वितरणमा कठिनाई आउन सक्ने । |
| विपद्ले अप्रत्यक्ष प्रभाव स्वरुप (पहिरो, बाढीको कारणले हुने भूक्षय आदी) आवास तथा जमिन सम्पूर्ण रुपमा क्षतिग्रस्त हुने । | प्रभावित परिवार/समुदायहरूलाई बढी सुरक्षित स्थानमा स्थानान्तरण गराउनुपर्छ र प्रभावित कार्यहरु देहाय बमोजिम गर्न ईच्छुक हुनुपर्दछ :<br>– जग्गा तथा जमिन पत्ता लगाउने कार्यमा आउनसक्ने चुनौतीको सामना गर्न र आवास, जमिन तथा सम्पत्ति (HLP) सम्बन्धि अन्य समस्याहरुको समाधान गर्न<br>– आवास तथा बस्तीहरू (उदाहरणका लागि, सामुदायिक पूर्वाधार, जीविकोपार्जन आदि) को पुनर्स्थापनाका लागि थप प्रयासहरु आवश्यक पर्ने । |

| भूकम्पको लागि मात्र | |
|---|---|
| **पूर्वानुमान** | **ध्यान दिनुपर्ने विषय/प्रभाव** |
| भत्केका भवनहरू तथा संरचनाबाट ठुलो परिणाममा भग्नावशेष थुप्रिने । | – भग्नावशेषले सडकहरु तथा राहत पुऱ्याउनु पर्ने स्थानहरुमा पुग्नमा अवरोध पुऱ्याउने एवं आपतकालिन आवासको व्यवस्थापनका लागि स्थान अभाव गराउने ।<br>– भग्नावशेष हटाउने, पुनः प्रयोग तथा तह लगाउने कार्यको प्रतिकार्य तथा पुनर्स्थापनामा महत्वपूर्ण प्रभाव हुन्छ । |
| भवन तथा पूर्वाधारहरू संरचनात्मक क्षतिबाट कति सुरक्षित छन् सो को यकिन हुन नसक्ने । | – भुकम्पबाट प्रभावित परिवारका सदस्यहरु संरचनामा नै क्षति पुगेको घरहरुमा फर्कने वा बस्ने गरेमा ठुलो जोखिममा पर्नेछन् ।<br>– भत्कन सक्ने खतरा भएका जोखिमपूर्ण भवनहरु नजिक बस्ने व्यक्तिहरु पनि जोखिममा पर्नेछन् ।<br>– भत्केका अथवा क्षतिग्रस्त धेरै तला भएका भवनहरूमा भाडामा बस्ने भुकम्पबाट प्रभावित भएका व्यक्तिहरूको ठूलो सङ्ख्याले गर्दा आवास व्यवस्थापन पनि चुनौतीपूर्ण हुनेछ । थप जोखिम कम गर्न र पुनर्स्थापनाका निम्ती आवतजावतको लागि बाटो सफा गर्नका सुरक्षित तवरले घर भत्काउने कार्य पनि चुनौतीपूर्ण हुनेछ । |

| बाढीका लागि मात्र | |
|---|---|
| **पूर्वानुमान** | **ध्यान दिनुपर्ने विषय/प्रभाव** |
| घरहरूमा बाढीको पानी पस्ने र केहि हप्तासम्म घरहरू पहुँच गर्न नसकिने अवस्थामा पुग्ने । | – प्रभावित जनसङ्ख्याले बाढी गएका क्षेत्रहरू आफ्नै प्रयासले छोड्नेछन् अन्यथा उनीहरुलाई सुरक्षित स्थानतर्फ लैजानुपर्छ र त्यसपश्चात् बाढीको अवधिभरिनै आपतकालिन आवासको व्यवस्थापन गर्नु आवश्यक हुनेछ ।<br>– घरहरूमा भएको क्षतिको मात्राको मुल्याकंन पानीको सतह घट्न थालेपछि मात्र गर्न सकिने । |
| पानीको आपूर्ति तथा सरसफाइका व्यवस्थाहरूमा बाढी पस्ने र सो का कारणले पानी तथा जीवाणुबाट रोगहरु फैलिने र सो बाट खानेपानीको अभाव हुने । | – पानी तथा सरसफाइ सम्बन्धि व्यवस्था लाई जुनसुकै आवास पुर्नस्थापाना लागि गरिएको जुनसुकै सहयोगमा समावेश गर्नुपर्नेछ ।<br>– खानेपानी, सरसफाई तथा स्वच्छताका क्षेत्रमा क्रियाशील निकायहरूसँगको निकटको समन्वय विशेष गरी पुर्नस्थापनका दौरान आवश्यक पर्नेछ । |
| प्रभावित जनसङ्ख्याका घरहरू बाढी गईरहने क्षेत्रहरु नजिक हुने भएकाले भविष्यमा आउन सक्ने बाढीको जोखिममा हुनेछन् । | बाढी जाने सम्भावना भएका क्षेत्रहरूमा रहेका घरहरूको पुर्नस्थापनमा गरिने लगानी ठुलो जोखिममा रहने :<br>– पुनर्स्थापनाका लागि प्राविधिक सहयोगका रूपमा घरहरूका लागि बाढीले पार्ने प्रभावको न्युनीकरणका उपायहरु (अग्लो पारिएका जग, माटो पुरेर जगलाई अग्लो पार्ने अथवा बाढीबाट संरक्षण गर्ने पूर्वाधार) लागू गर्ने र तिनको प्रवर्द्धन गर्नेबारेमा विचार गर्नुपर्ने ।<br>– अत्याधिक जोखिममा रहेका स्थानहरुको हकमा पुर्नवास सम्बन्धि सहयोगहरु के कस्ता हुन सक्छन् सो को विचार गर्नुपर्ने । |

## ४. आकस्मिक योजना : उद्देश्य तथा रणनीतिहरू

१. सम्भावित आपतकालिन परिदृश्यहरूको नमुना तयार पार्ने र जोखिममा परेका व्यक्ति तथा समुदायहरूको आवास सम्बन्धि आवश्यकताहरूलाई सम्बोधन गर्न सक्ने किसिमको प्रतिकार्य छनोट गर्ने ।

२. प्रदेश सरकार, गैर-सरकारी सङ्गठन, अन्तर्राष्ट्रिय गैर-सरकारी सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय निकाय तथा निजी क्षेत्र लगायत सरोकारवाला अन्य सङ्गठनहरूका बीचमा सहयोग तथा समन्वयको प्रवर्धन गर्ने ।

३. आपतकालिन आवास तथा पुनर्स्थापना गरिने आवासका लागि यकिन गरिएका न्यूनतम प्राविधिक प्याकेज र आवाससम्बन्धि प्रारम्भिक प्रतिकार्यमा मौसमी सहायता (winterisation) सम्बन्धमा आवश्यक निर्देशन उपलब्ध गराउने ।

समन्वय कायम गर्ने मञ्चका रूपमा पूर्वतयारी तथा प्रतिकार्यमा प्रदेश सरकारसँग मिलेर काम गर्ने सम्बन्मा प्रदेश आवास बिषयगत क्षेत्रको निम्न बमोजिमको भूमिका तथा जिम्मेवारी हुनेछ ।

### ४.१ रणनीतिक निर्देशन

- सर्वपक्षीय रणनीतिक परामर्शदाता समूहसँगको परामर्शमा सामन्जस्यतापूर्ण, प्रभावकारी तथा लक्षित प्रतिकार्य (coherent, effective and targeted response) सुनिश्चितता का लागि आवश्यकता, कमी-कमजोरी, जोखिम तथा स्रोतहरूको पहिचान गरी प्रतिकार्यसम्बन्धि रणनीतिको तर्जुमा गर्ने ।
- प्रदेश सरकारलाई रणनीतिक दिशानिर्देश, प्राविधिक सल्लाह तथा सूचना व्यवस्थापन आदी कार्य मार्फत् क्षेत्रिय रुपमा सहयोग उपलब्ध गराउने ।
- गैर-सरकारी सङ्गठन, अन्तर्राष्ट्रिय गैर-सरकारी सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय निकाय तथा निजी क्षेत्रलगायत मानवीय निकायहरूका लागि प्रतिकार्यमा समन्वय कायम गर्नका निमित्त सामन्जस्यतापूर्ण, एकरुपतापूर्ण र समावेशी ढाँचा (coherent, consistent and inclusive framework) मा उपलब्ध गराउने ।
- हाल देखिएका र पछि आईपर्ने मानवीय आवश्यकताहरूका लागि सहभागिता मूलक तवरले समस्याहरुको समाधान गर्नका लागि संस्थागत सम्बन्ध, साझा अवधारणा तथा उपयुक्त मञ्चहरू (उपयुक्त परामर्शदाता समूहहरू, प्राविधिक कार्यदलहरू) को पहिचान तथा विकास गर्ने ।
- प्रतिकार्यका प्रारम्भिक चरणहरूदेखि नै तुलनात्मक रूपमा दीर्घकालीन पुनर्स्थापनालाई प्रवर्धन गर्ने र आपतकालिन अवस्था वा चरणहरू सकिए पश्चात पनि पुनर्स्थापना सम्बन्धि कार्यक्रमहरु तथा समन्वय जारी राख्न सक्ने मुख्य साझेदार तथा संस्थाहरूको पहिचान गर्ने ।

### ४.२ प्राविधिक मार्ग-दर्शन

- आपतकालिन आवास र जाडोयामको लागि तयार पारिएको मौसमी (winterization) सहायता प्याकेजका लागि स्तरीय प्राविधिक अवधारणाहरू सम्बन्धमा सहमती कायम गर्ने ।
- आपतकालिन आवास र जाडोयामको लागि तयार पारिएको मौसमी सहायता (winterization) प्याकेजको लागि सो मुल्य बराबर को नगदका साथै विपद्का खास परिस्थितिहरूमा नगद सहयोग उपलब्ध गराउनु उचित हुने नहुने (उदाहरणका लागि, बजारको क्रियाशिलता तथा दूरी, बैंकिङ सुविधाहरूको अभाव, मूल्यवृद्धिमा प्रभाव, सुरक्षा स्थिति, स्थानीय सरकारको स्वीकार्यता) सम्बन्धमा आवश्यक लेखाजोखा गरी सो बारेमा आवश्यक दिशानिर्देश प्रदान गर्ने ।
- आपतकालिन प्रतिकार्य तथा पुनर्स्थापनामा प्राविधिक सहयोगका प्याकेजहरू कतिको सहयोगी सिद्ध हुन्छन् सो सम्बन्धमा मुल्याकंन गर्नका लागि आवश्यक खाकाको निर्माण गर्ने ।
- प्रतिकार्यको समयमा कुनै निश्चित प्राविधिक सहयोग उपलब्ध गराउनु आवश्यक देखिएमा सो का लागि प्राविधक परामर्शदाता समुहसँग अनुरोध गर्ने वा सो आवश्यकता पूर्ती गर्नका लागि प्राविधिक परामर्शदाता समुह मार्फत आवश्यक व्यवस्थापन गर्ने ।

### ४.३ सुचना व्यवस्थापन

- मानवीय आवश्यकताहरु र सोको पूर्ती भए नभएको सबै विषयको समग्र मुल्याकंन गर्ने ।
- प्रतिकार्य तथा पुनर्स्थापना लागि चाहिने सामाग्रीहरु, आवश्यकता र उपलब्धता बीचको फरक र राहत वितरणहरु आदी सबैले कसको कुन स्थानमा के भुमिका हुन्छ सो को व्यवस्थापन गर्न र जिम्मेवारी तोक्न र सो को जानकारी लिनका लागि आवश्यक ढाँचा तयार गर्ने ।

- प्राविधिक सहयोगको व्यवस्थाको बारेमा जानकारी लिन, मुल्याकंन गर्न र सो को हिसाब किताब राख्नका लागि आवश्यक विधि वा साधनको विकास गर्ने ।
- विभिन्न क्षेत्रहरूमा के कसरी नगदको वितरण भएको छ सो को स्थिती यकिन गर्न, अनुगमन गर्नुका साथसाथै नगद वितरण भएको छ छैन सो समेतको यकिन गर्नका लागि आवश्यक साधन वा विधि तयार गर्ने । उक्त कार्यहरु गर्नका लागि नगदमा काम गर्ने मानवीय संस्थाहरुको नगद समन्वय मंच (Cash Cordination Group) आवश्यक सहकार्य गर्ने ।
- आपतकालिन रुपमा के कति आवश्यकताहरु पूर्ती हुन बाँकी छ र पुनर्स्थापना सम्बन्धमा के कति आवश्यकताहरु छन् र तिनको उपलब्धता को स्थिति के कस्तो छ सो को मुल्याकंन गर्नका लागि आवश्यक साधन तथा विधिको विकास गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- आवास पुनर्स्थापना अन्तर्गत गरिएका प्रयासहरु कति सफल भए कति भएनन् सो को अनुगमन गर्नका साथसाथै आवास पुनर्स्थापनाका लागि उपलब्ध गराईएका सामाग्रीहरु को गुणस्तरको स्थिती के कस्तो छ सो जान्न र बुझ्नका लागि आवश्यक विधि एवं तरिकाहरुको विकास गर्ने ।

## ५. समग्र व्यवस्थापन तथा समन्वय सम्बन्धि व्यवस्था

आपतकालिन प्रतिकार्यमा संलग्न सम्पूर्ण क्रियाकलापहरूको मुख्य संयोजकका रूपमा विपद् रोकथाम, न्युनीकरण (mitigation), पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापनाका लागि प्रदेश स्तरमा प्रदेश सरकार जिम्मेवार हुनेछ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, र नियमावली, २०७६, बमोजिम केन्द्र देखि स्थानीय तहका विपद् व्यवस्थापनका लागि संरचना तयार भएका छन । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि केन्द्रीय स्रोत निकायको रूपमा कार्य गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ बमोजिम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन गरिएको छ । यस प्राधिकरणलाई गृह मन्त्रालय अन्तर्गत रहि नेपालमा पूर्वतयारी तथा प्रतिकार्य को लागि सरकारी मन्त्रालयहरु, सुरक्षा निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु, प्रादेशिक सरकारहरु तथा स्थानीय सरकारहरु वीच समन्वयको काम गर्ने गरि जिम्मेवारी तोकिएको छ । बागमती प्रदेशमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले मूख्यमन्त्रीको अध्यक्षतमा रहेको प्रदेश स्तरीय विपद् व्यवस्थापन निर्देशक समितिको अधिनमा रहि विपद् पूर्वतयारी तथा प्रतिकार्य संग सम्बिन्धत कार्यहरुको समन्वय गर्नेछ ।

## ५.१ बिपद् प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन प्रक्रिया [१२]


- विपद्को कारण जनधनको व्यापक नोक्सानी भई राष्ट्रिय स्तरमा उपलब्ध आन्तरिक स्रोत र साधनको अपर्याप्तताका कारण बिपद् प्रतिकार्य गर्न थप सहयोगकों आवश्यकता महशुस भएमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले संयुक्त राष्ट्रसंघीय मानवीय संयोजकको कार्यालय, मित्रराष्ट्, रेडक्रस अभियान, क्षेत्रीय संघ- संस्थाहरू, दातृ समुदाय, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय स्तरका पेशागत समूहहरू, गैर-आवासीय नेपालीहरू समक्ष अन्तर्राष्ट्रिय मानवीय सहायताको रूपमा वस्तु, सेवा (खोज उद्धार, हेलिकप्टर, प्रविधिजन्य सेवा, विशेषज्ञ स्वास्थ्य सेवा आदि विशेष सेवा) र नगद सहयोगको लागि आव्हान गर्न सक्नेछ । यस्तो सहयोगको आव्हान गर्दा अर्थ मन्त्रालयको परामर्श लिइनेछ ।
- नेपाल सरकारको आव्हान बमोजिम संयुक्त राष्ट्रसंघ र रेडक्रस अभियानले विपद् प्रतिकार्यमा सहयोग गर्न आवश्यकता अनुसार अन्तर्राष्ट्रिय सहायताको लागि आव्हान गर्न सक्नेछन् । उक्त आव्हान बमोजिम प्राप्त सहायता नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार परिचालन हुनेछ ।
- विपद्को समयमा मानवीय सहायता प्रदान गर्न अन्तर्राष्ट्रिय सहायता सम्बन्धि निर्देशिका बमोजिम गृह मन्त्रालयको समन्वयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अन्तर्राष्ट्रिय समुदायको सूचीकरण र सहयोगको क्षेत्र निर्धारण सम्बन्धि आवश्यक काम कारवाही गर्नेछ । यसरी निर्धारण गरिएको सहयोगको क्षेत्रको सीमा भित्र रही सहयोग गर्नु अन्तर्राष्ट्रिय समुदायको कर्तव्य हुनेछ ।
- नेपाल सरकारको आव्हान बमोजिम मानवीय सहयोगका लागि बिपद् प्रतिकार्य गर्न आउने अन्तर्राष्ट्रिय संघ- संस्था, समूह वा व्यक्तिहरुले आफु र आफ्नो समूहका लागि आवश्यक पर्ने बन्दोबस्तीका विषयमा अन्तर्राष्ट्रिय मान्यता अनुसार स्वयं व्यवस्थित (Self-sustained) हुनु पर्नेछ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तिनीहरुको मानवोचित आवश्यकता र औचित्यताका आधारमा अन्य बन्दोबस्तीको व्यवस्था गर्न सक्नेछ ।
- अन्तर्राष्ट्रिय समुदाय मार्फत् प्राप्त राहत तथा जीवनरक्षा, खोज तथा उद्धार र औषधी उपचारका सामग्रीहरूमा भन्सार लगायत अन्य शुल्कमा संयुक्त राष्ट्रसंघसँग भएको नमूना सम्झौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिमका प्रावधान कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक प्रवन्ध मिलाउने छ ।
- विपद् प्रतिकार्यको लागि नेपाल सरकारको आव्हानमा खोज, उद्धार र मानवीय सहायताका लागि नेपाल आउने अन्तर्राष्ट्रिय समुदायका व्यक्तिहरूलाई नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा तत्काल प्रवेशाज्ञा उपलब्ध गराउन आवश्यक सहजीकरण गरिनेछ । उक्त प्रक्रियाका लागि स्थलमार्ग हुँदे नेपाल आउने अन्तर्राष्ट्रिय समुदायका व्यक्तिलाई ट्रान्जिट प्रवेशाज्ञा र राहत तथा उद्धार सामग्रीहरूको बन्दरगाह सुविधाको लागि नेपाल सरकारले आवश्यक प्रवन्ध मिलाउनेछ ।
- नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय मानवीय संयोजकसँगको समन्वयमा नेपालमा कार्यरत विषयगत क्षेत्र (clusters) लाई विपद् प्रतिकार्यको लागि क्रियाशील गरी उक्त क्षेत्रका प्रमुख वा प्रतिनिधिलाई पूर्णकालीन सम्पर्क व्यक्ति तोक्न सक्नेछ । प्राधिकरणले उक्त विषयगत क्षेत्रलाई विपद् प्रतिकार्यको काम कारवाहीमा परिचालन गर्नेछ ।

## ५.२ अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेश सहायता समन्वय कार्यढाँचा


विपद्को प्रभावकारी प्रतिकार्यका लागि आन्तरिक स्रोत-साधन तथा अन्तर्राष्ट्रिय सहयोग आव्हान गरी गरिने प्रतिकार्यको कार्यढाँचा

१२. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाचा

सामान्यतया देहाय बमोजिम हुनेछ[१३]।





## ५.३ प्रदेशमा आवास सम्बन्धि समन्वयको संस्थागत संरचना तथा कार्यढाँचा




१३. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाचा

बागमती प्रदेशमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले मूख्यमन्त्रीको अध्यक्षतमा रहेको प्रदेश स्तरीय विपद् व्यवस्थापन निर्देशक समितिको अधिनमा रहि विपद् पूर्वतयारी तथा प्रतिकार्य संग सम्विन्धत कार्यहरुको समन्वय गर्नेछ । बागमती प्रदेशमा आवास सम्बन्धि गतिविधिहरूको समन्वय तथा नेतृत्व भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले गर्नेछ । भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेशमा विपद् व्यवस्थापन निर्देशक समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्देशन तथा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानयि विपद् व्यवस्थापन समिति संगको समन्वयमा प्रदेशमा आवास सम्वन्धि गतिविधिरु सञ्चालन गर्नेछ । राष्ट्रिय स्तरमा सहरी विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आवास विषयगत क्षेत्रको सह नेतृत्व तथा सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका सघन शहरी तथा भवन निर्माण आयोजनाहरु संग आवश्यक समन्वय गर्नेछ । संघीय तथा प्रदेश स्तरमा आवास सम्बन्धि समन्वयको संस्थागत संरचना देहायवमोजिम हुनेछ ।

## ५.४ आवास विषयगत क्षेत्रको संरचना



## ५.५ नेतृत्व र नेतृत्वमा सहयोग पुऱ्याउने निकायहरू

- **समूह तहको नेतृत्व लिने निकाय :** भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको आवास, भवन तथा शहरी विकास महाशाखा
- **सह नेतृत्व गर्ने निकायः** राष्ट्रिय आवास तथा वस्ती उत्थानशील समन्वय मञ्च र आवाससम्बन्धि समूहका साझेदारहरू
- **आवास सम्बन्धि समूहका साझेदारहरू** भनेका आवास सम्बन्धि सहयोग पुऱ्याउने ती निकाय, सङ्गठन तथा व्यक्तिहरू हुन् जसले आवास समूह मार्फत् आफ्ना गतिविधिहरूका बारेमा प्रतिवेदन प्रस्तुत गर्दछन् र जसलाई पत्राचार गर्नका लागि तयार पारीएको सूचीमा समावेश गरिएको छ।

**रणनीति सम्बन्धि परामर्शदातृ समूह** (Strategic Advisory Group – SAG):

- निर्णय गर्ने वा लिने सर्वोच्च निकाय।
- आवास समूहका रणनीति, अवधारणा तथा मुख्य दस्तावेजहरूको समीक्षा गर्ने/स्वीकृत गर्ने।
- आवास बिषयगत क्षेत्रको समन्वय गर्ने टोलीले तयार गर्ने रणनीतिहरुको मुल्याकंन गर्नुभन्दा पहिले सो सम्बन्धमा आवश्यक परामर्श दिने, विधि एवं तरिकाका बारेमा जानकारी दिने, आवश्यक दस्तावेज एवं कागजातहरु उपलब्ध गराउनेका साथसाथै आवश्यक निर्देशन दिने।

**प्राविधिक कार्यगत समूहहरू** (Technical Working Groups - TWGs):

- आवास बिषयगत क्षेत्रका प्राविधिक संयोजकहरुले साझेदारहरूको अनुरोधका आधारमा र आवास समूह र/वा रणनीतिक परामर्शदाता समूह (SAG) को स्वीकृतिमा प्राविधिक कार्यगत समूहहरू (TWGs) तोक्ने र तिनलाई स्पष्ट रुपमा समयसिमा र अपेक्षित प्रतिफलहरु समेत दिई सक्रिय गराउने।
- प्राविधिक कार्यगत समुहको कार्य सम्पादनलाई आवास समुहका साझेदारहरुले सहज बनाईदिने र आवास बिषयगत क्षेत्रका प्राविधिक संयोजकहरुले आवश्यकता अनुसार सहयोग उपलब्ध गराउने छन्।
- प्राविधिक कार्यगत समुहको गठन कार्यविवरण (TOR) मा पहिचान भएका वा सहजकर्ताको स्वविवेकमा तोकिएका शिर्षक वा क्षेत्रमा विशेषज्ञता भएका वा रुचि राख्ने निकायहरु मध्येबाट मात्र गरिन्छ।

**पुनर्स्थापना सम्बन्धि कार्यगत समूह** (Recovery Working Group - RWG):

- आवास बिषयगत क्षेत्रले आपतकालिन तथा पुनर्स्थापनाका कार्यक्रमहरु बीचमा सामन्जस्यता कायम गर्न, सहजीकरण गर्न एवं दिर्घकालिन सहायता कार्यक्रमहरुको योजना बनाउनका लागि पुनर्स्थापना सम्बन्धि कार्यगत समुहको गठन गर्न सक्नेछ।
- पुनर्स्थापना सम्बन्धि कार्यगत समुहमा दिर्घकाल सम्म पुनर्स्थापना सम्बन्धि कार्यमा संलग्न हुने साझेदारहरुको प्रतिनिधित्व हुनुपर्दछ।

**संघीय तहसंग समन्वय** (Federal Coordination):

- प्रदेश आवास बिषयगत क्षेत्रले आवश्यक सहयोग तथा योजना तर्जुमा प्रक्रियामा आवास बिषयगत क्षेत्रको राष्ट्रिय नेतृत्वकर्ता र सह-नेतृत्वकर्तासंग निरन्तर परामर्श र समन्वय गर्ने।

## ५.६ भूमिका तथा जिम्मेवारीहरूको रूपरेखा [१४]

| क्र.स. | संगठन | जिम्मेवारी |
|---|---|---|
| १ | बागमती प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति | • मुख्यमन्त्री अध्यक्ष रहेको यस समितिले प्रदेशमा विपद् व्यवस्थापन सम्वन्धि क्रियाकलापको प्रभावकारी रुपमा सञ्चालन, व्यवस्थापन, नियमन र अनुगमन गर्दछ। <br>• प्रदेशभित्र विपद् संकटग्रस्त क्षेत्र घोषणाका लागि सिफारिस गर्ने <br>• प्रदेश स्तरमा विपद् प्रतिकार्य पुनर्लाभ, पुनर्स्थापना र स्थान्तरण सम्मका कार्य गर्ने गराउने |
| २ | बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | • प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिको निर्देशन कार्यान्वयन तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने समिति <br>• आपतकालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आवास तथा अन्य संरचनाको निर्माण गर्ने, गराउने <br>• विपद् जोखिम न्यूनिकरणका लागि विषयगत क्षेत्र अनुरुप आपतकालीन योजना तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने <br>• प्रतिकार्यका लागि चाहिने सामग्री साथै राहत सामग्रीहरुको प्रवन्ध गर्ने |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश | • बागमती प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको नेतृत्व <br>• प्रदेश आपतकालीन सञ्चालन केन्द्रलाई २४ घण्टा सञ्चालनमा राख्ने <br>• मनसुन पूर्वतयारी र प्रतिकार्यमा लागी प्रदेशभित्र सरोकारवाला निकाय र सघंसस्था संग समन्वय गर्ने <br>• जिल्ला विपद् व्यवस्थापन कोषमा अस्थायी आवास निर्माणका लागि सहयोग उपल्ब्ध गराउने |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश | • आवास विषयगत क्षेत्रको प्रदेशमा नेतृत्व गर्ने। <br>• आवास विषयगत क्षेत्रको वैठकहरु आयोजना गर्ने यसको जानकारी राष्ट्रिय आवास विषयगत क्षेत्रलाई गराउने। <br>• आवासका लागि सुरक्षित ठाँउहरु पहिचान गर्न स्थानीय निकायसंग समन्वय गर्ने। <br>• सेल्टरसँग सम्बन्धित आवश्यक आवास व्यवस्थापनका लागि चाहिने न्युनतम प्याकेज निर्धारण गर्न राष्ट्रिय आवास विषयगत क्षेत्र संग समन्वय तथा आवश्यक परार्मश गर्ने। <br>• Collapsed structure हरूको लगत राखी पुनर्निर्माणका लागि तयारी गर्न जिल्ला तथा स्थानीय निकायसंग समन्वय गर्ने। <br>• आवश्यक क्याम्प व्यवस्थापन गर्न लगाउने, यसका लागि जिल्ला तथा स्थानीय निकायसंग समन्वय गर्ने। आपतकालीन जोखिम तथा घटनामा सहभागी हुने। <br>• विपद् बाट प्रभावित भएकाहरुलाई सेल्टर तयारी तथा सेल्टरको लागि प्राविधिक कार्यमा जिल्ला तथा स्थानीय निकायलाई सहयोग गर्ने। <br>• विपद् पश्चात सेल्टर निर्माणमा जिल्ला तथा स्थानीय निकायलाई प्राविधिक सहयोग प्रदान गर्ने। <br>• खोज तथा उद्धार र प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्ति तयार गर्न स्थानीय निकायलाई सहयोग गर्ने। <br>• आपतकालीन तथा अस्थायी आवास निर्माण सम्वन्धि जिल्ला तथा स्थानीय तहमा जनशक्ति तयार गर्न जिल्ला तथा स्थानीय तहसंग समन्वय गरेर तालिमहरु सञ्चालन गर्ने। |
| ५ | जिल्ला विपद् व्यवस्थापन समिति | • परिषद्, कार्यकारी समिति तथा प्रदेश समितिबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने, <br>• आवास पुर्वतयारी तथा प्रतिकार्यको जिल्ला तहमा नेतृत्व <br>• जिल्ला रेडक्रस, उधोग वाणिज्य संघ, संघसंस्था साथै अरु सरोकारवाला निकाय संग आवास सम्वन्धि कार्यको समन्वय गर्ने <br>• जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गर्ने, गराउने, <br>• आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको लागि आपत्कालीन आवास गृहको व्यवस्था गर्ने, यसका लागि नेपाल सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश र स्थानीय निकायसंग आवश्यक सहयोग लिने र समन्वय गर्ने। <br>• विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक बस्तुको प्रबन्ध गर्ने, |

१४. विपद् जोखिम न्यूनीकरण तथा व्यिस्थापन ऐन, २०७४ संशोधन सहित

| क.स. | संगठन | जिम्मेवारी |
|---|---|---|
| ५ | जिल्ला विपद् व्यवस्थापन समिति | • विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,<br>• असुरक्षित भवन तथा स्थानमा रहेका विपद् प्रभावित व्यक्तिहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने,<br>• जिल्लामा गैर खाद्य सामग्राको भण्डारण गर्ने<br>• संघ तथा प्रदेश सरकारबाट प्राप्त राहत वितरणका लागि प्राप्त रकम सम्बन्धित सरकारको मापदण्डबमोजिम प्रदान गर्ने।<br>• स्थानीय निकायवाट सहयोग माग गरि आएका लाभग्राहिको प्रमाणित गर्ने |
| ६ | स्थानीय विपद् व्यवस्थापन समिति | • परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,<br>• सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्ने, गराउने,<br>• स्थानीय समुदायलाई विपद्प्रति जागरक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,<br>• कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धि अन्य कार्य गर्ने, गराउने,<br>• आवासका लागि सुरक्षित ठाँउहरु पहिचान गर्न सहयोग गर्ने<br>• विपद् पश्चात सेल्टर निर्माणमा सहयोग गर्ने<br>• नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने<br>• स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने<br>• विपद् प्रतिकार्यमा समुदाय तहमा स्वयंसेवक परिचालनका लागि कार्यविधी बनाई लागु गर्ने<br>• नगर आपत्कालिन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने र उक्त केन्द्रको कार्यसंचालन विधि तयार गर्ने<br>• खोज तथा उद्धार र प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्ति तयार गर्ने<br>• आपतकालीन तथा अस्थायी आवास निर्माण सम्वन्धि जनशक्ति तयार गर्न जिल्ला तथा प्रदेश तहसंग समन्वय गरेर तालिमहरु सञ्चालन गर्ने ।यसका लागि राष्ट्रिय आवास विषयगत क्षेत्र संग समन्वय गरेर तालिम सम्वन्धि प्याकेजहरु निर्धारण गर्ने । |
| ७ | राष्ट्रिय आवास तथा वस्ती उत्थानशिल समन्वय मञ्च | प्रदेश आवास विषयगत क्षेत्रको सह नेतृत्व |

## ६. सिद्धान्तहरू

- **संरक्षण सम्वन्धि सिद्धान्त :** संरक्षणसम्बन्धि सिद्धान्तहरूले मानवीय बडापत्रमा उल्लिखित अधिकारहरू अर्थात् मर्यादासहित बाँच्न पाउने अधिकार, मानवीय सहयोगको अधिकार र संरक्षण तथा सुरक्षाको अधिकारलाई समर्थन गर्दछ। संरक्षणका यी चार सिद्धान्तहरू सवै मानवीय कार्य तथा सम्पूर्ण मानवीय निकायहरूका लागि लागू हुन्छन :
  - मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्धन गर्ने र उनीहरूलाई थप हानि- नोक्सानीको सामना गर्नबाट जोगाउने ।
  - आवश्यकता बमोजिम र भेदभाव विना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच सुनिश्चित गर्ने ।
  - धम्क्याइएको अथवा वास्तविक हिंसा, जबर्जस्ती अथवा जानाजान गरिएका शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसहरूलाई सहयोग उपलब्ध गराउने ।
  - आफ्ना अधिकारहरूको दाबी गर्न मानिसहरूलाई सहयोग गर्ने ।
- **सांस्कृतिक :** स्थानीय रूपमा उपलब्ध सामग्री, डिजाइन तथा प्रविधिहरूको प्रयोग गर्दै सांस्कृतिक पहिचान तथा जीवनशैलीको सम्मान गर्ने ।
- **स्थानीय सन्दर्भ :** ग्रामिण तथा शहरी दुवै सन्दर्भ वा परिप्रेक्षमा पहुँच समुदाय तथा घर-परिवारहरूका खास आवश्यकताहरूलाई सम्बोधन गर्ने ।
- **वातावरणीय :** स्थानीय तथा पर्यावरणीय वातावारणमा वा बाट पर्ने नकारात्मक असरलाई न्युनीकरण गर्ने र सम्भव भएसम्म सामाग्री तथा वस्तुहरुलाई पुनः प्रयोगमा ल्याई वा क्षति हुन नदिई प्रकृतीको संवर्द्धन गर्नुपर्ने ।
- **सामन्जस्यता मिलाउने (alignment) :** समूह तहमा सहमती कायम भए बमोजिम मानवीय प्रतिकार्य सम्बन्धि योजना तथा संयन्त्रहरूसँग उत्कृष्ट अभ्यास, कानून, नियम, नीति तथा संहिता (code) सँग सामन्जस्यता मिलाउने ।
- **समन्वय :** दोहोरोपन (overlapping), कमी-कमजोरी हुन नदिनका लागि र दक्षता सुनिश्चित गर्नका लागि सहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति तथा स्थानीय तह तथा अन्य क्रियाशील निकायहरूसँग समन्वय गर्ने ।
- **सङ्क्रमण (transition) :** प्रभावित व्यक्ति तथा घरपरिवारहरु स्वयंबाट थालिएको पुनर्स्थापना (self-recovery) तथा निर्माणलाई सघाउँदै आपतकालिन तथा राहतका चरणहरू सहज रुपमा पार हुने कुराको सुनिश्चतता गर्ने ।
- **बजार :** बजारहरू पर्याप्त गुणस्तर तथा परिमाणमा वस्तु तथा सेवाहरू उपलब्ध गराउनका लागि क्रियाशील एवं सक्षम भएका खण्डमा नगद बितरण अथवा भौचरहरूको माध्यमबाट भएको राहत वितरणले स्थानीय खरिद तथा व्यापारमा सहयोग पुर्‍याउँदछन् ।
- **जीवन रक्षा :** प्राथमिकता भित्र परेका घरपरिवारहरुलाई आवास तथा बसोबासको व्यवस्थापन गर्नका लागि भविष्यमा आउनसक्ने जोखिमहरु समेतलाई सामना गर्न सक्ने किसिमले आवास तथा बस्तीको डिजाईन, पुनः निर्माण र मर्मतसंभार गर्नका लागि सहयोग उपलब्ध हुने कुराको सुनिश्चिता गर्ने ।
- **सहभागिता तथा परामर्श :** मुल्याकंन, खरिद, डिजाइन, निर्माण, अनुगमन तथा परिक्षण लगायतका आवास व्यवस्थापनका सम्पूर्ण प्रकृयामा समावेशी तथा प्रकृयामुलक तवरले प्रभावित जनसंख्याको सहभागिताको सुनिश्चितता गर्ने ।
- **एकीकृत सफ्टवेयर (software) तथा हार्डवेयर (hardware) सम्बन्धि अवधारणा :** सहयोगको गुणस्तरीयता को सुनिश्चितताका लागि सफ्टवेयर (उदाहरणका लागि, वितरण गरिएका सामग्रीहरूको प्रयोगका बारेमा सामुदायिक प्रशिक्षणका सत्रहरू) को प्रयोगलाई अनिवार्य गर्ने ।
- **संलग्नता :** विपद्‌बाट प्रभावित समुदायलाई उनीहरुको भविष्य र स्थायी सामाधनका लागि हुने छलफलमा सकृयरुपमा सहभागी गराएर विशिष्ट प्रकारका जोखिमहरु, खतरा, स्थानीय नीति तथा क्षमतालाई मध्यनजर गर्दै आवास व्यवस्थापनका लागि स्थानीय सरकारसँग पैरवी गर्ने ।
- **जवाफदेहीता तथा पारदर्शिता :** आवास सम्बन्धि सम्पूर्ण कार्यक्रमहरूमा विशेषतः प्रभावित जनसङ्ख्याप्रतिको जवाफदेहिता तथा पारदर्शितालाई शुरुदेखि नै मुलधारमा राख्नुपर्दछ ।
- **लैङ्गिकता तथा विविधता :** फरक-फरक उमेर तथा पृष्ठभूमिका महिला, पुरुष, किशोर तथा किशोरीहरूका विशिष्ट आवश्यकता एवं क्षमताहरू हुन्छन् र आवाससम्बन्धि कार्यक्रमहरूमा परियोजनाहरूको डिजाइन र कार्यान्वयनमा यिनलाई समावेश गरिनु

महत्वपूर्ण हुन्छ ।

- **जोखिममा परेको जनसंख्या :** सबैभन्दा जोखिममा परेको जनसंख्याको पहिचान भएको छ छैन, प्राथमिकतामा राखिएको छ छैन उनीहरुका विशिष्ट आवश्यकताहरुको पूर्तीका लागि यथोचित व्यवस्थाहरु गरिएको छ छैन, सो यकिन गर्ने ।
- **जीविकोपार्जन :** जीविकोपार्जन तथा बजारको अवस्था बुझ्ेर मात्र कार्यक्रमहरुको खाका तयार भएको छ वा छैन, कार्यक्रमहरु आपतकालिन तथा राहतका चरणहरुबाटै शुरु भएको नभएको र जीविकोपार्जन तथा बजार, श्रम, ढुवानी तथा अन्य अवसरहरूको माध्यमबाट आपतकालिन परिस्थिति तथा राहतका चरणहरू मार्फत सहयोग पुऱ्याइएको र आवश्यक गतिमा शुरु भईसकेको कुराको सुनिश्चितता गर्ने ।
- **मूल्याङ्कन :** उपयुक्त नतिजाहरू हासिल गरिएका छन् कि छैनन् भन्ने कुरा निर्धारण गर्ने कार्यमा आवास बिषयगत समूहका निकायहरू तथा सरकारसमक्ष पेश गरिने प्रतिवेदनका साथै घर-परिवारको तहमा गरिने सर्वेक्षण, समुदायको तहका सहभागितामूलक आवधारणाबाट प्राप्त निष्कर्षहरूको प्रमाणमा आधारित छड्के जाँच (triangulation) लाई समावेश गरिन्छ ।

## ७. अन्तरसम्बन्धित विषय र सवालहरु [१५]

### क. लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI)

आवास क्षेत्रले संरक्षण विषयगत क्षेत्रसँग नजिकमा रहेर जातीय, सांस्कृतिक र धार्मिक आधारमा अल्पसंख्यक सीमान्तकृत र कमजोर समूहहरू; बालालिकाहरु, किशोर किशोरीहरु, गर्भवती महिला र स्तनपान गराउने आमाहरू, महिला घरमूली भएका घरपरिवारहरू,वृद्ध, अपाङ्गता भएका व्यक्तिहरू, LGBTQIA+ समुदाय, विस्थापित व्यक्तिहरू र जोखिममा परेका व्यक्तिहरुलाई विशेष प्राथमिकता दिइनेछ

### ख. समुदायको सहभागीता तथा उत्तरदायित्व (Community Engagement and Accountability)

आवास विषयगत क्षेत्र सदस्य संस्थाहरूले समुदायको संयुक्त सहभागीता र राहत सहायताको डिजाईन, योजना निर्माण र कार्यान्वयन लागि स्थानीय सरोकारवालाहरुको विकास गर्नका लागि उत्कृष्ट र सहभागीतामूलक सञ्चार उपायहरुको अवलम्वन गर्न आपतकालीन सञ्चार विषयगत क्षेत्र संग नजिकवाट काम गर्नेछ । आवास क्षेत्र सदस्य संस्थाले समुदायमा सेवाहरू प्रदान गर्दा पारदर्शिता कायम राख्नेछन । आवास विषयगत क्षेत्रले सामुदायिक संलग्नता र जवाफदेहिता र चार स्तम्भहरू - पारदर्शीता, सञ्चार, संलग्नता, प्रतिक्रिया संयन्त्र र समुदायको नेतृत्वमा अनुगमन र मूल्याङ्कनका लागि न्यूनतम मापदण्डहरू लागू गर्नेछ, यी मापदण्डहरूलाई यसको कामका सबै मुख्य क्षेत्रहरूमा एकीकृत गर्न स्थानीय र समुदायको प्रभावकारी संलग्नता सुनिश्चित गर्दछ ।

### ग. कोभिड-१९ (COVID-19)

COVID–19 महामारीले विश्वभर थप जोखिमहरू सिर्जना गरेको छ; तसर्थ, सबै क्लस्टर सदस्य संस्थाहरुले चलिरहेको परियोजनाहरूमा उपयुक्त सुरक्षा उपायहरू समावेश गर्न थालेका छन । यदि वर्तमान महामारीको अवस्था भविष्यमा व्यापक रूपमा फैलियो भने, यसले अन्तर्राष्ट्रिय सर्ज टोली तैनाथ गर्न थप चुनौती सिर्जना गर्न सक्छ र यसले स्वयंसेवकहरूलाई थप जोखिम निम्त्याउन सक्छ । क्लस्टर सदस्य संस्थाहरूले आगामी वर्षहरूमा प्रतिकार्य सञ्चालनमा आवश्यक सुरक्षा उपायहरूलाई थप प्रवर्दधन गर्नेछन । यसमा लाभग्रहीहरू, पहिलो प्रतिकार्यकर्ताहरू, कर्मचारीहरू र ग्राउन्डमा स्वयंसेवकहरूको सुरक्षा सुनिश्चित गर्न लक्ष्य राख्दै सबै वितरण साइटहरूमा कडा सुरक्षा प्रोटोकल राख्ने समावेश छ । सबैभन्दा खराब अवस्थामा, उत्कृष्ट सम्भावित रणनीति, जस्तै सर्ज टोलीबाट दुरी राखेर प्रतिकार्य गर्न एक विकल्प हुन सक्छ । शेल्टर क्लस्टरले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को सबै प्रकारका नीति, निर्देशन र निर्देशनहरूको नियमित पालना गर्नेछ । आवास बिषगत क्षेत्रले जीवन बचाउने आवास सम्वन्धि आपूर्तिमा कुनै पनि महामारी सम्बन्धि प्रतिबन्धहरूले ढिलाइ वा अवरोध नगर्ने सुनिश्चित गर्न लजिस्टिक क्लस्टरसँग मिलेर काम गर्नेछ ।

### घ. यौन शोषण र दुर्वव्यवहार रोकथाम (PSEA)

आवश्यक विषयगत क्षेत्र सदस्य संस्थाहरू यौन शोषण, दुर्वव्यवहार र हिंसा सम्बन्धि शून्य सहनशीलता नीतिको पालना गर्न पूर्ण रूपमा प्रतिबद्ध छन । विभिन्न उमेर समुह, लिङ्ग र लिङ्गको संरक्षण सुनिश्चित गर्न उपयुक्त उपायहरूलाई परिचालन योजना र अभ्यासहरूमा एकीकृत गरी लाभग्राहीहरूलाई कुनै पनि जोखिम र हिंसाबाट जोगाउन सकिन्छ। यौन शोषण वा दुर्वव्यवहारको कुनै पनि शंका सम्बन्धित निकायलाई तुरुन्तै रिपोर्ट गरिनेछ ।

आवास बिषयगत क्षेत्रले राहत तथा पुनर्स्थापना योजनाको तर्जुमा, डिजाइन, कार्यान्वयन तथा अनुगमनका सम्पूर्ण पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरुको पनि सहभागिता सुनिश्चितता गराउने प्रकारका समावेशी प्रकृतीका आवास कार्यक्रम तथा गतिविधिहरुको प्रवर्द्धन गर्दछ ।

### ङ. वातावरण

आवास सम्बन्धि कार्यक्रमहरूको योजना तर्जुमा, डिजाइन तथा कार्यान्वयन गर्ने समयमा कार्यक्रम चक्रभरि नै वातावरणका बारेमा विचार गर्नु आवास सम्बन्धि निकायहरूका लागि निकै नै महत्वपूर्ण हुन्छ । यस अन्तर्गत राहत कार्यक्रम तथा पुनर्स्थापना अन्तर्गत रहेको तुलनात्मक रूपमा दीर्घकालीन प्रकृतिका कार्यक्रमहरू पर्दछन् । परियोजनाहरु तयार गर्दा वातावरण सम्बन्धि उत्कृष्ट योजना

---

१५. EARTHQUAKE CONTINGENCY PLAN
*(https://un.org.np/sites/default/files/doc_publication/2022-02/2021 EQ ERP FINAL.pdf)*

बनाइएमा त्यसले विपद् पूर्वतयारीमा सहयोग पुग्दछ र प्राकृतिक प्रकोपहरूको जोखिमलाई कम गराई घरपरिवार तथा समुदायहरु जोखिममा पर्ने सम्भावनालाई कम गर्दछ। नेपालमा वन विनासको वर्तमान स्थितीलाई हेर्दा यस विषय अति नै महत्वपूर्ण छ।

## च. आवास, जमिन तथा सम्पत्ति (Housing, Land and Property)

प्रभावकारी मानवीय कार्य एवं गतिविधिका लागि जमिन माथिको भोगचलन गर्न पाउने कुरा सुनिश्चिता हुनु अत्यावश्यक छ र यसले शिघ्र तथा दिर्घकालिन पुनर्स्थापनालाई प्रवर्धन पनि गर्न सक्छ। यसका साथै, जग्गामाथि भोगचलन गर्न पाउने कुराको असुरक्षा अथवा विस्थापनले पुनर्स्थापनाका प्रयासहरुलाई कमजोर बनाउन सक्छ। आवास बिषयगत समुहले सम्भव भए सम्म पुनर्स्थापनाका दौरान आउनसक्ने आवास तथा सम्पत्ती सम्बन्धि सम्पूर्ण कठिनाईहरु सम्बोधन गर्न स्थानीय तह तथा साझेदारहरुसँग मिलेर काम गर्नेछ। यसो गर्दा घर तथा आवास गुमाएका व्यक्तिहरूले निश्चिन्त भएर पुनर्निर्माण सुरु गर्न सक्षम हुनेछन।

# ८. प्रतिकार्य तथा पूर्वतयारी सम्बन्धि योजनाहरू [१६ १७]

## ८.१ दुवै परिदृश्यहरूका लागि पूर्वतयारी सम्बन्धि गतिविधिहरू

***गतिविधिहरुको सारांश***

- आवास विषयगत क्षेत्र सदस्य संस्थाहरूले अन्य विषयगत सदस्य संस्थाहरुसंग क्षेत्रगत कार्यहरुजस्तै शिविर व्यवस्थापन, नगद-आधारित कार्यक्रम र आपतकालीन अवस्थामा प्रतिकार्य क्षमता अभिवृद्धि गर्न प्राविधिक विशेषज्ञताको परिचालनका लागि समन्वय गर्नेछ ।
- राष्ट्रिय स्तरको आवास विषयगत क्षेत्रसंग समन्वय गरि प्रदेशमा आवास विषयगत क्षेत्रको गठन गर्ने तथा क्रियाशील वनाउने ।
- त्रैमासिक रुपमा प्रदेशका क्षमताहरू (HR, वित्तीय र सामग्रीहरु, गैर-खाद्य सामग्रीहरू, आवास किटहरु र खुला ठाँउहरु/आपतकालीन निकास केन्द्रहरू सहित) को नक्साकंन गर्ने
- प्रतिकार्य औजार, टेम्प्लेट र कीटहरुको मानकीकरण गर्ने ।
- प्रदेशका मूख्य स्थानहरुमा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने ।
- विषयगत क्षेत्र समन्वय तथा सुरक्षित आवास संग सम्वन्धित प्रदेशमा तालिम प्राप्त जनशक्तिको विकास गर्ने,जसमा कम्तिमा ३३% महिला सहभागिता हुनुपर्ने ।

| समय सीमा | पूर्वतयारी सम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| वर्षा याम/बाढी शुरु हुनुभन्दा पहिले, निरन्तर | आवास निकायहरूको उपस्थिति (फिल्ड कार्यालयहरू) र मानव संसाधनको पहिचान गर्ने त्यस्ता निकायले समन्वय, सूचना व्यवस्थापन, प्राविधिक तथा अन्य मुल्याकंनका साथसाथै लैङ्गिक, आवास, वातावरणीय तथा संचारजस्ता कार्यमा सहयोग तथा परामर्श उपलब्ध गराउन सक्ने । | समुहका सम्पर्क विन्दु र साझेदारहरु |
| | आवश्यक र उपलब्ध श्रोतको पहिचान गर्ने र सम्भव भएका सम्बन्धित कर्मचारीहरूलाई तालिम दिने (उदाहरणका लागि, सूचना व्यवस्थापन, समन्वय आदिका बारेमा संयुक्त रूपमा तालिमको आयोजना गर्ने ।) | समुहका सम्पर्क विन्दु र साझेदारहरु |
| | आवास विषयगत क्षेत्रको सहयोगका लागि उपलब्ध गराइएका निकायका कर्मचारीहरू (उदाहरणका लागि प्रदेश संयोजकहरू) का लागि कार्यविवरण (TOR) तयार गर्ने र सोका बारेमा जानकारी दिने । तालिमप्राप्त गरेका तथा खटाउन सकिने प्रदेश स्तरका कर्मचारीहरूको नामावली तयार पार्ने, काम गर्ने ढाँचाका बारेमा सहमति कायम गर्ने र यस्ता सहयोग सम्बन्धि भूमिकाहरूका लागि पूर्व-स्वीकृतिको व्यवस्था मिलाउने । | राष्ट्रिय आवास बिषयगत क्षेत्र (NSC) टोलीको सहयोगमा समुहका सम्पर्क विन्दु र साझेदारहरु |
| | संयुक्त रूपमा गरिने आवश्यकताको मुल्याकंनका लागि ढाँचा (format) स्वीकृत गर्ने र यसको प्रयोगका लागि प्रतिबद्धता व्यक्त गर्ने | समुहका सम्पर्क विन्दु र साझेदारहरु |

१६. Shelter Cluster Nepal Contingency Plan for the Coordination of Shelter Preparedness and Response in Nepal_Draft *(https://sheltercluster.s3.eu-central-1.amazonaws.com/public/2018 SC Nepal Contingency Plan -English DRAFT.pdf)*

१७. EARTHQUAKE CONTINGENCY PLAN-2022 *(https://un.org.np/sites/default/files/doc_publication/2022-02/2021 EQ ERP FINAL.pdf)*

| समय सीमा | पूर्वतयारी सम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| वर्षा याम/बाढी शुरु हुनुभन्दा पहिले, निरन्तर | स्वीकृत भएको मुल्याकंनको ढाँचा (format) का बारेमा स्वयंसेवक तथा कर्मचारीहरूलाई तालिम/अभिमूखिकरण दिने -अथवा पुर्नताजगी तालिम दिने) | समूहका साझेदारहरू |
| | समन्वय गर्ने संयन्त्रहरूको प्रभावकारीताको परीक्षण गर्नका लागि समन्वय सम्बन्धि प्रशिक्षण तथा फिल्डमा पूर्वतयारी अभ्यास सञ्चालन गर्ने | राष्ट्रिय आवास बिषयगत क्षेत्र (NSC) टोलीको सहयोगमा समुहका सम्पर्क विन्दु र साझेदारहरु |
| | प्रदेशभित्र भण्डारण गरिएका आपतकालिन आवास तथा राहत सामग्रीहरू कहाँ कति संख्यामा छन् सो को जानकारी लिने । | समुहका सम्पर्क विन्दु र साझेदारहरु |
| | आपतकालिन तथा पुनर्स्थापनाका दौरानमा आवश्यक पर्ने भनी सहमती गरिएका आवासका किटहरु (kits) तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण तथा भण्डारबाट प्रयोग भएमा सो को शोधभर्ना को व्यवस्था गर्ने (विशेष गरी जोखिममा रहेको प्रदेशहरुमा) । | समूहका साझेदारहरू |
| | समुहले बागमती बाट कार्यसंचालन गर्नका लागि पायक पर्ने एवं उचित स्थान तथा भवनको पहिचान गर्ने । (नेरेसोको मकवानपुरको कार्यालय, सहरी विकास तथा भवन निर्माण विभाग अनतर्गतका आयोजना कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय आदि) | समूहको सम्पर्क निकाय |
| | आवश्यक गैर-खाद्य सामग्री तथा आवास सम्वन्धि सामग्रीहरू (उदाहरणका लागि, त्रिपाल, कम्वल, भान्साका सेट (kitchen sets), बाँस) को बजार तथा आपूर्तिको मुल्याकंन गर्ने, अति आवश्यक पर्ने आवास/गैर-खाद्य सामग्रीका आपूर्तिकर्ताहरूसँग (खरिद अथवा भण्डारणका लागि) पहिले नै सम्झौता गर्ने तर्फ ध्यान दिनुपर्ने । | समूहका साझेदारहरू |
| | आवास तथा स्तरीय गैर-खाद्य सामग्रीका किटहरू र आपतकालिन आवासका नमुना डिजाइनहरूलाई अन्तिम रूप दिने र सो का लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालय को स्वीकृति लिने, समूहका सबै साझेदारहरूलाई यस सम्बन्धमा जानकारी दिने । | भौतिक पूर्वाधार विकास मन्त्रालय र साझेदारहरु |
| | आवासका सामग्रीहरू (सूचना, शिक्षा तथा सञ्चार का सामग्रीहरू, आवासको नमुना निर्माण) सहित अन्य प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धमा आवश्यक सहमती गर्ने । | समूहको सम्पर्क विन्दु र साझेदारहरू |
| | नगद वितरणको मापदण्डको प्रचार प्रसार गर्ने र यसका पूर्वसर्तका बारेमा सहमत हुने । | समूहको सम्पर्क विन्दु |
| | बिभिन्न जोखिम क्षेत्रहरुमा नगद वितरणको संभाव्यता अध्ययन गर्ने र सम्भव हुने देखिएमा सेवा प्रदायक तथा आपूर्तिकर्ताहरू (बैङ्कहरू) सँग पहिले नै सम्झौता गर्ने । | समूहका साझेदारहरू |

| समय सीमा | पूर्वतयारी सम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| वर्षा याम/बाढी शुरु हुनुभन्दा पहिले, निरन्तर | निजी क्षेत्रको श्रोत तथा क्षमताको बारेमा आवश्यक जानकारी राख्ने तथा सरोकारवाला पक्षलाई समुहमा आबद्ध गराउनका लागि आवश्यक संवाद सुरु गर्ने । | समूहको सम्पर्क विन्दु/अभिरुचि राख्ने साझेदार |
| | आपतकालिन प्रतिकार्यमा नयाँ/तालिम प्राप्त नगरेका स्वयंसेवकहरूलाई कसरी काममा ल्याउने र तिनको व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा अनुभवहरूको आदान-प्रदान/छलफल गर्ने । | समूहको सम्पर्क विन्दु/अभिरुचि राख्ने साझेदारहरू |
| | आपतकालिन आवास/गैर-खाद्य सामग्रीहरूको गुणस्तर/परिमाण/उपलब्धताका सम्बन्धमा लाभान्वित हुने व्यक्तिहरूको सहभागिता/सुझाव दिने /शिकायत गर्ने संयन्त्रको विकास गर्ने । | समूहको सम्पर्क विन्दु र साझेदारहरू |
| | आवासको महत्वका बारेमा बहस तथा पैरवी गर्नका लागि दाताहरूसँग नियमित रूपमा सम्पर्क रहने र कोषसम्बन्धि संयन्त्र तथा अवसरहरूका बारेमा थप जानकारीहरु लिने । | समूहको सम्पर्क निकाय र राष्ट्रि आवास बिषयगत क्षेत्र (NSC) टोली |
| | आपतकालिन आवास तथा गैर-खाद्य सामग्रीहरूका लागि भन्सार तथा अन्य कर सम्बन्धि नीतिहरूका बारेमा स्पष्टता पाउनका लागि प्रदेश सरकारबाट (सैद्धान्तिक रूपमा आधिकारिक वक्तव्य) आवश्यक जानकारीहरु लिने वा प्राप्त गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, समुहका सम्पर्क निकाय |
| | विपद् पछि आवास तथा राहत सामग्रीहरूको मूल्यवृद्धिको नियन्त्रण तथा न्युनीकरण गर्नका लागि आवश्यक नीतिहरु लागु गर्ने सम्भावनका बारेमा प्रदेश सरकारका सरोकारवाला अधिकारीहरूसँग पैरवी गर्ने (निश्चित तहमा मूल्यहरूको अधिकतम सीमा निर्धारित गर्ने) | समूहको सम्पर्क निकाय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| | आपतकालिन अवस्थाको संक्रमणबाट पुनर्स्थापनाको चरणमा प्रवेश गर्नका लागि सम्भावित व्यवस्थाका बारेमा पहिले नै छलफल गर्ने (उदाहरणका लागि NHSRP लाई हस्तान्तरण) | समूहको सम्पर्क निकाय |

## ८.२ आपतकालिन प्रतिकार्य [१८]

**भूकम्पको परिदृश्य :**

- प्रभावित हुनसक्ने जनसंख्या :१२००००००
- आवश्यकता पर्न सक्ने जनसंख्या : ४८०,०००
- लक्षित जनसंख्या : १४४,०००

निम्नलिखित तालिकामा ठूलो भूकम्पपछि अन्तर्राष्ट्रिय सहयोगलाई सक्रिय पारिएको अवस्थामा आवास समूहका गतिविधिहरूको समयावधि देहायवमोजिम हुनेछ ।

**पहिलो २४ घण्टा -मानवीय सहायता प्रक्रिया**

१८. Shelter Cluster Nepal Contingency Plan for the Coordination of Shelter Preparedness and Response in Nepal_Draft *(https://sheltercluster.s3.eu-central-1.amazonaws.com/public/2018 SC Nepal Contingency Plan -English DRAFT.pdf)*

१८. EARTHQUAKE CONTINGENCY PLAN-2022 *(https://un.org.np/sites/default/files/doc_publication/2022-02/2021 EQ ERP FINAL.pdf)*

| समय सीमा | प्रतिकार्यसम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| + ३ घण्टा | संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको प्रदेश सम्पर्क निकायले प्रदेश सरकारबाट मानवीय सहायताको लागि अनुरोध प्राप्त गर्नेछ । आवासीय संयोजकको प्रदेश सम्पर्क निकायले क्लस्टर सह-नेतृत्वहरुलाई लाई पनि सूचित गर्नेछ । | प्रदेश सरकार, संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको प्रदेश सम्पर्क निकाय |
| + ६ घण्टा | प्रदेश क्लस्टर सह-नेतृत्वले सहायताका लागि अनुरोधहरू प्राप्त गर्नेछन । सूचना व्यवस्थापन कार्य समूहले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र सँग संकट पूर्वको तथ्याकं र उपलब्ध कुनै पनि संकटोत्तर जानकारीको आधारमा प्रारम्भिक परिदृश्य निर्धारण गर्न बैठक गर्नेछ ।<br><br>आवास विषयतग क्षेत्रलाई सक्रिय बनाउनका लागि आग्रह गर्ने । | क्लस्टर सह-नेतृत्व निकायहरू र संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको प्रदेश सम्पर्क निकाय |
| + १२ घण्टा | प्रदेश विपद् व्यवस्थापन कार्यकारी निर्देशक समितिको बैठक बोलाइने छ । प्रारम्भिक फ्ल्यास अपडेट जारी गरिने । प्रारम्भिक स्रोत परिचालन योजना तयारी अवस्थामा राख्ने । | प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति |
| + २४ घण्टा | प्रदेश विपद् व्यवस्थापन कार्यकारी कार्यकारी समितिको बैठक वस्ने लेखाजोखा को सुरुवात सहित प्रतिकार्य योजना प्रक्रिया शुरू गर्ने<br><br>क्लस्टरहरू आ-आफ्ना सदस्यहरू, नेतृत्व र सह-नेतृत्वसँग भेट्नेछन ।<br><br>साझेदार संस्था वा निकायको सहयोगमा सबै प्रशासनिक तह (संघिय, प्रादेशिक र जिल्ला तह) मा समन्वयका लागि चुस्त एवं प्रभावकारी संयन्त्रहरु खडा गर्नका लागि आवास विषयगत क्षेत्रको मुख्य समन्वयकर्ता टोलीलाई परिचालन गर्ने । | प्रदेश विपद् व्यवस्थापन कार्यकारी कार्यकारी समिति, क्लस्टर सह-नेतृत्व निकायहरू र संयुक्त राष्ट्रसङ्घीय आवासीय संयोजकको प्रदेश सम्पर्क निकाय<br><br>भौतिक पूर्वाधार विकास मन्त्रालय र साझे दारहरु |

### विभिन्न चरणमा प्रतिकार्य कार्य

| समय सीमा | प्रतिकार्यसम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| १-२ हप्ता | क्षतिको प्रारम्भिक आंकलन तथा लेखाजोखा (Initial Rapid Assesment) गर्ने , आवासका आवश्यकताहरू र खाली ठाउँहरू पहिचान गर्ने ।साथै पहिले नै पहिचान गरि एका ठाँउहरुको अवस्था वारे लेखाजोखा गर्ने । | समूहको सूचना व्यवस्थापक र साझेदारहरू |
| | सम्पूर्ण सरोकारवालाहरू (प्रदेश सरकार, दाता, सञ्चार माध्यम, अन्य समूह, साझेदारहरू आदि) सँग समन्वय गर्ने र सम्पर्क राख्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय (समूहको संयोजक र साझेदारहरु) |
| | आवास सम्बन्धि आपतकालिन प्रतिकार्यका लागि प्रारम्भिक रणनीतिको मस्यौदा तयार पार्ने । | समूहको संयोजक, रणनीतिसम्बन्धि परामर्शदाता समूह, साझेदारहरू |
| | नयाँ क्रियाशील निकाय वा संस्थाहरूको दर्तामा सहयोग पुऱ्याउने र प्रतिकार्य सम्बन्धि प्रारम्भिक गतिविधिहरु समन्वयात्मक रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने कुरामा आवश्स्त पार्ने लक्ष्य राख्ने । | समूहको संयोजक, सूचना व्यवस्थापक, साझेदारहरू |
| | लजिस्टिक क्लस्टरसँग समन्वय गरी थप राहत सामग्रीहरूको खरिद सुरु गर्न क्लस्टर सदस्य संस्थाहरूलाई सहयोग गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | विस्थापित परिवारहरूलाई पहिले नै पहिचान गरिएका सुरक्षित क्षेत्रहरूमा आपतकालीन आवासको स्थापना गर्न सहयोग गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | अन्य आधारभूत आवश्यकताहरू सदस्य संस्थाहरुको फिल्ड टोलीहरू मार्फत वितरण गरि एको अन्य क्लस्टरहरूसँग समन्वय गरि सुनिश्चित गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | संरक्षण , शिविर समन्वय तथा शिविर व्यवस्थापन र अन्य सम्वन्धित क्लस्टरहरूसँग उमेर, लिङ्ग र सामाजिक कमजोरीहरूको आधारमा विस्थापित र अन्य जोखिममा परेका मानिसहरूका लागि प्रभावकारी सुरक्षा उपायहरू सुनिश्चित गर्न नजिकबाट काम गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | आपतकालीन आवास स्थापनामा विस्थापित परिवारहरूलाई सहयोग गर्नका लागि अन्तराष्ट्रिय तथा राष्ट्रिय खोज टोली सदस्य सहित स्वयंसेवकहरू र प्राविधिक मानव संसाधनहरूलाई सहजीकरण गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |

| समय सीमा | प्रतिकार्यसम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| १-२ हप्ता | सरकारी संमन्वय संयन्त्रसँगको सहकार्य र सहयोगमा फिल्ड तहमा समन्वयको संयन्त्र खडा गरी त्यस्तो संयन्त्रमा काम गर्ने व्यक्ति तथा जिम्मेवारीहरु तोकी समन्वय तथा रिपोर्टिङ्गको व्यवस्था मिलाउने । | प्रदेश सरकार, समूह संयोजक, साझेदारहरू |
| | अभिमुखीकरणहरू सञ्चालन गरेर, रेफरल प्रणाली/रिपोर्टिङ मेकानिजम लागू गरेर यौन र लिङ्गमा आधारित हिंसा (SGBV) कुनै पनि घटनाहरू रोक्न संरक्षण विषयतग क्षेत्रसंग नजिकबाट काम गर्ने। | समूहको संयोजक तथा साझेदारहरू |
| ३-४ हप्ता | घरपरिवारमा आवास सामग्री वितरण जारी राख्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | स्थानीय आवश्यकता र सन्दर्भ अनुसार शिविरहरूको स्थापना गर्न शिविर समन्वय तथा शिविर व्यवस्थापन क्लस्टरसँग समन्वय गर्ने र विस्थापित गर्न पहिचान गरिएका साइटहरूले न्यूनतम मापदण्डहरू पूरा गरेको सुनिश्चिता गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | प्रभावित क्षेत्रमा स्वयंसेवक र प्राविधिक जनशक्ति परिचालन गर्न सहजीकरण गर्न जारी राख्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | संलग्नता र जवाफदेहिता सम्बन्धि गतिविधिहरू जारी राख्न सामुदायिक स्तरका सम्पर्क केन्द्र संग निरन्तर संलग्न रहने, प्रभावित समुदायहरूलाई परामर्श गरिएको कार्यान्वयनमा सक्रिय रूपमा संलग्न रहि प्रतिक्रिया संयन्त्रहरूमा पहुँच गर्न सक्षम भएको कुरालाई एकिन गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | आवश्यकता अनुसार प्राविधिक कार्यगत समूहहरूको गठन गर्ने र तिनको समन्वय गर्ने (उदाहरणका लागि प्राविधिक सहयोग, स्पेसिफिकेसन आदि) | समूहको नेतृत्व गर्ने निकाय, प्रदेश सरकार र समूहका सदस्यहरू |
| | आवश्यक्ता अनुसार थप मुल्याकंनका लागि योजना बनाउने (जस्तैः बजार मुल्याकंन, क्षतिको मुल्याकंन, लाभग्राही सन्तुष्ट भएको नभएको अवस्था) र सो को तरिका एवं विधि के हुने सो कुरामा सहमती कायम गर्ने । | समूहका सदस्यहरू |
| | आवास सदस्यहरुको प्रतिकार्यको अभिलेख 4W/5W Matrix राख्न सुरु गर्ने, तथ्यांकको विश्लेषण गर्दै प्रतिकार्यको खाडल (Gap) र दोहोरोपना पत्ता लगाउने । | समूहको सूचना व्यवस्थापक, साझेदारहरू |
| | आवास पुनर्स्थापनाका लागि प्रतिज्ञा गरिएका अनुसारको सामाजिक–प्राविधिक सहयोग समेतलाई समावेश वा मध्यनजर गर्दै आवास सम्बन्धि रणनीतिको पुनरावलोकन र अध्यावधिक गर्ने । देहायको लिङ्क मार्फत अद्यावधिक गर्न सकिनेछ : :<br><br>*http://www.hrrpnepal.org/upload/resources/6lpmjTYZ5Rc9BQFioLJx_2017_11_15.pdf* | समूहको संयोजक, रणनीतिसम्बन्धि परामर्शदाता समूह, साझेदारहरू |
| | आवश्यकताहरुको पहिचान गरी समन्वय गर्ने टोलीमा आवश्यकता अनुसार थप जनशक्ति पठाउने (जस्तैः, पुनर्स्थापना सल्लाहकार, वातावरण सल्लाहकार, सञ्चार सल्लाहकार) सरकारसँग आवश्यक सम्पर्क गर्नका लागि सम्पर्क अधिकारी, सूचना व्यवस्थापन तथा प्राविधिक क्षमता सुदृढ गर्ने ) | समूहको संयोजक |
| | अभिमुखीकरणहरू सञ्चालन गरेर, रेफरल प्रणाली/रिपोर्टिङ मेकानिजम लागू गरेर यौन र लिङ्गमा आधारित हिंसा (SGBV) कुनै पनि घटनाहरू रोक्न संरक्षण विषयतग क्षेत्रसंग नजिकबाट काम गर्न जारी राख्ने । | |
| २-३ महिना | प्रदेश, जिल्ला तथा स्थानीय तहमा समन्वय राख्ने कामलाई जारी राख्ने । | समूहको संयोजक, साझेदारहरू |
| | विस्तृत मुल्याकंन गर्न का लागि आवश्यक समन्वय गर्ने (उदाहरणका लागि, REACH) र सो को निष्कर्षको जानकारी दिने । | समूहको संयोजक, रणनीतिसम्बन्धि परामर्शदाता समूह, साझेदारहरू |
| | आवास सम्बन्धि रणनीतिमा पुनर्स्थापना सम्बन्धि पक्ष समावेश भएको नभएमा सो लाई समावेश गर्नका लागि रणनीतिको पुनरावलोकन गर्ने । | समूहको संयोजक, रणनीतिसम्बन्धि परामर्शदाता समूह, साझेदारहरू |
| | आवश्यकता अनुसार प्राविधिक कार्यगत समूहहरू (TWGs) मार्फत प्राविधिक निर्देशिका तयार गर्ने । | प्राविधिक संयोजक र साझेदारहरू |
| | आवास सम्बन्धि प्रतिकार्यको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी ढङ्गले अघि बढेको छ भन्ने कुरा सुनिश्चित गर्ने । | सूचना व्यवस्थापक, साझेदारहरू |

| समय सीमा | प्रतिकार्यसम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| **२-३ महिना** | प्रमुख समस्याहरुको पहिचान गरी सो सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुसँग छलफल तथा बहस पैरवी गर्ने । | समूहको संयोजक, साझेदारहरू |
| | दीर्घकालीन आवश्यकताहरू पहिचान गर्न विस्तृत रुपमा क्षतिको लेखाजोखा गर्ने । | प्रदेश सरकार, प्राविधिक संयोजक समूहको संयोजक |
| | घरपरिवारलाई आकस्मिक आवास सामग्री वितरण जारी राख्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | घरपरिवारलाई संक्रमणकालीन आवास सामग्रीहरुको (Transition Shelter Kits) वितरण सुरु गर्ने । | प्रदेश सरकार, समूहको संयोजक तथा साझेदारहरू |
| | स्थानीय आवश्यकता अनुसार आकस्मिक स्थान्तरण स्थलहरूको स्थापना भएको र न्यूनतम मापदण्डहरू पूरा गरेको सुनिश्चित गर्न शिविर समन्वय तथा शिविर व्यवस्थापन क्लस्टरसँग समन्वय गर्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | प्रभावित क्षेत्रमा स्वयंसेवक र प्राविधिक जनशक्ति परिचालन गर्न सहजीकरण गर्न जारी राख्ने । | समूहको संयोजक तथा साझेदारहरू |
| | लक्षित घरपरिवारहरूले आवश्यक सेवाहरू प्राप्त गरेको र दोहोरो सेवा प्राप्त नगरेको भनी सुनिश्चित गर्न प्रतिक्रिया प्रयासहरू विश्लेषण गर्ने । | सूचना व्यवस्थापक, साझेदारहरू |
| | अभिमुखीकरणहरू सञ्चालन गरेर, रेफरल प्रणाली/रिपोर्टिङ मेकानिजम लागू गरेर यौन र लिङ्गमा आधारित हिंसा (SGBV) कुनै पनि घटनाहरू रोक्न संरक्षण विषयतग क्षेत्रसंग नजिकबाट काम गर्न जारी राख्ने । | समूहको संयोजक तथा साझेदारहरू |

## ८.३ मनसुनजन्य प्रतिकार्य

- प्रभावित हुनसक्ने जनसंख्या :१४६,८२८
- लक्षित जनसंख्या : ४८,४५३

तल दिईएको तालिकामा मनसूनजन्य घटना भएको समयमा आवास बिषयगत क्षेत्रले प्रदेश स्तरमा संचालन गर्न सक्ने गतिविधिहरु उल्लेख गरिएको छ ।

| समय सीमा | प्रतिकार्यसम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| **० घण्टा देखि १ हप्तासम्म** | **प्रदेश सरकारले विपद्ग्रस्त क्षेत्रहरूमा सबै तह र तप्कामा समन्वय गरी विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउनका लागि प्रदेश भित्र रहेका समूहका प्रतिनिधिहरूलाई आह्वान गर्ने ।** | |
| | सरकारी संयन्त्रहरुसँगको सहकार्य र सहयोगमा सबै तह र तप्कामा आवास समुहको चुस्त एवं प्रभावकारी सम्न्वयात्मक संयन्त्रहरु खडा गर्नका लागि सम्पूर्ण साझेदारहरुको श्रोत र क्षमताको परिचालन गर्ने, समन्वय तथा सूचना संप्रेषण लागि आवश्यक संयन्त्रहरु खडा गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय र साझेदारहरु |
| | क्षमतामा रहेका कमी-कमजोरीहरूको पहिचान गर्ने र आवश्यकता बमोजिम राष्ट्रिय अवास तथा वस्ती उत्थानशिल समन्वय मञ्च, प्रदेश रेडक्रसलाई सहयोगको लागि आग्रह गर्ने | समूहको सम्पर्क निकाय, राष्ट्रिय अवास तथा वस्ती उत्थानशील मञ्च |
| | तथ्याङ्कहरूको सङ्कलन तथा विश्लेषणका लागि सूचना व्यवस्थापन सम्बन्धि संरचनाको स्थापना गर्ने । | सूचना व्यवस्थापक/सान्दर्भिक सरकारी निकाय |
| | आवश्यकता सम्बन्धि पहिलो मुल्याकंन प्रकृयामा भाग लिई सहयोग पुऱ्याउने । | सूचना व्यवस्थापक र साझेदारहरू |
| | सरोकारवालाहरु सबै (प्रदेश सरकार, दाता, सञ्चार माध्यम, अन्य समूह, साझेदारहरू आदि) सँग समन्वय गर्ने र सम्पर्कमा रही रहने । | भौतिक पूर्वाधार विकास मन्त्रालय र साझेदारहरु |
| | आपतकालिन प्रतिकार्यमा लागि सहमती कायम भए अनुसार आवासको पुर्नस्थापनकालागि उपलब्ध गराईने सामाजिक, प्राविधिक सहयोग समेत समावेश गरी आवास व्यवस्थापनका लागि लिईने रणनीतिको प्रारम्भिक मस्यौदा गर्ने । *http://www.hrrpnepal.org/upload/resources/6lpmjTYZ5Rc9BQFioLJx_2017_11_15.pdf* | भौतिक पूर्वाधार विकास मन्त्रालय, रणनीतिसम्बन्धि परामर्शदाता समूह, साझेदारहरू |

| समय सीमा | प्रतिकार्यसम्बन्धि गतिविधिहरू | को जवाफदेही हुन्छ |
|---|---|---|
| ० घण्टा देखि १ हप्तासम्म | पहिलो प्रतिकार्य (सामग्रीहरूको वितरण) शुरु गरी सोको समन्वय गर्ने। थप राहत सामग्रीहरूका लागि खरिद प्रक्रिया शुरु गर्ने। | भौतिक पूर्वाधार विकास मन्त्रालय र साझेदारहरु |
| १ हप्ता देखि १ महिनासम्म | सम्बन्धित सबै तहहरू (राष्ट्रियदेखि स्थानीयसम्म) मा कार्यसञ्चालनलाई तीव्र पार्नका लागि समन्वय गर्ने। | भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्य साझेदारहरु |
| | आवश्यकता बमोजिम प्राविधिक समूहहरू गठन गर्ने (उदाहरणका लागि, आवास, जमिन र सम्पत्ति, पुनर्निर्माणका मापदण्डहरू आदि)। | प्राविधिक संयोजक र साझेदारहरू |
| | आवास सम्बन्धि रणनीतिमा समायुनुकुल अद्यावधिक गरी पुनरावलोकन गर्ने (फिल्डसँगको समन्वयमा)। | सबै |
| | 4W/5W सम्बन्धि प्रतिवेदन पेश गर्ने, तथ्याङ्कको विश्लेषण गर्ने र जानकारीहरूको आदान-प्रदान जारी राख्ने। | सूचना व्यवस्थापक र साझेदारहरू |
| | अनुगमन तथा लाभान्वित व्यक्तिहरूको जवाफदेहीता कायम राख्नका लागि संयन्त्रहरू खडा गर्ने। | साझेदारहरू, सूचना व्यवस्थापक |
| | आवश्यकता अनुसार विस्तृत मुल्याकंन गर्ने (स्वीकृत गरिएका मापदण्ड तथा सूचकहरूको आधारमा ) | सूचना व्यवस्थापक, साझेदारहरू |
| १ महिना देखि ३ महिनासम्म अथवा आवश्यकता परेमा सो भन्दा बढीको समयावधि सम्म | पुनर्स्थापनाका लागि आवासको व्यवस्थापन र सो को संयोजनका लागि नेतृत्व गर्ने निकाय को पहिचान गरी आवश्यक सहमती जुटाउने। | भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्य साझेदारहरु |
| | निरन्तर अनुगमनमा सहयोग पुयाउने र आवासका कार्यक्रमहरुलाई मुल्यांकन गर्ने। | सूचना व्यवस्थापक, साझेदारहरू |
| | अर्न्तसम्बन्धित विषय र समस्याहरु (उदाहरणका लागि, वातावरण, लैङ्गिकता, संरक्षण) लाई सम्बोधन गर्ने र तिनमा सहयोग जुटाउने। | भौतिक पूर्वाधार विकास मन्त्रालय र अन्य साझेदारहरु |

# ९. प्रदेश, जिल्ला तथा स्थानीय तहमै व्यवस्थापन गर्न सकिने विपद्‌मा आवास सम्वन्धि कार्ययोजना

आकस्मिक अवधिमा आवास सम्वन्धि प्रदेश, जिल्ला तथा स्थानीय तहमै व्यवस्थापन गर्न सकिने विपद्‌का लागि तह अनुसार देहायवमोजिम कार्ययोजना रहनेछ । प्रदेश, जिल्ला तथा स्थानीय तहले यहि कार्ययोजनामा रहि गतिविधि तथा वजेट व्यवस्थापन गर्न सक्नेछन ।

**प्रदेश तहबाट नै प्रतिकार्य गर्न सकिने विपदको प्रकृतिलाई मध्यनजर गर्दै आन्तरिक मामिला तथा कानून मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयको प्राविधिक सहयोगमा आवास सम्वन्धि निम्न वमोजिमका मूख्य गतिविधिहरु गर्नेछ ।**

| क.स | क्रियाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | बागमती प्रदेश आवास विषयगत क्षेत्रको आकस्मिक योजना तयार गर्ने | ■ | ■ | ■ | ■ | ■ | | | | | | | |
| २ | आवासको क्षेत्रमा काम गर्ने संस्था तथा मानव संसाधनहरुका पहिचान गर्ने तथा रेकर्ड राख्ने | | | | | ■ | ■ | ■ | | | | | |
| ३ | आवास विषयगत क्षेत्रको नियमित वैठकहरु आयोजना गर्ने | | | ■ | | | ■ | | | ■ | | | ■ |
| ४ | आवश्यक र उपलब्ध श्रोतको पहिचान गर्ने र सम्वन्धित प्रदेश, जिल्ला तथा स्थानीय निकायमा कार्यरत कर्मचारीलाई सूचना व्यवस्थापन, समन्वय आदिका बारेमा संयुक्त रूपमा तालिमको आयोजना गर्ने | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | | | |
| ५ | क्षति तथा आवासको लेखाजोखा सम्वन्धि चेकलिष्टको तयार तथा अंगीकार गर्ने | | | | | ■ | ■ | ■ | | | | | |
| ६ | प्रत्येक पालिकावाट २ जनालाई क्षति तथा आवासको लेखाजोखा सम्वन्धि चेकलिष्टको तालिम प्रदान गर्ने, यस सम्वन्धि वजेटको विनियोजन गर्ने र तालिमप्राप्त जनशक्तिको अभिलेख राख्ने, वजेट व्यवस्थापनका लागि स्थानीय निकाय संग पनि समन्वय गर्ने | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ७ | त्रैमासिक रुपमा प्रदेशका क्षमताहरू (HR, वित्तीय र सामग्रीहरु, गैर-खाद्य सामग्रीहरू, आवास किट र खुला ठाँउहरु/आपतकालीन निकास केन्द्रहरू सहित) को नक्साकंन गर्ने | | | | | | ■ | | | ■ | | | ■ |
| ८ | प्रदेशका मुख्य स्थानहरुमा आवासका किटहरु तथा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने । कम्तिमा ५०० परिवारलाई पुग्ने किसिमले आवासका किटहरु तथा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ९ | आपतकालिन तथा पुर्नस्थापनाका दौरानमा आवश्यक पर्ने भनी सहमती गरिएका आवासका किटहरु (kits) तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण तथा भण्डारबाट प्रयोग भएमा सो को शोधभर्ना को व्यवस्था गर्ने । | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| १० | आवास तथा स्तरीय गैर-खाद्य सामग्रीका किटहरू र आपतकालिन आवासका नमुना डिजाइनहरूलाई अन्तिम रूप दिने तथा राष्ट्रिय आवास विषयगत क्षेत्रले तयार गरेका डिजाईन अंगीकार गर्ने | | | | | ■ | ■ | ■ | ■ | ■ | | | |
| ११ | आपतकालिन, संक्रमणकालीन तथा अस्थायी आवास निर्माण सम्वन्धि तालिमको पाठ्यक्रम तयार तथा अंगीकार गर्ने | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| १२ | आपतकालिन, संक्रमणकालीन तथा अस्थायी आवास निर्माण सम्वन्धि प्रत्यक पालिका वाट ५ जना डकमीहरुलाई तालिम प्रदान गर्ने यस सम्वन्धि वजेटको विनियोजन गर्ने, तालिम वजेट व्यवस्थापनका लागि स्थानीय निकाय संग पनि समन्वय गर्ने | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| १३ | आकस्मिक योजनाका प्रावधानवारे प्रदेश सरोकारवाला निकायहरु, संघसंस्थाहरु, जिल्ला प्रशासन कार्यालयहरु, स्थानीय निकायहरुलाई अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| १४ | आकस्मिक योजनामा उल्लेखित वातावरणीय दिगोपना पक्षलाई विचार गरेर यो सम्वन्धि चेकलिष्ट तथा प्रयोगकर्ता पुस्तिका विकास गर्ने | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | |

**जिल्ला तहबाट नै प्रतिकार्य गर्न सकिने विपद्को प्रकृतिलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालयले आवास सम्वन्धि निम्न वमोजिमका मुख्य गतिविधिहरु गर्नेछ ।**

| क्र.स | क्रियाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | बागमती प्रदेश आवास विषयगत क्षेत्रको आकस्मिक योजना कार्यान्वयन गर्न योजना वनाउने | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| २ | जिल्लामा आवासको क्षेत्रमा काम गर्ने संस्था तथा मानव संसाधनहरुका पहिचान गर्ने तथा रेकर्ड राख्ने | | | | | | ■ | ■ | ■ | ■ | ■ | | |
| ३ | आवास विषयगत क्षेत्रको नियमित वैठकहरुमा सहभागी हुने | | | | | | ■ | | | ■ | | | ■ |
| ४ | क्षति तथा आवासको लेखाजोखा सम्वन्धि चेकलिष्टको आधारमा सर्वेक्षण गर्न पालिका संग समन्वय गर्ने | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ५ | त्रैमासिक रुपमा जिल्लाका क्षमताहरू (HR, वित्तीय र सामग्रीहरु, गैर-खाद्य सामग्रीहरू तथा अवास किट र खुला ठाँउहरु/आपतकालीन निकास केन्द्रहरू सहित) को नक्साकंन गर्ने | | | | | | ■ | | | ■ | | | ■ |
| ६ | जिल्लाका मूख्य स्थानहरुमा आवासका किटहरु तथा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने । कम्तिमा १०० परिवारलाई पुग्ने किसिमले आवासका किटहरु तथा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ७ | जिल्लामा आपतकालिन तथा पुनर्स्थापनाका दौरानमा आवश्यक पर्ने भनी सहमती गरिएका आवासका किटहरु (kits) तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण तथा भण्डारबाट प्रयोग भएमा सो को शोधभर्ना को व्यवस्था गर्ने । | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |

**स्थानीय तहबाट नै प्रतिकार्य गर्न सकिने विपद्को प्रकृतिलाई मध्यनजर गर्दै नगरपालिका/गाउँपालिकाले आवास सम्वन्धि निम्न वमोजिमका मुख्य गतिविधिहरु गर्नेछ ।**

| क्र.स | क्रियाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा प्रदेश आवास विषयगत क्षेत्रको आकस्मिक योजना लागू गर्न प्रावधानहरु राख्ने | | | | | ■ | ■ | ■ | | | | | |
| २ | नगरमा आवासको क्षेत्रमा काम गर्ने संस्था तथा मानव संसाधनहरुका पहिचान गर्ने तथा रेकर्ड राख्ने | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| ३ | आवास विषयगत क्षेत्रको नियमित वैठकहरुमा सहभागी हुने | | | | | | ■ | | | ■ | | | ■ |
| ४ | पालिकामा कार्यरत कर्मचारीलाई सूचना व्यवस्थापन, समन्वय आदिका बारेमा भौतिक पूर्वाधार विकास मन्त्रालयले आयोजना गर्ने तालिममा सहभागी हुने | | | | | | ■ | ■ | ■ | ■ | ■ | | |
| ५ | क्षति तथा आवासको लेखाजोखा सम्वन्धि चेकलिष्ट आधारमा सर्वेक्षण गर्ने | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ६ | क्षति तथा आवासको लेखाजोखा सम्वन्धि चेकलिष्टको तालिममा सहभागी भई पालिकामा सवै वडाका प्राविधिहरुका लागि तालिमहरु सञ्चालन गर्ने । तालिमका लागि वजेटको विनियोजन गर्ने | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| ७ | त्रैमासिक रुपमा नगरका क्षमताहरू (HR, वित्तीय र सामग्रीहरु, गैर-खाद्य सामग्रीहरु, आवास किट र खुला ठाँउहरु/आपतकालीन निकास केन्द्रहरू सहित) को नक्साकंन गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालय संग समन्वय गर्ने | | | | | | ■ | | | ■ | | | ■ |

| क्र.स | क्रियाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| ८ | पालिकामा आवासका किटहरु तथा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने । कम्तिमा १० परिवारलाई पुग्ने किसिमले आवासका किटहरु तथा गैर-खाद्य राहत सामग्रीहरूको व्यवस्था गर्ने | | | | | | | | | | | | |
| ९ | आपतकालिन तथा पुनर्स्थापनाका दौरानमा आवश्यक पर्ने भनी सहमति गरिएका आवासका किटहरु (kits) तथा गैर खाद्य सामाग्रीहरुको भण्डारण तथा भण्डारबाट प्रयोग भएमा सो को शोधभर्ना को व्यवस्था गर्ने । | | | | | | | | | | | | |
| १० | आवास तथा स्तरीय गैर-खाद्य सामग्रीका किटहरू र आपतकालिन आवासका नमुना डिजाइनहरूवारे भौतिक पूर्वाधार विकास मन्त्रालय संग छलफल गर्ने | | | | | | | | | | | | |
| ११ | आपतकालिन, संक्रमणकालीन तथा अस्थायी आवास निर्माण सम्बन्धि तालिममा सहभागी भई प्रत्येक वडावाट २ जना डकर्मीहरुलाई समेटेर तालिमहरु सञ्चालन गर्ने । तालिमका लागि वजेटको विनियोजन गर्ने । | | | | | | | | | | | | |
| १२ | आकस्मिक योजनाका प्रावधानवारे भौतिक पूर्वाधार विकास मन्त्रालयले आयोजना गर्ने अभिमूखिकरणमा सहभागी हुने | | | | | | | | | | | | |

## १०. प्रतिकार्यका ढाँचाहरू (Response Modalities)

| सहयोगका ढाँचाहरू (Assistance Modalities) | सामाग्री (जिन्सीमा) | नगद | भौचर | सामग्रीहरुको सूचि (catalogue) |
|---|---|---|---|---|
| फाइदा | • गुणस्तरमाथि नियन्त्रण<br>• मूल्यमाथि नियन्त्रण<br>• रकमको प्रयोग सामग्रीहरूका लागि मात्र गरिएको छ भन्ने कुरा सुनिश्चित हुन्छ<br>• बजारमा मानिसहरूको सीमित पहुँच भएका अवस्थामा अथवा प्रबन्धगत सवालहरू (logostics issues) विद्यमान भएका अवस्थामा सहयोग गर्दछ | • विकल्पहरू उपलब्ध गराउँदछ<br>• बजार सम्मको पहुँचलाई खुला गर्दछ<br>• स्थानीय अर्थतन्त्रमा सहयोग पु¥याउँदछ<br>• कार्यान्वयन गर्न चाँडो | • विकल्पहरू उपलब्ध गराउँदछ<br>• गुणस्तरमाथि नियन्त्रण<br>• लागतमाथि नियन्त्रण<br>• आवासका लागि सहयोगलाई लक्षित गर्दछ<br>• धेरै आपूर्तिकर्ताहरूसँग सम्झौता गर्न सकिन्छ | • विशेष गरी दुर्गम क्षेत्रहरूमा केही मात्रामा विकल्प उपलब्ध गराउँदछ<br>• गुणस्तरमाथि नियन्त्रण<br>• लागतमाथि नियन्त्रण<br>• आवासका लागि सहयोगलाई लक्षित गर्दछ<br>• दुर्गम स्थानहरूमा प्रबन्धगत क्षमतामा दक्षता (logistics efficiency)<br>• उपलब्ध गराउँदछ<br>• अनलाइन आदेश गर्न सकिन्छ |
| बेफाइदा | • प्रबन्धगत व्यवस्था (logistics) का लागि निकाय जिम्मेवार हुन्छ<br>• विकल्पहरू उपलब्ध गराउन कठिन<br>• बोलपत्र निकाल्न र प्रबन्धगत व्यवस्था मिलाउन लामो समय आवश्यक हुन सक्ने<br>• यदि सामग्रीहरू सोझै आयात गरिएका छन् भने स्थानीय बजारलाई सहयोग नगर्न सक्दछ | • सामग्रीहरूको गुणस्तर माथि नियन्त्रण नहुने<br>• बजारमा पहुँच हुनु आवश्यक हुन्छ जुन दुर्गम क्षेत्रका समुदायहरू तथा सङ्कटासन्न परिवार हरूका लागि कठिन हुन सक्दछ<br>• प्रबन्धगत व्यवस्था मिलाउनका लागि लाभान्वित हुने व्यक्ति जिम्मेवार हुनुपर्ने व्यवस्था मिलाउने<br>• अन्य प्रयोजनहरू<br>• (ऋण तिर्न, सामाजिक दायित्वहरू पुरा गर्न) का निमित्त नगदको प्रयोग गर्नका लागि दबाब तथा प्रलोभनहरू हुन सक्दछन्<br>• सङ्कटासन्न घर-परिवार तथा समूहरूका लागि संर क्षणका सवालहरू | • केही व्यापारीहरूमा मात्र सीमित<br>• व्यापारीहरूले नगदका लागि भौचर साट्ने र कमिसन लिने अवस्थामा दुरूपयोग हुन सक्दछ<br>• बजारमा पहुँच हुनु आवश्यक हुन्छ जुन दुर्गम क्षेत्रका समुदायहरू तथा सङ्कटासन्न परिवार हरूका लागि कठिन हुन सक्दछ<br>• प्रबन्धगत व्यवस्था मिलाउनका लागि लाभान्वित हुने व्यक्ति जिम्मेवार हुनुपर्ने व्यवस्था मिलाउने । | • सीमित व्यापारीहरू<br>• आपूर्तिकर्ता छान्नका लागि बोलपत्रको प्रक्रिया आवश्यक हुन्छ<br>• सामग्रीहरूको विवरणमा समावेश गर्नका निमित्त सामग्री छान्नका लागि लेखाजोखा आवश्यक हुन्छ<br>• सामग्रीहरूको सूची तयार पार्नका निमित्त समय र लागत<br>• आदेशहरूलाई प्रक्रियामा लैजान प्राप्त सामग्रीहरूको अनुगमन गर्नका लागि प्रशासन आवश्यक । |

## ११. सञ्चार माध्यमहरूसंगको सम्बन्ध, सूचना तथा सार्वजनिक जानकारी

| प्रयोजन | सङ्गठन | गतिविधि |
|---|---|---|
| आवास सम्बन्धि सामान्य पैरवी र सचेतना अभिवृद्धि | स्थानीय, सञ्चार माध्यमहरू (रेडियो/टेलिभिजन/एफएम अखबारहरू) | • सञ्चार माध्यमहरूका प्रकाशन/प्रसारणहरूमा अन्तर्वार्ता<br>• अखबारहरूमा लेखहरू (अनलाइन तथा छापा)<br>• पत्रकारहरूलाई जानकारी दिनका लागि कथाहरू |
| आवाससम्बन्धि रणनीतिहरूका बारेमा सञ्चार | आवास समूह, रणनीतिसम्बन्धि परामर्शदातृ समूह, प्रदेश सरकार, | • रणनीतिसम्बन्धि परामर्शदातृ समूह तथा समूहका बैठकहरूमा छलफल/ प्रस्तुतीकरण<br>• दाताहरूलाई सङ्क्षिप्त टिपोटहरू/प्रस्तुतीकरण । |
| साझेदारहरूसँग सञ्चार | सहभागी मानवीय सङ्गठनहरू | • समूहका बैठकहरू<br>• रणनीतिसम्बन्धि परामर्शदातृ समूह/प्राविधिक कार्यगत समूहहरू<br>• समूहको वेबसाइट<br>• सर्म्पक व्यक्तिको सूची (mailing list)<br>• प्रदेश तहभन्दा तलका केन्द्रहरूमा एकनासको सन्देश पठाउने कार्य । |
| समुदायहरूसँग सञ्चार | समूहका निकायहरू, प्रदेशका संयोजकहरू, एफएम कार्यक्रम | • निकायहरू, विशेष गरी प्रदेश तहमा दोहारो सञ्चार प्रणालीको विकास गर्ने (उदाहरणका लागि, कुराकानी गर्नका लागि रेडियो, स्थानीय समाचारपत्रहरू) |
| पृष्ठपोषण तथा जवाफदेहिता | साझा पृष्ठपोषण सम्बन्धि परियोजना, समूहको लेखाजोखा गर्ने टोलीहरू | • निकायहरू तथा कार्यक्रमका बारेमा परामर्श गर्ने समुदायहरूसँग संलग्न हुने ।<br>• पृष्ठपोषणका लागि प्रश्नहरू तथा सवालहरू उपलब्ध गराउने ।<br>• समूहका निर्णय गर्ने कार्यमा सम्पूर्ण तहमा स्थानीय गैर-सरकारी सङ्गठनहरूलाई समावेश गराउने ।<br>• समूहको निर्णय गर्ने कार्यमा, विशेष गरी प्रदेश तहमा मा लाभान्वित हुने व्यक्तिका प्रतिनिधिहरूलाई समावेश गराउने । |

# १२. आवास सम्वन्धि लेखाजोखा

## १२.१ मनसुनजन्य प्रतिकार्य

विपद् जोखिम लेखाजोखा विभिन्न चरणहरुमा हुने गर्दछ । सामान्यतया विपद् पश्चात २४ घण्टा भित्र गर्ने प्रारम्भिक लेखाजोखा, कम्तीमा ७ दिन भित्र शुरु गरि १५ दिन भित्र गर्ने बहु-क्षेत्रगत लेखाजोखा, साथै आवश्यकता अनुसार ४५ दिन भित्र गरिने विस्तृत विषय-क्षेत्रगत लेखाजोखा वा विपद् पश्चात ४५ दिन पछि गरिने पुनर्लाभ तथा पुनर्स्थापना सम्बन्धी आवश्यकताको लेखाजोखा गरिने कार्य पर्दछन । विपद् लेखाजोखाका निम्न चार चरणहरु हुन्छन ।

- पहिलो चरणः प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment - IRA)
- दोश्रो चरणः बहु क्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (Multi Cluster Initial Rapid Assessment - MIRA)
- तेस्रो चरण : विषयगत क्षेत्र विस्तृत लेखाजोखा (Cluster Specific Detailed Assessment - CSDA)
- चौथो चरण : विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा (Post Disaster Damage and Need Assessment - PDNA)

बागमती प्रदेशमा भौतिक पुर्वाधार विकास मन्त्रालयले प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment - IRA) गर्न जिल्ला प्रशासन कार्यालय, नगरपालिका/गाउँपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ । आवास विषयगत क्षेत्रको विस्तृत लेखाजोखाको लागि भौतिक पुर्वाधार विकास मन्त्रालयले प्रदेश तहमा प्राविधिक रुपमा नेतृत्व गर्नेछ । भूकम्प पश्चात गरिने भवनको द्रुत तथा विस्तृत लेखाजोखाको लागि भौतिक पुर्वाधार विकास मन्त्रालयले आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने छ । क्षतिको लेखाजोखा सम्वन्धि चेकलिष्ट अथवा फारामहरु NDRRMA को वेबसाईटमा राखिएको छ । (https://bipad.gov.np/np/publications/detail/84)

## १२.२ आवास तथा बस्तीको लेखाजोखासम्बन्धी चेकलिष्ट

आवास तथा बस्तीसम्बन्धी प्रतिकार्यका बारेमा सुसूचित हुनका लागि उपयुक्त तथ्याङ्क प्राप्त गरिएको छ भन्ने कुरा सुनिश्चित गर्नका लागि चेकलिष्टको रूपमा काम गर्नेछ । यो चेकलिष्ट अनुसुचीमा समावेश गरिएको छ ।साथै साईट छनोट, आवास निर्माण, साईट व्यवस्थापन र साइट डिकमिशनिङ सम्वन्धि चेकलिष्ट यस लिङ्कमा राखिएको छ Checklist-Based Guide to Identifying Critical Environmental Considerations in Emergency Shelter Site Selection, Construction, Management and Decommissioning (*https://www.humanitarianlibrary.org/sites/default/files/2021/07/E1.pdf*), वातावरण सम्बन्धि चेकलिष्ट यस लिङ्कमा राखिएको छ Environmental Checklist for Shelter Response (FOR PILOTING) (*https://sheltercluster.s3.eu-central-1.amazonaws.com/public/docs/2020.04.16_checklist_v1.5.pdf*)

# १३. अनुसूचीहरू

**अनुसूची १ : स्विकृत गरिएको आपतकालिन आवास (न्यूननतम जीवन रक्षा) तथा आधारभूत स्पेसिफकेसन सहित घरपरिवारका लागि अत्यावश्यक गैर खाद्य सामग्रीहरूको प्याकेज (kit) मा हुनुपर्ने सामग्रीहरू**

यो किट तथा प्याकेज सरदर ६ जना सदस्य भएको परिवारको आकारलाई आधार मानि तयार गरिएको छ ।

**आपतकालिन न्यूननतम जीवन रक्षाका लागि तयार पारिएको किट :**

| क्र. सं. | सामग्री | स्पेसिफकेसन | एकाइ | परिमाण |
|---|---|---|---|---|
| **बिपद् पश्चात् तत्काल वितरण गर्नुपर्ने न्यूनतम गैरखाद्य सामाग्रीहरुको प्याकेज** | | | | |
| १ | त्रिपाल | Woven high-density polyethylene (HDPE) black fibers fabric laminated on both sides with low-density polyethylene (LDPE) coating; Size (12x18) ft; Weight: 5 kg; No welding is allowed in the middle of the sheet; Mass of fibre : 200-225 gm/m2, Number of eyelets 18 | थान | २.०० |
| २ | नाइलनको डोरी | 8mm dia; Polypropylene recycled fibers UV stabilized; minimum 3 strands; color black/blue; Packed in roll | केजी. | १.५ |
| ३ | कम्बल | 80% wool, 1.5mx2.25m, high thermal resistance, weight 2 kg | थान | २ |
| ४ | फोम (डसना) | closed cell PPE (Polyphenylene Ether), min. density 27 kg/m3; min thickness 12mm, size according to blanket | थान | २ |
| **घरपरिवारका लागि अत्यावश्यक गैर-खाद्य सामग्रीहरूको किट (आवश्यकता र स्रोतको उपलव्धताको आधारमा थप गर्न सकिने)** | | | | |
| ५ | भान्छाको सेट | अनुसूची २ क मा तोकिए बमोजिम | सेट | १ |
| ६ | महिलाले लगाउने सारी | चौडाइ ११०-११५ सेन्टिमिटर, लम्बाइ ५ मिटर, १०० प्रतिशत सुती | थान | १ |
| ७ | सुटिङ्ग कपडा | Warp yarn: 2/40 polyester viscose 65/35, Weft yarn: 2/40 polyester viscose 65/35, Wrap yarn 56 per inch, weft yarn 52 per inch, mass of the cloth 300 gsm, width of the cloth 150 cm | मिटर | ३.५ |
| ८ | टेरिकटन कपडा | ६५ प्रतिशत सुती र ३५ प्रतिशत पोलिस्टर, चौडाइ : ११५ सेन्टिमिटर (४५ इन्च), Universal count of warp & weft yarn 20 tex (± 5%), Mass of cloth : 180-190 gsm, | मिटर | ४ |
| ९ | प्रिन्ट कपडा | ६५ प्रतिशत सुती र ३५ प्रतिशत पोलिस्टर, Universal count of warp & weft yarn 20 tex (± 5%), Mass of cloth : 110-120 gsm, चौडाइ १०० सेन्टिमिटर (४० इन्च) | मिटर | ७ |
| १० | सादा कपडा | १०० प्रतिशत सुती, चौडाइ : १०० सेन्टिमिटर (४० इन्च), Universal count of warp & weft yarn 20 tex (± 5%), Mass of cloth 110-120 gsm | मिटर | २ |
| ११ | सामान प्याकेज गर्ने बोरा | woven polypropylene; Size app. 1300x400mm (confirm with items to be packed); with eyelets and 4 mm dia nylon rope on top to tie | थान | १ |

**आवश्यकता, उपलव्धता तथा क्षमताका आधारमा थप गर्नुपर्ने ऐच्छिक सामग्रीहरू**

| सामग्री | सुझाइएको स्पेसिफिकेसन |
|---|---|
| सौर्य बत्ती | 12 leds, built in solar panel, 2 AAA batt |
| चुलो | नेपाल आवास बिषयगत क्षेत्रको सिफारिस अनुसार |
| इन्धन | जिल्लागत आवास बिषयगत क्षेत्रको सिफारिस अनुसार |
| जाडोयामका लागि चाहिने प्याकेज | नेपाल आवास बिषयगत क्षेत्रको हिउँदका लागि गरिने अनुकूलन सम्बन्धि मार्ग-दर्शन अनुसार |

### अनुसूची २ क : भान्छाको सेटका लागि प्रस्तावित स्पेसिफिकेसन

| क.सं. | विवरण | भित्री व्यास (मिलिमिटर) + १ प्रतिशत | गहिराइ (मिलिमिटर) | न्यूनतम तौल (ग्राम) | न्यूनतम बाक्लोपना (मिलिमिटर) | परिमाण |
|---|---|---|---|---|---|---|
| १.<br>(क)<br>(ख)<br>(ग) | क-वर्ग डेक्चीको बिर्को<br>ख-वर्ग डेक्ची<br>ग-वर्ग डेक्ची<br>(आल्मुनियम/खिया नलाग्ने) | २२५<br>२२५<br>१७०<br>१६० | १०५<br>–<br>८३<br>७५ | ३५०<br>१५०<br>१८०<br>१७५<br>= ८५५ | २.०<br>१.२<br>१.०<br>०.७ | १ थान<br>१ थान<br>१ थान<br>१ थान |
| २. | खाना खाने थाल<br>स्टेनलेस स्टील/खिया नलाग्ने | २८०/२२० | ३२ | २०५ x ३ = ६१५ | - | ३ थान |
| ३. | कचौरा स्टेनलेस स्टील/खिया नलाग्ने | ९० | ३६ | ७५ x २ = १५० | १.२ | २ थान |
| ४. | घेरा भएको गिलास<br>स्टेनलेस स्टील/खिया नलाग्ने | ७०/५० माथि x पीँध | ८० | ५० x २ = १०० | १.२ | २ थान |
| ५. | डाडु - स्टेनलेस स्टील/खिया नलाग्ने | - | - | १०५ | | १ थान |
| ६. | पन्यौ स्टेनलेस स्टील/खिया नलाग्ने | - | - | १०५ | | १ थान |
| आल्मुनियमका भाँडाहरूको जम्मा तौल : | | | | ८५५ ग्राम | | १३ थान |
| स्टेनलेस स्टीलका भाँडाहरूको जम्मा तौल : | | | | १०७५ ग्राम | | |
| भाँडाहरूको सेटको जम्मा तौल : | | | | १९३० ग्राम<br>(± ३५) | | |

यदि बजारको अवस्था हेर्दा (बजार सम्म पुग्न सकिने अवस्था, बजारमा सामग्रीहरूको उपलब्धता, सेवाप्रदायकहरू, सुरक्षाको प्रत्याभुति, नगद प्राप्त गर्नका लागि लाभान्वित व्यक्तिहरूसँग साधन छन्) नगद वितरणका लागि उपयुक्त हुने देखिएमा गैरखाद्य सामग्रीहरूको मूल्य बराबरको नगद नै वितरण गर्ने विकल्प समेतमा विचार गर्न सकिन्छ। वितरणका गर्न सकिने रकमको सिमा प्रदेश तथा नेपाल सरकारको निर्देशिका तथा निर्णय अनुसार हुनेछ।

### अनुसूची ३ : स्पेसिफिकेसन सहित सिघ्र पुनर्लाभिका लागि आवास सम्बन्धि किट

| क. सं. | सामग्री | स्पेसिफकेसन | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| **क** | **निर्माणसम्बन्धि सामग्रीहरू** | | | | |
| १ | न्यूनतम २६ गेजको जस्तापाता | नेपाल आवास बिषयगत क्षेत्रको सिफारिस | बन्डल | २ | |
| २ | नाइलनको डोरी | 8mm dia; Polypropylene recycled fibers UV stabilized; minimum 3 strands; color black/blue; Packed in roll | केजी | १.५ | |
| ३ | बाँध्ने तार | Low carbon steel, galvanized binding wire; 16 gauge; Commercial type medium coated, Packed in roll; | केजी | २ | |
| ४ | छानामा ठोक्ने कीला | Iron nails, made of polished low carbon steel, cold processed, not heat treated except for galvanization; Spiral rolled or twisted shank, sealed umbrella-type spring-head Size: 75x3.6mm, attached rubber washer to each nail; head dia 22 mm thick; Packed in strong and thick plastic bag | केजी | ०.५ | |
| ५ | काठका लागि कीला | Iron nails, polished low-carbon steel; cold processed, not heat treated except for galvanization; Large type-(75x3.6) mm, head dia 7.7mm and large type-(40x2.2) mm, head dia 5.5mm; Packed in a strong and thick plastic bag | केजी | ०.५ | |
| ६ | बाँस | Treated and at least two year matured bamboo; Size: length 7 m, Circumference: 7 inch to 9 inch; Type: Mal Bas or equivalent | थान | ५ | ऐच्छिक |


## अनुसूची ४ : स्पेसिफिकेसन सहित मन्जुर गरिएका आवासका औजारहरूको किट (बढी विस्तृत स्पेसिफिकेसनका लागि हेर्नुहोस्)


नेपालको ग्रामिण जनसंख्याको ठुलो हिस्सा वा प्रतिशत जीविकोपार्जनका लागि कृषिमा आधारित भएकाले वितरण गरिएका औजारहरूको किटको प्रयोगले प्रभावित परिवारलाई सहयोग पुऱ्याउनेछ ।

| क्र. सं. | सामग्री | स्पेसिफकेसन | एकाइ | परिमाण |
|---|---|---|---|---|
| **ख** | **औजारहरूको किट (छुट्टै प्याक गरिएको) खरिदका लागि विस्तृत स्पेसिफिकेसन** | | | |
| १ | हाते करौंती (Hand saw) | Carpenter hand saw, 400-450mm blade, lacquered, overall length 550mm±50mm; Blade thickness : 1 mm, protected against oxidation; Protective cardboard, teeth protection with hard plastic cover; 7 teeth per inch; Wooden dismountable handle, polished varnish hardwood | थान | १.० |
| २ | बेल्चा (Shovel) | Pressed carbon steel, hardened and tempered; Size: (295x225) mm, hole diameter: front side 36mm, back side 40 mm; Weight : 1000 gram without handle; Handel : Length 1070 mm, Smooth polished, varnished surfaces with Dry, strong and flexible wood. | थान | १.० |
| ३ | खुर्पा (Machete) | Curved blade, 405 mm (16 inch), lacquered against oxidation, overall length 55 cm; Black smith made and locally available ; | थान | १.० |
| ४ | पेन्चिस (Combination pliers) | Heavy duty Hot-forged carbon steel, side cutting pliers known as linemen pliers or side cutter; protected against corrosion with special paint; having gripping jaws, a cutting edge and insulating handel; Size 200 mm; | थान | १.० |
| ५ | कीला उखेल्न मिल्ने हथौडा (Claw hammer) | Carpenter hammer, head and handle, hammer head with flat and claw side: High carbon steel head, treated to achieve a martens tic structure, with dressed striking faces; Weight of head: 750 grams; Handel: Smooth polished, varnished surfaces with Dry, strong and flexible wood. | ल्वए | १.० |
| ६ | गल (Crow bar) | Iron; Circular shape, smooth and sharp in one end for digging; Size : Dia 25 mm, Length 1000 mm; Weight: 4 kg | थान | १.० |
| ७ | प्लाष्टिक बोरा (Woven sack) | woven polypropylene; Size : 1300x400mm; Colour: White; All tools (1 to 7 items) should be packed in woven sack with eyelets and 4 mm dia nylon rope on top to tie | थान | १.० |

**अनुसूची ५ : आपतकालिन आवासका लागि नमुनाका रूपमा बनाइएका डिजाइनहरू** (साझेदार निकायहरूका थप सफल नमुनाहरूलाई यिनको पूरकका रूपमा समावेश गरिने)

**सुरुङको आकारको नमुना : यो नमुना विशेष गरी दक्षिणी भाग (तराई) र आर्द्र क्षेत्रहरू (humid region) का लागि सुहाउँदो हुन्छ ।**




Section At XX'

| बिल अफ क्वान्टिटीज सन् (२०१८ को जुनमा अद्यावधिक गरिएको) | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं** | **विवरण** | **एकाइ** | **दर** | **रकम (नेरु.)** | **कैफियत** |
| १ | तार्पोलिन (Tarpauline) | २ थान | २००० | ४००० | |
| २ | ज्याला | २ जना | १००० | २००० | |
| ३ | बाँस | ७ थान | ५०० | ३५०० | न्यूनतम संरचनामा आधारित |
| ४ | बाँसका लागि कीला | १ केजी | १५० | १५० | |
| ५ | डोरी | १.५ केजी | ३०० | ४५० | |
| ६ | बाँध्ने तार | २ केजी | १३० | २६० | |
| ७ | आकस्मिक (स्थानीय सामाग्री, पञ्जा आदि) | | | १००० | |
| | **जम्मा** | | | **११,३६०** | |

भूकम्प प्रभावित क्षेत्रका लागि तत्कालीन आवास


## ढुङ्ग्रे बास




१. बाँसको छोटो खम्बा, भाटा, त्रीपाल, प्लाष्टिक, डोरी जस्ता सरसामानहरुबाट केही घण्टामै १३ फिट चौडाइ भएको १३ फिट लामो घरको लागि छाना तयार पार्न सकिने ।

२. छाना तयार पारिसकेपछि भित्ता, झ्याल, ढोका सोही दिन वा केही दिनपछि पनि छ्वाली, ढोड, झिंक्रा वा खर तथा काठबाँसको प्रयोगले भित्ता, झ्याल, ढोका राख्न सकिने । झ्याल, ढोका आफ्नै भत्केको घरकै प्रयोग गर्न सकिने ।


३. ४-६ महिनासम्म हुरी, बतास, झरी तथा भूकम्पबाट सुरक्षित रहने ।





**आधारभूत आवासको प्रकारको नमुना : यस नमुनालाई सबै भौगालिक क्षेत्रहरूमा प्रयोगमा ल्याउन सकिन्छ।**




Floor Plan
Floor area=17.5sq.m




Section at XX'

| बिल अफ क्वान्टिटीज सन् (२०१८ को जुनमा अद्यावधिक गरिएको) | | | | | |
|---|---|---|---|---|---|
| **क. सं** | **विवरण** | **एकाइ** | **दर** | **रकम (नेरु.)** | **कैफियत** |
| १ | तार्पोलिन | २ थान | २००० | ४००० | |
| २ | ज्याला (अर्द्धदक्ष) | २ जना | २००० | २००० | |
| ३ | बाँस | ५ थान | ५०० | २५०० | न्यूनतम फ्रेम मात्र |
| ४ | बाँसका लागि कीला | १ केजी | १५० | १५० | |
| ५ | डोरी | १.५ केजी | ३०० | ४५० | |
| ६ | बाँध्ने तार | २ केजी | १३० | २६० | |
| ७ | आकस्मिक (स्थानीय सामाग्री, पञ्जा आदि) | | | १००० | |
| | **जम्मा** | | | **१०,३६०** | |

# अनुसूची ६ :अस्थायी आवासको प्रकारको नमुना : यस नमुनालाई सबै भौगालिक क्षेत्रहरूमा प्रयोगमा ल्याउन सकिन्छ

## आवश्यक निर्माण सामग्रीको विवरण

| विवरण | संख्या | लम्बाइ | परिमाण | इकाइ |
|---|---|---|---|---|
| ढुङ्गा | १ | ८०' | २६० | क्यु फिट |
| काठ वा बाँसका सामग्रीहरु | | | | |
| भुईबन्धन | ३ | १६' | ४८' | फिट |
| भुईबन्धन | २ | १६'३" | ३२'६" | फिट |
| बाहिरी थाम | ८ | ९' | ७२' | फिट |
| माझ थाम | ४ | १०' | ४०' | फिट |
| धुरी थाम | ४ | १०'८" | ४२'८" | फिट |
| झ्याल बन्धन | २ | ५' ४" | १०'८" | फिट |
| झ्याल बन्धन | ३ | ८'१" | २४'३' | फिट |
| झ्याल बन्धन | १ | ५'९" | ५'९" | फिट |
| झ्याल बन्धन | २ | १६'३" | ३२'६" | फिट |
| कोपु बन्धन | २ | १५'११" | ३१'१०" | फिट |
| कोपु बन्धन | ३ | १६' ३" | ४८'९" | फिट |
| छड्के तान | ४ | ८'१०" | ३५'४" | फिट |
| छड्के तान | ३ | ८' | २४' | फिट |

| विवरण | संख्या | लम्बाइ | परिमाण | इकाइ |
|---|---|---|---|---|
| ढोकासँगको छड्के तान | २ | ७१" | १४'२" | फिट |
| ढोकासँगको छड्के तान | १ | ७'७" | ७'७" | फिट |
| झ्याल मुनिको छड्के तान | ४ | ६१" | २४'४" | फिट |
| झ्याल मुनिको छड्के तान | ३ | ४'११" | १४'९" | फिट |
| धुरी | १ | १८' | १८' | फिट |
| डाँडा | ८ | ९' | ७२' | फिट |
| भित्री भाटा | १२ | १८' | २१६' | फिट |
| बाहिरी भाटा | १२ | १८' | २१६' | फिट |
| जिआइ तार | | | १० | किलो |
| कर्कट पाता (जस्ता) | | | २ | बण्डल |
| धुरी पाता | १ | | १८' | फिट |
| किला | | | १ | के.जी. |
| झ्याल | | | ७ | वटा |
| ढोका | | | ३ | वटा |

## आवश्यक औजारहरू

कोदालि
साबेल (बेल्चा)
पिक (गैंटी)
झम्पल (गल)
जि आइ तार काट्ने कैंची
प्लायर
काठ बाँस काट्ने करौंती
घन
खुर्पा वा खुकुरी
कैंची
बन्चरो
धुर्मुस

### भूकम्प (भुईंचालो) को समयमा के गर्ने ?

**दश उपयोगी सुझावहरु:**


१। भूकम्पको कम्पन थाल पाउनासाथ, सुरक्षित ठाउँमा "घुँडा टेकी, गुँडुल्की, ओत लागी समात" गर्नुहोस्।
२। सिनेमाहल, मल, डिपार्टमेण्टल स्टोर वा प्रदर्शनी हल जस्ता ठाउँमा हुनुहुन्छ भने त्यहाँका सुरक्षाकर्मी अथवा कर्मचारीले भने बमोजिम गर्नुहोस्।
३। यदि भुईंतलाको मूल ढोका नजिकै हुनुहुन्छ भने, छोटो र सुरक्षित निकास मार्ग प्रयोग गरी बाहिर निस्कनुहोस् तर साँघुरो गल्लीमा खतरा हुन सक्छ।
४। घरबाहिर हुँदा टाउकोलाई सुरक्षित राख्नुहोस् र जोखिमयुक्त वस्तुबाट बच्नुहोस्।
५। सवारी साधन चलाउँदै हुनुहुन्छ भने बायाँतर्फ मोडी पार्क गर्नुहोस्। निर्माणाधीन क्षेत्र, अग्ला भवन, अग्ला रुख, पुल आदि छल्नुहोस्।
६। पहिरो जाने तथा ढुङ्गा वा चट्टान खस्न सक्ने क्षेत्रमा सावधान रहनुहोस्।
७। नआत्तिनुहोस् र कुनै पनि असुरक्षित व्यवहार (ठेलमठेल, झ्यालबाट हाम्फाल्ने आदि) नगर्नुहोस्।
८। बाहिर निस्कनु अघि यथासम्भव आगोका स्रोतहरु (ग्यास चुलो, अगेनो, हीटर आदि) बन्द गर्नुहोस्।
९। कम्पन रोकिएपछि मात्र झटपट झोला लिएर बाहिर निस्कनुहोस्।
१०। हल्लाको पछि नलाग्नुहोस्। सही र भरपर्दो सूचना प्राप्त भएपछि मात्र सुरक्षित स्थानतर्फ लाग्नुहोस्।

नेपाल सरकार
शहरी विकास मन्त्रालय

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट)

## भूकम्प प्रभावित क्षेत्रका लागि अस्थायी आवास

# दुईनाले घर






### दुईनाले घरका विशेषताहरु

१) भत्केको घरबाट निकाल्न सकिने सामानहरु सकेसम्म धेरै मात्रामा प्रयोग गर्ने गरी नयाँ सामग्री सकेसम्म थोरै किनेर बाँस/काठ/पाइपको फ्रेममा टाटीको भित्ता र छानाको लागि राहत अनुदानबाट प्राप्त हुने दुई बण्डल जस्ताले बनाउन सकिने।

२) घरधनी आफैंले केही कामदारको सहायतामा पाँच दिन भित्रै बनाउन सकिने।

३) हाम्रै देशका अनुभवी प्राविधिकहरुले धेरै सोच विचार गरेर नेपालको हावापानी र गाउँघरको रहनसहनसँग मिल्ने गरी डिजाइन गरिएका यस्ता घर दुइवर्षसम्म झरी, हुरीबतास र भूकम्पबाट सुरक्षित हुने।



### अनुसूची ७ : आवास सदस्यहरुको प्रतिकार्यको अभिलेख 4W Matrix को खाका

| | WHERE | | | WHO | | | WHAT | | | | | | | | | WHEN | | REPORTING FOCAL POINT | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SN | District | Palika | Ward | Partner Organisation | Implementing Partner | Funding Organisation | Activity Type | Activity Sub-Type | Activity Name | Activity Detail | Units | Funding Status | Activity Status | Total Planned | Total Reached | Activity Start Date | Activity End Date | Contact Name | Contact Number | E-mail | Comments |

### अनुसुची ८ : आवास तथा बस्तीको लेखाजोखासम्बन्धी चेकलिष्ट

**१. लेखाजोखा तथा समन्वय**

- के सान्दर्भिक अधिकारी तथा मानवीय निकायहरूद्वारा मन्जुर गरिएको समन्वयको संयन्त्रको स्थापना गरिएको छ ?
- प्रभावित जनसंख्याका बारेमा आधाररेखा (baseline) सम्बन्धी कस्ता तथ्याङक् उपलब्ध छन ?
- थाहा भएका प्रकोप कुन हुन् र आवास तथा बस्तीसम्बन्धी जोखिम र सङ्कटासन्नता के छन् ?
- के प्रतिकार्यका सम्बन्धमा सुसूचित हुनु का लागि आकस्मिक योजना (contingency plan) छ ?
- प्रारम्भिक लेखाजोखाका लागि कुन जानकारी पहिले नै उपलब्ध छ ?
- के अन्तर्निकाय र/अथवा बहुपक्षीय लेखाजोखाका लागि योजना तर्जुमा गरिएको छ र के यसमा आवास, बस्ती र घरायसी सामग्री समावेश गरिएका छन् ?

**२. जनसाङ्ख्यिक विवरण**

- एक सरदर घर-परिवारमा सामान्यतया कति मानिसहरू छन् ?
- कति प्रभावित मानिसहरू फरक-फरक प्रकारका घर-परिवारमा बसिरहेका छन् ? आफन्त साथमा नभएका बाल-बालिकाहरू, सरदर आकारको नभएका घर-परिवारहरू अथवा अन्यजस्ता पारिवारिक सम्बन्धहरूभन्दा बाहिर बस्ने समूहहरूका बारेमा विचार गर्नुहोस् । खास परिस्थितिहरूमा उपयुक्त भएबमोजिम त्यस्ता मानिसहरूलाई लिङ्ग, उमेर, अपाङ्गता तथा जातीयता, भाषिक अथवा धार्मिक आबद्धताका आधारमा छुट्याउनुहोस् ।
- कति घर-परिवारहरूसँग पर्याप्त आवास छैन र यी घर-परिवारहरू कहाँ छन् ?
- लिङ्ग, उमेर तथा अपाङ्गताका आधारमा छुट्याइएका, व्यक्तिगत घर-परिवारका सदस्यहरू नभएका कति मानिसहरूसँग आवास छैन अथवा आवास अपर्याप्त छ र तिनीहरू कहाँ छन् ?
- पर्याप्त आवासको अभाव भएका कति प्रभावित घर-परिवारहरू विस्थापित भएका छन् र तीमध्ये कतिलाई पहिलेकै घर भएको स्थानमा सहयोग गर्न सकिन्छ ?
- पर्याप्त आवासको अभाव भएका कति प्रभावित घर-परिवारहरू विस्थापित भएका छन् र तिनलाई आतिथ्य प्रदान गर्ने परिवारहरूमा अथवा अस्थायी बस्तीहरूमा आवाससम्बन्धी सहयोग आवश्यक हुनेछ ?
- लिङ्ग तथा उमेरका आधारमा छुट्याइएका कति मानिसहरूको पहुँच विद्यालय, स्वास्थ्यसेवा तथा सामुदायिक केन्द्रहरूजस्ता सामुदायिक सुविधाहरूमा छैन ?

**३. जोखिम**

- पर्याप्त आवासको अभावको फलस्वरूप जीवन, स्वास्थ्य तथा सुरक्षामा पर्ने तत्कालीन जोखिम के हुन् र कति मानिसहरू यस्तो जोखिममा छन् ?
- पर्याप्त आवासको अभावको फलस्वरूप मानिसहरूको जीवन, स्वास्थ्य तथा सुरक्षामा पर्ने तत्कालीन कम जोखिम के हुन् ?
- भोगचलनका प्रणाली, व्यवस्था तथा अभ्यासहरूले सङ्कटासन्न तथा सीमान्तीकृत जनसङ्ख्याहरूका लागि भोगचलनको सुर क्षामाथि कसरी असर गर्दछन् ?
- पर्याप्त आवासको अभावको कारणबाट महिला, बाल-बालिका, आफन्त साथमा नभएका नाबालिग, अपाङ्गता अथवा दीर्घरोग

भएका व्यक्तिलगायत सङ्कटासन्न व्यक्तिहरूका लागि खास जोखिमहरू कुन छन् र किन ?

- विस्थापित मानिसहरूको उपस्थितिबाट आतिथ्य प्रदान गर्ने कुनै पनि जनसङ्ख्यामाथि के प्रभाव परेको छ ?
- प्रभावित जनसङ्ख्याभित्रका विभिन्न समूहहरू अथवा दुई समूहका बीचमा, खास गरी महिला तथा केटीहरूका लागि द्वन्द्व अथवा भेदभावका सम्भावित जोखिम के छन् ?

## ४. स्रोत तथा अवरोध

- आवाससम्बन्धी आफ्ना केही अथवा सबै जरुरी आवश्यकता पूरा गर्नका लागि प्रभावित मानिसहरूसँग उपलब्ध सामग्री, आर्थिक तथा मानवीय स्रोत के छन् ?
- जमिनको उपलब्धता, स्वामित्व तथा प्रयोगका सम्बन्धमा त्यस्ता कुन सवालहरू विद्यमान छन् जुन सवालहरूले आवश्यक परेको अवस्थामा अस्थायी सामुदायिक बस्तीलगायत आवाससम्बन्धी जरुरी आवश्यकताहरू पूरा गर्नका निमित्त मानिसहरूको क्षमतामाथि असर गर्दछन् ?
- आफ्नै घर अथवा नजिकैको जमिनभित्र विस्थापित जनसमुदायहरूलाई बसोबास गराउने कार्यमा आतिथ्य प्रदान गर्न सक्ने सम्भावित जनसमुदायहरूले सामना गरिरहेका सवालहरू के हुन् ?
- विस्थापित जनसमुदायहरूलाई अस्थायी रूपमा बसोबास गराउनका लागि विद्यमान, उपलब्ध तथा प्रभाव नपरेका भवन अथवा संरचनाहरूको उपयोगमाथि असर पार्ने कस्ता अवसर तथा अवरोधहरू छन् ?
- भौगोलिक अवस्थिति (topographical) तथा वातावरणसम्बन्धी अन्य अवरोधहरूलाई ध्यानमा राख्दै अस्थायी बस्ती बसाल्नका लागि के पहुँचयोग्य र खाली जमिन सुहाउँदो छ ?
- कुन नियमनकारी आवश्यकता तथा अवरोधहरूले आवासका समाधान तर्जुमा गर्ने कार्यमाथि असर गर्न सक्दछन् ?

## ५. सामग्री, डिजाइन तथा निर्माण

- प्रभावित मानिसहरू, प्रभावित जनसङ्ख्या अथवा अन्य क्रियाशील निकायहरूद्वारा आवाससम्बन्धी प्रारम्भिक कस्ता समाधान अथवा सामग्रीहरू उपलब्ध गराइएका छन् ?
- आवासहरूको पुनर्निर्माणमा प्रयोग गर्नका लागि क्षतिग्रस्त स्थलबाट विद्यमान कस्ता सामग्रीहरू निकाल्न सकिन्छ ?
- प्रभावित जनसमुदायका भवन निर्माणसम्बन्धी विशिष्ट प्रचलनहरू के छन् र संरचनागत ढाँचा तथा छाना एवं बाहिरी गारो निर्माणका लागि तिनले कुन सामग्रीहरूको प्रयोग गर्दछन् ?
- डिजाइन अथवा सामग्रीहरूका लागि कस्ता वैकल्पिक समाधानहरू प्रभावित मानिसहरूका लागि सम्भावित रूपमा उपलब्ध र परिचित अथवा स्वीकार्य छन् ?
- डिजाइनका कस्ता विशेषताहरूले प्रभावित सम्पूर्ण मानिसहरूद्वारा आवाससम्बन्धी समाधानमा सुरक्षित तथा तयारी अवस्थामा पहुँच तथा प्रयोग सुनिश्चित गर्नेछन् ?
- पहिचान गरिएका आवाससम्बन्धी समाधानहरूले भावी जोखिम तथा सङ्कटासन्नतालाई कसरी कम गर्दछन् ?
- आवासहरूको निर्माण विशेष रूपमा कसरी हुन्छ र कसद्वारा गरिन्छ ?
- निर्माण सामग्रीहरू विशेष रूपमा कसरी र कसद्वारा प्राप्त गरिन्छन् ?
- महिला, युवा-युवती, अपाङ्गता भएका व्यक्ति तथा वृद्ध-वृद्धाहरूलाई आफ्नो आवास निर्माण गर्नका लागि सहभागी हुन कसरी प्रशिक्षित पार्न अथवा सहयोग गर्न सकिन्छ र यसमा के अवरोधहरू छन् ?
- आफ्ना आवासहरूको निर्माण गर्ने क्षमता अथवा अवसरको अभाव भएका व्यक्ति अथवा घर-परिवारहरूलाई मद्दत गर्नका लागि के थप सहयोग आवश्यक हुनेछ ? यसका उदाहरणहरूमा स्वैच्छिक अथवा करारमा लिइएका कामदारहरू अथवा प्राविधिक सहयोग पर्दछन् ।

## ६. घर-परिवार तथा जीविकोपार्जनसम्बन्धी गतिविधिहरू

- प्रभावित जनसमुदायको आवासमा अथवा सोको नजिकै विशेष रूपमा घरायसी तथा जीविकोपार्जनमा सहयोग पुऱ्याउने कस्ता गतिविधिहरू हुन्छन् र यिनको फलस्वरूप गरिएको ठाउँको प्रावधान तथा डिजाइनमा यी गतिविधिहरू कसरी प्रतिबिम्बित भएका छन् ?
- सामग्रीहरू उपलब्ध गराएर र आवास तथा बस्तीसम्बन्धी समाधानको निर्माण कार्यको माध्यमबाट जीविकोपार्जनसम्बन्धी कानुनी तथा वातावरणका दृष्टिबाट कस्ता अवसरहरू उपलब्ध गराउन सकिन्छ ?

### ७. अत्यावश्यक सेवा तथा सामुदायिक सुविधा

- पिउन तथा व्यक्तिगत सरसफाइका लागि पानीको हाल उपलब्धता कस्तो छ र सरसफाइसम्बन्धी पूर्वानुमान गरिएका आवश्यकताहरू पूरा गर्नका लागि कस्ता सम्भावना र अवरोधहरू छन् ?
- सामाजिक सुविधाहरू (स्वास्थ्य क्लिनिक, विद्यालय, पूजा स्थल आदि) को विद्यमान प्रावधान कस्तो छ र यी सुविधाहरूमा पहुँच गर्ने कार्यमा कस्ता अवरोध तथा अवसरहरू छन् ?
- यदि सामुदायिक भवनहरू, खास गरी विस्थापित मानिसहरूद्वारा सामुदायिक भवनहरूको, खास गरी विद्यालयहरूको प्रयोग गरिएको छ भने अपेक्षित प्रयोगका लागि ती भवनहरू फिर्ता गर्ने प्रक्रिया र समय सीमा के छन ?

### ८. आतिथ्य प्रदान गर्ने जनसङ्ख्या तथा वातावरणमाथि प्रभाव

- आतिथ्य प्रदान गर्ने जनसङ्ख्याका सरोकार भएका सवालहरू के हुन् ?
- विस्थापित मानिसहरूलाई आतिथ्य प्रदान गर्ने जनसङ्ख्याभित्र अथवा अस्थायी बस्तीहरूभित्र बसोबास गराउने व्यवस्थासँग सम्बन्धित सङ्गठनात्मक तथा भौतिक अवरोधहरू के हुन् ?
- निर्माण सामग्रीहरू स्थानीय स्रोतबाट प्राप्त गर्ने विषयमा वातावरणसम्बन्धी स्थानीय सरोकारहरू के हुन् ?
- अन्य आवश्यकताहरूका साथसाथै इन्धन, सरसफाइ, फोहोरमैला तह लगाउने कार्य तथा जनावरहरूको चरिचरणका लागि विस्थापित मानिसहरूका आवश्यकतासम्बन्धी वातावरणीय सरोकारहरू के हुन् ?

### ९. घरायसी सामग्रीसम्बन्धी आवश्यकता

- प्रभावित मानिसहरूका लागि आवश्यक पर्ने महत्वपूर्ण गैर-खाद्य सामग्रीहरू के हुन् ?
- के कुनै आवश्यक गैर-खाद्य सामग्री स्थानीय रूपमा प्राप्त गर्न सकिन्छ ?
- के नगद अथवा भौचरको प्रयोग सम्भव छ ?
- आवासमा सहयोग पुऱ्याउने सामग्रीहरूको प्रावधानका लागि पूरकको रूपमा के प्राविधिक सहयोग आवश्यक हुनेछ ?

### १०. लुगाफाटो र बिछ्यौना

- महिला, पुरुष, बाल-बालिका तथा शिशु, गर्भवती तथा दूध खुवाउने महिला, अपाङ्गता भएका व्यक्तिहरू एवं वृद्ध-वृद्धाहरूद्वारा विशेष रूपमा कुन प्रकारका लुगाफाटो, कम्बल र बिछ्यौना प्रयोग गरिएका छन् ? के यसमा विशेष सामाजिक तथा सांस्कृतिक रूपमा ध्यान दिनुपर्ने बुँदाहरू छन् ?
- हावापानीका नकारात्मक असरहरूबाट संरक्षण उपलब्ध गराउनका लागि र स्वास्थ्य, मर्यादा तथा कल्याण कायम गर्नका लागि सबै उमेरका कति जना महिला तथा पुरुष, बाल-बालिका तथा शिशुसँग अपर्याप्त अथवा अपुग लुगाफाटो, कम्बल अथवा बिछ्यौना छन् ?
- यदि प्रभावित मानिसहरूका पर्याप्त लुगाफाटो, कम्बल अथवा बिछ्यौनासम्बन्धी आवश्यकताहरू पूरा गरिएका छैनन् भने ती मानिसहरूको जीवन, स्वास्थ्य र व्यक्तिगत सुरक्षामा कस्ता सम्भावित जोखिमहरू छन् ?
- कीट नियन्त्रणसम्बन्धी कस्ता उपायहरू, खास गरी झुलको प्रावधान, घर-परिवारहरूको स्वास्थ्तथा कल्याण सुनिश्चित गर्नका लागि आवश्यक छन् ?

### ११. पकाउने र खाने, चुलो तथा इन्धन

- सङ्कटभन्दा पहिले खास घर-परिवारको पहुँच खाना पकाउने र खाना खाने कस्ता भाँडाहरूमा थियो ?
- खाना पकाउन र खाना खानका लागि पर्याप्त भाँडाहरूमा कति घर-परिवारको पहुँच छैन ?
- सङ्कटभन्दा पहिले प्रभावित मानिसहरू खास गरी कसरी खाना पकाउँथे, बस्ने ठाउँ कसरी न्यानो पार्दथे र खाना कहाँ पकाइन्थ्यो ?
- सङ्कटभन्दा पहिले खाना पकाउन र कोठा न्यानो पार्नका लागि कुन इन्धन प्रयोग गरिन्थ्यो र यो कहाँबाट प्राप्त गरिन्थ्यो ?
- खाना पकाउन र घर न्यानो पार्नका लागि कति घर-परिवारको पहुँच चुलामा छैन र किन ?
- खाना पकाउन र कोठा न्यानो पार्नका लागि इन्धनको पर्याप्त आपूर्तिमा कति घर-परिवारको पहुँच छैन ?
- सङ्कटबाट प्रभावित र छिमेकी जनसङ्ख्याका लागि इन्धनको पर्याप्त आपूर्ति गर्ने अवसर तथा अवरोधहरू (खास गरी वातावरणसम्बन्धी सरोकारहरूका विषयमा) के छन् ?
- प्रभावित मानिसहरूमाथि र खास गरी सबै उमेरका महिलाहरूमाथि, इन्धनको पर्याप्त आपूर्ति प्राप्त गर्ने कुराको प्रभाव के छ ?
- पकाउने र खाने विषयका सम्बन्धमा ध्यान दिनुपर्ने के सांस्कृतिक सवालहरू छन् ?

## १२. औजार तथा उपकरण

- आवासको मर्मत, निर्माण अथवा सम्भार गर्नका लागि घर-परिवारहरूका निमित्त कुन आधारभूत औजारहरू उपलब्ध छन् ?
- जीविकोपार्जनमा सहयोग पुऱ्याउने कुन गतिविधिहरूले निर्माण, सम्भार र भग्नावशेष हटाउनका लागि प्रयोग गरिने आधारभूत औजारहरूलाई उपयोगमा ल्याउन सक्दछन् ?
- औजारहरूको सुरक्षित प्रयोग गर्नका लागि सक्षम पार्नका निमित्त कस्ता प्रशिक्षण अथवा चेतना अभिवृद्धिका गतिविधिहरूले सक्षम पार्दछन ?

प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल